शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २९ अंक १२१ | ५ असार २०७८ शनिबार ज्येष्ठ शुक्लपक्ष नवमी | नेपाल संवत् ११४१ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, June 19, 2021 | पृष्ठ ८ | १० रुपैयाँ

हेलम्बुमा सडक न सञ्चार

मेलम्ची बाढीले सयभन्दा बढी घर डुबानमा परेको हेलम्बु पुग्न बाटो र पुल छैन, राहत पनि मेलम्चीमै रोकियो

बाढीले उजाड पारेको सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाको मुख्य बजार क्षेत्र, जहाँ तटीय क्षेत्रका घरहरू हिलोले आधा-आधासम्म पुरिएका छन् । हेलम्बुलाई मेलम्ची बजारसँग जोड्ने करिब ८ किलोमिटर सडक बाढीले तहसनहस पारेको छ । *तस्बिर : अनिश तिवारी/कान्तिपुर*

अनिश तिवारी (हेलम्बु, सिन्धुपाल्चोक)

अविरल वर्षासँगै आएको मेलम्ची बाढीले हेलम्बु गाउँपालिकाका चार गाउँको अस्तित्व नै मेटाएको छ । चिउरेखर्क, चालिसे, तल्लो तिम्बु बजार र गणेश बगरको बस्ती मेलम्चीले बगाएको हो । गाउँ भएको ठाउँ बगरमा परिणत भएको छ । नदीमा पानीको सतह बढेपछि सतर्क भएका गाउँलेले मंगलबारको रात घर छाड्दा धेरैको ज्यान जोगियो । उक्त रात भाग्न नसकेर बेपत्ता केही मत्स्य फार्म सञ्चालक र स्थानीयसहित १४ जनाको अवस्था शुक्रबारसम्म केही खुलेको छैन ।

सिन्धुपाल्चोक सरदमुकाम चौताराबाट करिब ४० किलोमिटर पश्चिमको हेलम्बु बाढीपछि सडक र सञ्चार सम्बन्धविच्छेदको अवस्थामा छ । बाढीले ठाउँठाउँमा

- बाढीपहिरो एकातिर, योजना अर्कैतिर
- पहिरोले ५१, बाढीले २४ जिल्ला जोखिममा

पृष्ठ ३

सडक, पुल, बिजुली र फोनका पोल बगाएको छ । पर्यटकीय गाउँ हेलम्बु यतिबेला उजाड बगर बनेको छ । बाढीपीडितका लागि टेन्ट र खाद्यान्नको जोहो गर्दै रहेका हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन शेर्पाले भने, 'यहाँ बिजुली, फोन छैन । मोबाइलको नेटवर्क पनि छैन । सडक पनि बाढीले लगेकाले हामीलाई साह्रै सकस भएको छ ।' बाढीले यहाँका अनुमानित सय घर बगाएको उनले बताए । ६ सयभन्दा बढी परिवार घरबारविहीन भएका छन् । 'यस्तो विपद्का बेला यहाँ कोही आउँदैनन्,' उनले गुनासो गरे, 'यताउति विपद्को बैठक पनि मेलम्चीमै बस्छन्, हामीलाई कसले हेर्ने ?' मेलम्चीको मुहानस्थलबाट एक्कासि उर्लिएर आएको बाढीले हेलम्बुका पुराना चार गाउँका सबै संरचना बगाएको हो । झन्डै १८ हजार जनसंख्या भएको हेलम्बुको तालामाराङ, चनौटे, किउल, तिम्बुका बजारभर बाढीले बालुवा ल्याएर थुपारेको छ । 'विस्थापितका लागि बास र गाँसको व्यवस्थापन गरिरहेका छौं । साँखु, मेलचौर हुँदै कुटुम्साङ हेलम्बु जोड्ने वैकल्पिक बाटोका लागि प्रयासरत छौं,' अध्यक्ष शेर्पाले भने । **बाँकी पृष्ठ ३**

स्विस बैंकमा नेपालीको पैसा वर्षमै दोब्बर



कृष्ण आचार्य (काठमाडौं)

गम्भीर अपराध तथा गैरकानुनी कार्यबाट आर्जित रकम बचत गरिदिने र उच्चस्तरीय गोपनीयता राख्ने स्विस बैंकमा नेपालीको मौज्दात रकम बढेको छ । स्विस नेसनल बैंकले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार स्विट्जरल्यान्डका बैंकमा सन् २०१९ को तुलनामा २०२० मा नेपालीको बचत दोब्बर भएको छ ।

नेपालीको बचत सन् २०१९ सम्ममा १७ करोड ५८ लाख ६५ हजार २ सय ४१ स्विस फ्रचांक (हालको विनिमय दरअनुसार २२ अर्ब ७३ करोड ४० लाख ९९ हजार ८ सय १० रुपैयाँ) थियो । सन् २०२० मा बचत ३६ करोड ८ लाख २२ हजार ५ सय ५१ स्विस फ्रचांक (हालको विनिमय दरअनुसार ४६ अर्ब ६४ करोड ३५ लाख ३१ हजार २ सय ५१ रुपैयाँ) पुगेको छ । यो बचत कसको र कति जना नेपालीको हो भन्नेबारे स्विस बैंकले सार्वजनिक गर्दैनन् । स्विस बैंकले बचतकर्तालाई उच्चस्तरको गोपनीयता कायम गरिदिन्छन् र कमस्तरको वित्तीय जोखिमको व्यवस्था गरेका छन् । गम्भीर प्रकारका अपराध, करछली, भ्रष्टाचार, मानव तथा हतियार बेचबिखनलगायत गैरकानुनी कार्यबाट

> नेपालीको स्विस बैंकमा मौज्दात र विदेशमा लगानीको विवरणले हाम्रो आर्थिक नीति उल्लंघन भएको पुष्टि गर्छ
>
> **– शान्तराज सुवेदी**
> पूर्वअर्थ सचिव

आर्जित रकम राखिदिने गरेको आरोप स्विस बैंकमाथि छ । नेपालीको बचत सन् २०१७ पछि लगातार दुई वर्ष घटेको थियो । स्विस नेसनल बैंकले सार्वजनिक गरेको विवरणअनुसार सन् २०१७ सम्म नेपालीको बचत ४१ अर्ब ७३ करोड ९२ लाख २३ हजार २०५ रुपैयाँ (हालको विनिमय दर अनुसार) थियो । २०१८ मा ३२ अर्ब १६ करोड ५ लाख ८७ हजार ८ सय ४८ रुपैयाँमा झऱ्यो । २०१९ मा अझ घटेर २२ अर्ब ७३ करोड ४० लाख ९९ हजार ८ सय १० रुपैयाँमा पुग्यो । २०२० मा भने दोब्बर भएको हो । यो रकम ब्याजसहितको हो ।

स्विस नेसनल बैंकले नेपालसहित विश्वभरका नागरिकको के कति मौज्दात छ भनेर सन् १९९६ (वि.सं. २०५२) देखिको विवरण सार्वजनिक गरेको छ । द्वन्द्व सुरु भएकै वर्ष १९९६ देखि २०२० सम्म नेपालीले ६६ अर्ब १९ करोड २६ लाख रुपैयाँ (हालको विनिमय दर अनुसार) जम्मा गरिसकेको देखिन्छ । तर हालको मौज्दात त्यति नहुनुले नेपालीले बचत राख्ने र झिक्ने गरिरहेको देखाउँछ ।

स्विस बैकमा बचत गर्दा आयस्रोत खोजिँदैन र बचतकर्ताको विवरण गोप्य रहन्छ । त्यसैले स्विस बैंकलाई गैरकानुनी आर्जन राख्न सुरक्षित भनेर विश्वभर नै चिनिन्छ । **बाँकी पृष्ठ २**

ढुंगा, गिट्टी र बालुवा निकासी नगर्न अन्तरिम आदेश

अब्दुल्लाह मियाँ (काठमाडौं)

सर्वोच्च अदालतले व्यापार घाटा न्यूनीकरणका लागि खानीजन्य ढुंगा, गिट्टी, बालुवा निकासी गर्नेसम्बन्धी बजेट वक्तव्यको १९९ नम्बर बुँदा कार्यान्वयन नगर्न सरकारलाई अन्तरिम आदेश दिएको छ । बजेट वक्तव्यको १९९ नम्बर बुँदा खारेजीको माग गर्दै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ताहरू शैलेन्द्रप्रसाद अम्बेडकर र मोहना अन्सारीलगायतले अलग-अलग दायर गरेका सातवटा रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले शुक्रबार

> आधार र कारण पेस गर्न सरकारलाई एक साता समय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका नाममा आदेश जारी गरेको हो ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा नेतृत्वमा न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र विश्वम्भरप्रसाद श्रेष्ठ रहेको संवैधानिक इजलासले सुविधा सन्तुलनका दृष्टिले अहिले नै बजेट वक्तव्यको १९९ नम्बर बुँदा कार्यान्वयन गर्नु उपयुक्त नभएको ठहर गर्दै आधार र कारण भए एक साताभित्र पेस गर्न सरकारलाई भनेको छ । सर्वोच्चले 'दूरगामी असर पार्ने प्राकृतिक स्रोतसाधन जस्तो दीर्घकालीन महत्त्वको विषयमा अध्यादेशबाट उक्त कार्य गरिँदा विधायिकाको अधिकार र प्रभावकारितामा समेत हस्तक्षेप हुने' भनेको छ । ढुंगा, गिट्टी, बालुवाजस्तो प्राकृतिक स्रोतसाधन उत्खनन गरी निकासी गर्ने कार्यबाट राष्ट्रको प्राकृतिक स्रोत, वातावरणीय प्रभाव, वन्यजन्तु, पशुपन्छी, वनस्पतिसमेतका जैविक विविधतामा असर पुगी दूरगामी असर पार्ने र उक्त प्राकृतिक स्रोतसाधनमा स्थानीय सार्वभौम अधिकारजस्तो आत्मनिर्णयको अधिकार हुने आदेशमा भनिएको छ । सर्वोच्चले 'राष्ट्रको प्राकृतिक स्रोतको उपयोगमा अन्तरपुस्ता समन्वय र वातावरणीय अनुकूलतालाई महत्त्वका साथ हेरिनुपर्ने' उल्लेख गरेको छ ।

प्रतिनिधिसभा जेठ ८ मै विघटन गरिएपछि सरकारले जेठ १५ गते राष्ट्रपतिबाट अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक अध्यादेश प्रमाणीकरण गराई त्यसै दिन आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेको थियो । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गरेको बजेट वक्तव्यको १९९ नम्बर बुँदामा 'वातावरणीय प्रभाव मूल्यांकनका आधारमा खानीजन्य ढुंगा, गिट्टी, बालुवा निकासी गरी व्यापार घाटा न्यूनीकरण गरिने र खानीजन्य निर्माण सामग्रीको परिवहनका लागि उद्योगदेखि निकासी गर्ने बिन्दुसम्म रोप-वे निर्माण गर्न आयातमा लाग्ने भन्सार महसुलमा छुट दिने' उल्लेख छ । **बाँकी पृष्ठ २**



कर्णाली एमालेमा फेरि किचलो

● एमाले संसदीय दलद्वारा ३ मन्त्रीलाई सरकार छाड्न निर्देशन ● मन्त्री भन्छन्, 'फिर्ता हुँदैनौं'

कलेन्द्र सेजुवाल (सुर्खेत)

सर्वोच्च अदालतले पदमुक्त भएका तीन सांसदलाई पदमै रहन अन्तरिम आदेश दिएपछि नेकपा एमाले कर्णाली प्रदेशसभा संसदीय दलमा फेरि किचलो सुरु भएको छ। पदमुक्तपछि सरकारमा सहभागी सांसदलाई शुक्रबार संसदीय दलले सरकारबाट फिर्ता हुन निर्देशन दिएपछि नयाँ विवाद सिर्जना भएको हो।

संसदीय दलको निर्देशनविपरीत मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई विश्वासको मत दिएपछि एमालेले प्रकाश ज्वाला, नन्दसिंह बुढा, अम्मरबहादुर थापा र कुर्मराज शाहीलाई पार्टीको साधारण सदस्यका साथै सांसदबाट हटाएको थियो। पदमुक्त गरेकै दिन वैशाख ४ गते ज्वालाबाहेक तीन जना कर्णाली सरकारमा मन्त्री नियुक्त भएका थिए। जेठ २७ गते सर्वोच्चले चारै जना सांसदलाई पदमै रहन अन्तरिम आदेश गरेपछि विवादले नयाँ रूप लिएको हो।

सर्वोच्चको आदेशपछि एमालेले चारै जनालाई संसदीय दलको बैठकमा बोलाएको थियो। एमालेको मागबमोजिम प्रदेशसभा सचिवालयले समेत संसद्मा प्रतिपक्षी लहरमा कुर्सी व्यवस्था गरेको छ। यद्यपि ज्वालाबाहेक तीन जना संसदीय दलको बैठक र संसद्मा गएका छैनन्। 'सर्वोच्चको आदेशअनुसार हामीले उहाँहरूलाई दुईपटक दलको बैठकमा बोलायौं तर आउनुभएन,' एमाले संसदीय दलका प्रमुख सचेतक गुलाबजंग शाहले भने, 'त्यसैले आज (शुक्रबार) को बैठकले तत्काल सरकारबाट फिर्ता हुन निर्देशन दिएको छ।' हिजो कारबाहीमा परी सांसदबाट पदमुक्त भएको अवस्थामा सरकारमा सहभागी हुनुलाई सामान्य मानिए पनि अहिले दलको निर्णयबिना सरकारमा सहभागी हुने वैधानिक आधार नरहेको उनले बताए।

मन्त्रीहरू भने सर्वोच्चले एमालेको दसौं महाधिवेशन आयोजक समितिलाई मान्यता नदिएको अवस्थामा आफूहरूलाई कारबाही र फिर्ताको निर्देशन दिने अधिकार केन्द्रमा अध्यक्ष केपी ओली र कर्णालीमा संसदीय दलका नेता यामलाल कँडेललाई नभएको बताउँछन्। मन्त्री थापाले नवौं महाधिवेशनबाट निर्वाचित भई कर्णाली प्रदेश इन्चार्जको जिम्मेवारीमा रहेका 'उपाध्यक्ष' युवराज ज्ञवालीको निर्देशन भएमा मात्र सरकारबाट बाहिरिने बताए। 'कर्णाली सरकारमा एमाले सुरुदेखि नै सहभागी थियो, फिर्ता हुने निर्णय भएकै छैन,' उनले भने, 'वैशाख ४ गते त हामी मन्त्रिपरिषद् पुनर्गठन भएपछि मात्र सहभागी भएका हौं।' एमाले अहिले पनि कर्णाली सरकारमा वैधानिक रूपमै सहभागी रहेको उनले बताए।

मन्त्री बुढाले पनि संसद् बैठकमा सत्तापक्षकै रूपमा सहभागी हुने बताए। 'संसदीय दलले त हामीलाई पहिल्यै बोलाएको थियो तर हामी जाने कुरा भएन,' उनले भने, 'सर्वोच्चले एमालेको निर्णयमाथि प्रश्न उठाइसकेपछि हामी सत्तापक्षकै रूपमा संसद्मा जान्छौं।'

एमाले विवादले संसद् प्रभावित

जेठ २४ गते सुरु भएको कर्णाली प्रदेशसभाको आठौं अधिवेशनका बैठकहरू एमालेभित्रको विवादका कारण अवरुद्ध हुँदै आएका छन्। आठौं अधिवेशनका १२ मध्ये ८ बैठक स्थगित र अवरुद्ध भएको संसद् सचिवालयले जनाएको छ।

अधिवेशन सुरु भएकै दिन एमालेले आफूले सांसदबाट हटाएका थापालाई मन्त्रीबाट पदमुक्त गर्न माग गर्दै संसद् अवरुद्ध गऱ्यो। २०५७ सालमा किर्ते जालसाजी मुद्दामा दोषी ठहर भएको भन्दै उनलाई पदमुक्त गर्न माग गरेको थियो। नीति तथा कार्यक्रमलाई मध्यनजर गर्दै थापालाई संसद् बैठकमा सहभागी नगराउने सर्तमा बैठक चल्न दिने सहमति भए पनि सर्वोच्चको जेठ २७ को आदेशले फेरि नयाँ मोड दियो।

पहिले संसद्मा निषेधको माग गरेको एमालेले पुनर्बहालीपछि चारै जना सांसदलाई आफ्नो (प्रतिपक्षीको) लहरमा बस्नुपर्ने नयाँ माग तेर्स्यायो। मागअनुसार प्रदेशसभा सचिवालयले मन्त्रीलाई समेत प्रतिपक्षीको कुर्सी व्यवस्था गऱ्यो तर मन्त्रीहरूले सत्तापक्षको कुर्सीमा बस्ने अडान राखेपछि पुनः बैठक अवरुद्ध गऱ्यो। एमालेको मागबमोजिम सरकारले तीन जना मन्त्रीलाई नीति तथा कार्यक्रमको मतदान र बजेट प्रस्तुत हुने बैठकमा उपस्थित गराएन। शुक्रबार बजेटमाथि छलफल हुने कार्यक्रम तय भए पनि यही किचलोले बैठक स्थगित भएको छ। संसद् सचिवालयले सूचना प्रकाशित गरी आइतबार बैठक हुने जनाएको छ।

गण्डकीका मुख्यमन्त्रीलाई विश्वासको मत

कास्की (कास)- गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशसभामा शुक्रबार विश्वासको मत पाएका छन्। उनले कांग्रेस, माओवादी केन्द्र, राष्ट्रिय जनमोर्चा, जनता समाजवादी पार्टी र स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) को गरी ३१ मत पाए। विश्वासको प्रस्तावको विपक्षमा एमालेका २७ सांसदको मत पऱ्यो।

पोखरेल एक स्वतन्त्र र चार दलको गठबन्धनबाट जेठ २९ मा संविधानको धारा १६८ को उपधारा ५ बमोजिम मुख्यमन्त्रीमा नियुक्त भएका थिए। नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार उनले एक सातामै लिएका हुन्। जेठ २७ मा पृथ्वीसुब्बा गुरुङले प्रदेशसभाबाट विश्वासको मत पाउन नसकेपछि ३१ सांसदको बहुमत पुऱ्याएर पोखरेल मुख्यमन्त्री बनेका थिए। मुख्यमन्त्री भएसँगै उनले गठबन्धनबाट ४ जना बिनाविभागीय मन्त्री बनाएका थिए। उनीहरूको जिम्मेवारी अझै तोकिएको छैन। असार १ मा ल्याइएको प्रदेशको बजेटमाथि प्रदेशसभामा छलफल पनि अघि बढेको छैन। विश्वासको मत लिएर मन्त्रिपरिषद् विस्तार र बजेट छलफललगायत काम अघि बढाउने भन्दै उनले एक सातामै लिएका हुन्।

राष्ट्रिय जनमोर्चाले कृष्ण थापालाई पदबाट हटाएपछि प्रदेशसभामा हाल ५९ सदस्य छन्। एमालेका २७, कांग्रेसका १५, माओवादीका सभामुखसहित १२, राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टीका २/२ र स्वतन्त्रमा एक सांसद छन्।

विश्वासको मत प्राप्त गरेपछि मुख्यमन्त्री पोखरेलले विपक्षी दल एमालेसँग सहकार्य र समन्वयबाटै अगाड बढ्ने बताए। 'लामो समय विपक्षमा उभिएका थियौं। अहिले सत्तामा छौं, सरकार हाम्रो भनेर हामी एक्लै हिँड्दैनौं। सबैलाई मिलाएर अगाडि बढ्छौं,' उनले भने।

आधिकारिकतामा यादवको दाबी

राजेश मिश्र (काठमाडौं)

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले निर्वाचन आयोगमा दलको आधिकारिकतामा दाबी गरेका छन्। जसपाका अर्का अध्यक्ष महन्थ ठाकुरसँग विवाद उत्कर्षमा रहेका बेला यादवले राजनीतिक दलसम्बन्धी ऐनले गरेको दलको मान्यतासम्बन्धी विवाद निरूपणका लागि शुक्रबार आयोगमा निवेदन दिएका हुन्।

दलको नाम, छाप, विधान, झन्डा, पदाधिकारी, निर्णय वा केन्द्रीय समितिको आधिकारिकताका विषयमा कुनै विवाद उत्पन्न भए त्यसको निरूपण हुनेसम्बन्धी व्यवस्था ऐनले गरेको छ। गत वर्ष वैशाख १० मा एकीकरण भएको जसपा प्रधानमन्त्री केपी शर्मा ओलीलाई हेर्ने दृष्टिकोणमै विवाद प्रारम्भ भएर विभाजनको अवस्थामा पुगेको छ। ठाकुर पक्ष केही माग पूरा भएको भन्दै ओली सरकारमा सहभागी भइसकेको छ। यादव भने ओलीलाई विस्थापन गरेर कांग्रेस नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने अर्को गठबन्धनमा छन्।

दुई महिनायता ठाकुर र यादवले पार्टीको गतिविधि अलगअलग ढंगले सञ्चालन गरिरहेका छन्। दुवैले आफूलाई आधिकारिक दाबी गरिरहेका बेला अब त्यसको छिनोफानो गरिदिने विषय आयोगमा पुगेको हो। यादवले ऐनको दफा ४३ (ग) बमोजिम दलको पदाधिकारी, केन्द्रीय समिति वा केन्द्रीय समितिको निर्णयको आधिकारिकताको विषयमा निर्णय गरिदिन आयोगलाई आग्रह गरेका छन्। जसपाको केन्द्रीय कार्यकारिणी समितिमा आफूहरूको बहुमत रहेको उनको दाबी छ। ५१ सदस्यीय कार्यसमितिमा रहेका ३० जनाको हस्ताक्षर उनले आयोगलाई बुझाएका छन्। यादवले पार्टीको बैठकमा नआई ठाकुरले एकपक्षीय रूपमा गुट बनाएर काम गरिरहेको आरोप लगाउँदै त्यसमा रोक लगाएर आफूहरूलाई आधिकारिकता प्रदान गर्न माग गरेका छन्। आयोगले यसअघि दुवै अध्यक्षले एकले अर्कालाई गरेको कारबाहीलाई मान्यता दिएको थिएन।

आयोगका सचिव सुरेश अधिकारीले यादव पक्षले पेस गरेका कागजात अध्ययन गरेर सचिवालयले आयोगसमक्ष पेस गर्ने जानकारी दिए। 'आयोगले उपयुक्त देखे विवाद निरूपणको प्रक्रिया प्रारम्भ हुन्छ,' उनले भने। आधिकारिकताको मागदाबीपछि आयोगले अर्को पक्षलाई जवाफ दिन १५ दिन समय दिनुपर्ने प्रावधान छ। समय माग गरिए आयोगले थप १० दिन दिन सक्छ। त्यसपछि दुवै पक्षलाई विवाद निरूपणका लागि सहमतिको अवसर दिनुपर्ने कानुनी प्रावधान छ। विवाद समाधान नभए आयोगले प्रमाणका आधारमा केन्द्रीय समितिको बहुमत रहेको पक्षलाई आधिकारिकता तथा अर्को पक्षलाई छुट्टै राजनीतिक दल दर्ताको अवसर दिने सक्नेछ।

ऐनले आधिकारिकता टुंग्याउनलाई केन्द्रीय समितिको संख्यालाई महत्त्वपूर्ण मानेको छ। जसपाको विधानअनुसार केन्द्रीय समितिको संरचना बनिसकेको छैन। आयोगमा केन्द्रीय कार्यकारिणी समितिको अभिलेख मात्रै छ। विधानले कार्यकारिणी समितिलाई केन्द्रीय समिति नबसेका बेला त्यसले प्रयोग गर्ने सबै काम गर्न तथा तत्काल सम्पादन गर्नुपर्ने विषयमा निर्णय लिने अधिकार दिएको छ।

आयोगमा बुझाए ३० जनाको हस्ताक्षर

ठाकुर पक्षद्वारा समितिमा हेरफेर

जसपाका अध्यक्ष ठाकुरले केन्द्रीय कार्यकारिणी समितिमा हेरफेर गरिएको जानकारी आयोगलाई गराएका छन्। आयोगका सचिव अधिकारीका अनुसार समितिमा १७ जना सदस्य फेरबदल गरिएको विवरण ठाकुर पक्षबाट आएको बताए। ठाकुरले साविकको राजपामा रहेका र अहिले यादव पक्षमा लागेकाहरूलाई निकालेको तथा केही नयाँ सदस्य थपिएको जानकारी आयोगलाई दिएका छन्।

दुई दिन अगाडि आयोगमा पठाइएको पत्रमा जेठ ३ गतेको निर्णयबाट कार्यकारिणी समितिमा सदस्य हेरफेर गरिएको उल्लेख छ। त्यस्तै, गत पुसको ७ गते बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले समितिमा सदस्य हेरफेरको अख्तियारी ठाकुरलाई दिने निर्णय गरेको दाबी आयोगमा गरिएको छ।

ढुंगा, गिट्टी...

सरकारले २०७१ सालदेखि ढुंगा, गिट्टी र बालुवाजस्ता निर्माण सामग्रीको भारत निकासी बन्द गरेको थियो। सरकारले नै 'राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समिति' मार्फत चुरे संरक्षणका कार्यक्रम अघि बढाइरहेका बेला ढुंगा, गिट्टी र बालुवाको निकासी खुला गर्दा समग्र चुरे र महाभारत क्षेत्रमा दोहोन हुने र तराईको उर्बरभूमि मरुभूमि बन्ने भन्दै सरकारी योजनाको आलोचना भइरहेको छ। अर्थमन्त्री पौडेलले भने चुरेबाट एक डोको ढुंगागिट्टी ननिकाली खानीजन्य सामग्री निकासी गरिने दाबी गरेका छन्।

अन्तरिम आदेशमा प्राकृतिक स्रोतसाधनको उपयोगसमेतका सम्बन्धमा विगतमा सर्वोच्चबाट भएका आदेशको स्मरण गराइएको छ। सर्वोच्चले २०६८ सालमा खानी सञ्चालन गरी ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्न आदेश दिएको थियो। त्यही आदेश कार्यान्वयन गर्न उद्योग मन्त्रालयमातहतको खानी तथा भूगर्भ विभागले १४ जिल्लाका ९२ स्थानमा खानी सञ्चालन गर्न सकिने निष्कर्ष निकालेको थियो। चुरेविज्ञ विजयसिंह दनुवार त्यति बेला खानीका लागि पहिचान गरिएका धेरैजसो स्थान चुरे र महाभारतको सीमावर्ती क्षेत्र र एकापसमा जोडिएकै भएकाले उत्खननले तल्लो तटीय क्षेत्रमा असर पर्ने बताउँछन्।

आदेशमा संविधानको धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा प्रयोग गर्नेसहितका विभिन्न नीतिको व्यवस्था रहेको स्मरण गराइएको छ। संविधानको धारा ३० (१) मा उल्लिखित 'प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक हुनेछ' भन्ने मौलिक हकको व्यवस्थाबारे समेत ध्यानाकर्षण गराइएको छ। चुरेविज्ञ दनुवारले अन्तरिम आदेश स्वागतयोग्य रहेको बताए। 'यो आदेशले चुरे र महाभारत क्षेत्र आगामी पुस्ताका लागि पनि जोगाउनुपर्छ भन्ने सन्देश दिएको छ,' उनले भने, 'चुरे संरक्षण गर्न अलग्गै ऐनको व्यवस्था गर्न सकियो भने अझ प्रभावकारी हुन्छ। आदेशले हचुवामा कुनै निर्णय गर्नु हुँदैन भन्ने सन्देश पनि दिएको छ।'

स्विस बैंकमा...

नेपालको सन्दर्भमा स्विस बैंकमा बचत मुख्य दुई दृष्टिकोणले गैरकानुनी रहेकाले यसबारे सरकारले गम्भीर अनुसन्धान गर्नुपर्ने अधिकारीहरू बताउँछन्। पहिलो- पारदर्शिता कमजोर भएको स्विस बैंकमा बचत गर्नु नै सम्पत्ति शुद्धीकरणको शंका गर्दै अनुसन्धान कार्य अगाडि बढाउनुपर्छ। दोस्रो- विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन-२०२१ मा नेपाली नागरिकले विदेशमा बैंक खाता खोल्न, कम्पनी तथा फर्ममा लगानी गर्न नपाउने व्यवस्था छ। यसविपरीत कार्य गरे विगोबमोजिमको जरिवाना, ६ महिना कैद वा दुवै सजाय हुने व्यवस्था छ। 'नेपालीले स्विस बैंकमा मौज्दात र विदेशमा लगानी गरेको विवरण सार्वजनिक हुनुले हाम्रो आर्थिक नीति उल्लंघन भएको पुष्टि गर्छ,' पूर्वअर्थसचिव शान्तराज सुवेदीले भने, 'यस्ता विवरण धेरैपटक सार्वजनिक भए पनि लामो समयदेखि आँखा चिम्लिएकै अवस्था छ।'

सम्पत्ति शुद्धीकरणको मामिलामा काम गर्ने फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) र एसिया प्रशान्त क्षेत्र समूह (एपीजी) जस्ता अन्तर्राष्ट्रिय संगठनहरूको सदस्य राष्ट्र भएपछि नेपालको हैसियत सुधार भएको सुवेदीले बताए। 'सदस्य राष्ट्र भइसकेको नाताले उसको नेटवर्कभित्र रहेर हामी अनुसन्धान अगाडि बढाउन सक्छौं,' उनले भने, 'त्यसो गरेनौं र यस्ता समाचार आइरहे भने उसले सदस्य राष्ट्रबारे गर्ने मूल्यांकनका क्रममा हामीलाई नै अप्ठेरो पर्छ।' नेपालमा सम्पत्ति शुद्धीकरणविरुद्ध केकति काम भइरहेको छ भन्ने बारेमा यी अन्तर्राष्ट्रिय संस्थाहरूले आगामी वर्ष मूल्यांकन गर्दै छन्। यसमा खासगरी संस्थागत र कानुनी संयन्त्र तयार भएको तर कार्यान्वयनको पाटोमा एकदमै कमजोर देखिएको सरकारकै अध्ययन प्रतिवेदनहरूले औंल्याइसकेका छन्। 'त्यसकारण अब हामीले मौनता साध्न हुँदैन। यसमा खासगरी राष्ट्र बैंकको वित्तीय जानकारी इकाई (एफआईयू) र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले प्रभावकारी उपस्थिति जनाउनुपर्छ,' सुवेदीले भने।

हालसम्म स्विस बैंकमा रकम जम्मा गरेकामध्ये तीन जना नेपालीको नाम मात्रै सार्वजनिक भएको छ। सन् २०१९ जनवरीमा खोज पत्रकारहरूको अन्तर्राष्ट्रिय सञ्जाल 'द इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नालिस्ट्स' (आईसीआईजे) र नेपालस्थित खोज पत्रकारिता केन्द्र (खोपके) ले सार्वजनिक गरेको विवरणअनुसार स्विस बैंकले बचतकर्तामा लन्डनमा बस्दै आएकी नेपाली नागरिक मिनु शाह छिब्बर र उनका दुई छोरा पनि हुन्। बानेश्वरस्थित गंगादेवी टोलमा घर ठेगाना उल्लेख गरेर स्विस बैंकमा उनीहरूले पैसा जम्मा गरेका हुन्। मिनुको स्थायी ठेगाना ललितपुरको कुपण्डोल हो, जहाँ उनको 'छिब्बर निवास' नै छ।

मिनु र उनका दुवै छोराले सन् २००६/०७ मा ७८ लाख ५० हजार ९ सय ९१ का दरले (२ अर्ब ६१ करोड ४३ लाख ८० हजार रुपैयाँ) बचत गरेको विवरण सार्वजनिक भएको थियो। यी नाम र अन्य विवरण पटक-पटक सार्वजनिक भए पनि यसबारे अनुसन्धान गर्नुपर्ने नेपालका निकाय बेखबरजस्तै छन्।

पारदर्शितामा दबाब

स्विस नेसनल बैंकले पछिल्लोपटक सार्वजनिक गरेको विवरणअनुसार त्यहाँका बैंकमा २ सय २४ वटा मुलुकका नागरिकको रकम मौज्दात छ। तर बैंकले कुनै पनि प्रयोजनका लागि कुनै पनि निकायलाई खातावालको विवरण दिँदैन। सम्पत्ति शुद्धीकरणको मामिलामा पारदर्शी र कठोर हुनेबारेमा विश्वभर एजेन्डा बनेपछि स्विस बैंकमाथि विवरण सार्वजनिक गर्न दबाब बढेको छ। 'आईसीआईजे' ले सन् २०१५ मा गरेको 'स्विस लिक्स' ले करछली तथा आपराधिक क्रियाकलापबाट आर्जन गरिएको रकमसमेत स्विस बैंकमा जम्मा गरेको तथ्य सार्वजनिक गरेको थियो। त्यसपछि थप दबाब बढेपछि स्विस नेसनल बैंक केही विवरण सार्वजनिक गर्न र पारदर्शिताको विषयमा केही लचिलो भएको छ। स्विस बैंकले 'तानाशाह, भ्रष्ट नेता, करछली गर्ने व्यापारी, हतियार तथा लागूऔषध कारोबारीको रकम जम्मा गरी नाफा कमाउने काम गरेको' आईसीआईजेको दाबी छ।

'राजदूतको योग्यता स्नातक अनिवार्य'

काठमाडौं (कास)- सर्वोच्च अदालतले पूर्वमन्त्रीहरूलाई राजदूत बनाउँदा स्नातक उपाधि अनिवार्य नहुने भनी सरकारले गरेको निर्देशिका संशोधन तत्काल कार्यान्वयन नगर्न आदेश जारी गरेको छ। न्यायाधीश प्रकाशमानसिंह राउतको एकल इजलासले मन्त्री भएकाहरूलाई राजदूत बनाउन स्नातक उपाधि आवश्यक नपर्ने भन्ने निर्देशिकाको संशोधित प्रावधान कार्यान्वयन नगर्न आदेश दिएको हो।

राजदूत नियुक्तिसम्बन्धी निर्देशिका २०७५ को दफा ३ अनुसार राजदूत हुन स्नातक उपाधि अनिवार्य गरिएको थियो। तर सरकारले त्यसमा संशोधन गर्दै 'मन्त्री भइसकेका व्यक्तिको हकमा स्नातक उपाधि हासिल गरेको हुनुनपर्ने' उल्लेख गरेको थियो।

यसअघिको नजिरले राजदूत हुन शैक्षिक योग्यतालगायतलाई अत्यन्त महत्त्व दिएको भन्दै सर्वोच्चले मन्त्री भएकै कारण शैक्षिक उपाधिमा छुट दिइनुलाई संविधानमा भएको समानताको हकविपरीतको प्रयास भनेको हो। त्यसरी छुट दिने भनी निर्णय गर्नुको आधार र औचित्य नखुलेको सर्वोच्चको आदेशमा उल्लेख छ।

२७६८ संक्रमित थपिए, ४०२० निको

काठमाडौं (कास)- कोरोना संक्रमणबाट पछिल्लो २४ घण्टामा ४४ जनाको मृत्यु भएको छ। १३ हजार ३७ जनाको परीक्षण गरिएकामा २ हजार ७ सय ६८ जनामा संक्रमण पुष्टि भएको छ। सोही अवधिमा ४ हजार २० जना निको भएका छन्। कुल संक्रमितमध्ये सक्रिय संक्रमित ९.६५ प्रतिशत अर्थात् ५९ हजार ६ सय २४ जना रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Embassy of Switzerland

Vacancy Announcement

Switzerland through its development cooperation has been engaged in Nepal since 1959. With the establishment of its Embassy in Nepal in August 2009, Switzerland's assistance in Nepal continues to focus on federal state building, employment and income through agriculture, rural infrastructure and vocational skills, as well as migration. Switzerland is committed to support Nepal's socio-economic development and federal state building at national, provincial and local level.

The Embassy of Switzerland offers a competitive salary and benefit package as well as a stimulating team and working environment. We are looking for a young, energetic Nepali National for a **2 years fixed term contract with possibility of extension**:

Finance Controller

As a member of the Embassy of Switzerland and SDC programme team and in close collaboration with SDC funded projects and partners, the Finance Controller monitors and helps to promote effective and efficient use of SDC's resources. This is done through assessment, analysis, advice and training/orientation. The person is furthermore responsible for the proper functioning of the internal control, financial information system and contract management.

Required Technical Competence
Chartered Accountant with Master's degree (Business Administration, commerce or management); Minimum 3 years of professional experience in the area of auditing and/or financial management after completion of chartered accountancy; Good knowledge of local laws/act on taxation and fiscal federalism; Excellent knowledge of written and spoken English and Nepali; Excellent communication and presentation skills; Good knowledge of computer operation and different software application skills.

Methodical and Personal Competence
Result oriented; Pronounced analytical abilities; Independent and 'out of the box' thinking; Process design; Methods and knowledge of Project Cycle Management; Meticulous working style; Assertiveness/self-responsibility/independence; Ability to cope with stress Willing to accept a wide spectrum of tasks; Sensitivity and experience in the areas of gender and social inclusion.

Social Qualification/Competence
Ability to work in a team/ability to network; Negotiation skills; Advisory and coaching skills; Ability to deal with criticism and conflicts.

Detailed Job Description is available on the following website
https://www.fdfa.admin.ch/countries/nepal/en/home/news/open-job-vacancies.html

Application in English with immediate contact address and a telephone number; an updated bio-data; copies of citizenship certificate and academic credentials; and reference from former employer(s) should reach at the latest by **17:00 hrs** on **30 June 2021** through email as attachment (please do not provide a link to google drive or any other cloud server) at **kathmandu.application@eda.admin.ch** or through post. Please clearly mark "**Application for Finance Controller**" on the envelope / subject of the email.

Head
Personnel and Administration (Chancery)
P.O. Box 113
Kathmandu, Nepal

Only shortlisted candidates will be contacted. The Embassy reserves the right to reject any or all applications without assigning any reasons.

The Embassy of Switzerland in Nepal promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).

PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

The UNDP Nepal is soliciting bids from interested firms/companies to provide the following works:

Reference No.: Request for Proposal - **UNDP/RFP/17/2021**
Project/Agency: UNDP Country Office
Purpose: Third Party Monitoring of UNDP's Projects
Deadline for bid submission: 5:00 PM, 5 July 2021

Who can apply: National/International firms/companies
How to apply: As per the instructions in the detailed bidding document.
Weblink: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html

JOB ANNOUNCEMENT

First date of publication: 19 June 2021

The United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.

The UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for following consultancy positions

S.No.	Position Title	Level	Number of positions	Duty Station
1.	Consultant - Medical Equipment Specialist Reference No.: UNDP/PN/16/2021	Individual Contractor	One or more	Kathmandu
2.	Consultant - Evaluator/Examiner Reference No.: UNDP/PN/17/2021	Individual Contractor	One or more	Kathmandu

Weblink for application: http://www.np.undp.org/content/nepal/en/home/procurement.html

Please visit the given weblink for detail job description and for submission of application by 5 PM, June 27, 2021. Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly.

UNDP is committed to achieve workforce diversity (in terms of nationality, minority groups, caste/ethnic groups, persons with disability etc.) and has a policy to have gender balance among staff at all levels. Qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged to apply.

All applications will be treated with highest confidentiality.

वर्गीकृत विज्ञापन

घर जग्गा

जग्गाघर बेच्नुपरेमा, लिनुपरेमा नारायणथान, चक्रपथ, बालुवाटार, चावेल, बौद्ध, जोरपाटीमा कर्मसियल जग्गाघर चाहिएमा पनिछ सम्पर्क ९८४०८५६१८८, ९८२८७५१२८८

घरजग्गा, बंगलो, अपार्टमेन्ट खरीदबिक्री, 9813339738

भक्तपुर सरस्वतीखेल बसपार्कबाट २००मिटरपूर्व ५फिटेगोरेटो बाटोमा०-४-१-१ आनाजग्गा तु.बिक्रीमा मूल्यमा ३६लाख ९८४५९११६९७

सम्पर्क

धितो ऋण लगानी 9742894466

निर्माण सफाई

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीटैंकी सफाई ठुलोगाडीमा मेशिनबाट 01-5251092, 9851024364

मर्मत

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने 9851161163, 9841607856

उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने HerbalSuppliment ९८५११४७८१०

बिहावारी

काठमाण्डौनिवासी ३२बर्षिय इन्जिनियर क्षेत्रीवरलाई स्वजातिय वधुचाहियो ९८६१३३४२६४

पहिरोले ५१, बाढीले २३ जिल्ला जोखिममा

मनसुन भित्रिएको ५ दिनमै देशभर सक्रिय हुँदा ठाउँठाउँमा विपत्ति, यो वर्ष १८ लाख ४ हजार ६ सय ९७ जना प्रभावित हुने आकलन



बाढीपहिरोका घटना र मृत्यु

वर्ष	मृत्यु	घटना संख्या
२०७७	३४७	९११
२०७६	१६०	६७७
२०७५	१००	५८९
२०७४	२२७	५६४
२०७३	२१४	५२२
२०७२	१२५	८७
२०७१	२३२	१४६
२०७०	१८७	३८३
२०६९	५३	२३९
२०६८	२२१	४१४

मनसुनजन्य विपद्का कारण :

- मनसुनी वर्षा
- भिरालो र कमजोर भौगर्भिक बनावट
- भूकम्पको असर
- अवैज्ञानिक सडक विस्तार र संरचना निर्माण, सीमा क्षेत्रका बाँध र संरचना
- जोखिम क्षेत्रमा बसोबास (नदी किनार, डुबान क्षेत्र, डोल क्षेत्र, पुरानो पहिरो, भीर तथा भिरालो जग्गा)
- अव्यवस्थित सहरीकरण
- प्लटिङ

पहिरोका सम्भावित जिल्ला
बाढीबाट प्रभावित हुने जिल्ला

अब्दुल्लाह मियाँ (काठमाडौं)

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यो वर्षको मनसुन अवधिमा बाढी र पहिरोबाट १८ लाख ४ हजार ६ सय ९७ जना प्रभावित हुने आकलन गरेको छ। बाढीले १६ लाख ८७ हजार ४ सय ८० र पहिरोले १ लाख १७ हजार २ सय १७ जना प्रभावित हुने प्राधिकरणको अनुमान छ।

यो वर्षको मनसुनमा पहिरोले ५१ जिल्ला प्रभावित हुने आकलन छ। बाढीका कारण तराईका २३ जिल्ला अति प्रभावित हुने प्राधिकरणको विश्लेषण छ। केही वर्षयता बाढीभन्दा पनि पहिरोजन्य विपद्का घटना बढेका छन्। गत वर्ष १ सय २० दिनसम्म रहेको मनसुनमा पहिरोका ४ सय ७५ र बाढीका ४ सय ३६ घटना भएका थिए। त्यस अवधिमा ३ सय ४७ जनाको ज्यान गएको थियो भने १ सय जना बेपत्ता भएका थिए।

यो वर्ष मनसुन भित्रिएको ५ दिनमै देशभर सक्रिय हुँदा ठाउँठाउँमा विपत्ति निम्तिएको छ। मौसमविद्हरूका अनुसार नेपालमा सामान्यतया १० जुनमा मनसुन सुरु हुन्छ र २३ सेप्टेम्बरसम्म सक्रिय हुन्छ। यसपालि ११ जुन (२८ जेठ) मै पूर्वी भाग हुँदै मनसुन प्रवेश गरेको हो। 'पोखरा आसपासमा अति वर्षा भएको छ,' जल तथा मौसम पूर्वानुमान महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलले भने, 'एक सय मिलिमिटरभन्दा बढी वर्षा हुनु भनेको धेरै हो।'

जल तथा मौसम विज्ञान विभागकी वरिष्ठ मौसमविद् इन्दिरा कँडेलका अनुसार मनसुन प्रवेश भएकै दिन सिन्धुपाल्चोकको शेर्माथान क्षेत्रमा ११०.२ मिलिमिटर वर्षा भएको थियो। १ घण्टामा ६०, ३ घण्टामा ८०, ६ घण्टामा १ सय र २४ घण्टामा १४० मिमिलाई भारी वर्षा मानिन्छ। यस्तो किसिमको वर्षाले कमजोर भूगोल भएको क्षेत्रमा पहिरो निम्त्याउने जानकारहरू बताउँछन्। दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ) को १९ औं सत्रले दक्षिण एसियाका धेरै भूभागमा यो वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा हुने वैशाख १५ मा आकलन गरेको थियो।

नेपाल भूगोल समाजका अध्यक्षसमेत रहेका भूगोलविद् नरेन्द्रराज खनालले यसपालि मेलम्चीभन्दा माथिल्लो क्षेत्रका पुराना पहिरोमा वर्षापछि थप पहिरो जाँदा ढुंगा, माटो, रूखबिरुवासहितको लेदोले तल्लो तटीय क्षेत्र (मेलम्ची क्षेत्र) मा असर परेको बताए। 'हिमताल फुटेर आएको हो कि भनेर मैले नक्सा हेरें,' उनले बुधबार कान्तिपुरसँग भने, 'माथिल्लो क्षेत्रमा ठूला हिमताल पनि देखिएनन्, फुटेको पनि छैन।' उनका अनुसार मेलम्चीभन्दा माथिका स्थानमा २०७२ सालको भूकम्पपछि धेरै ठाउँमा पहिरो आएको थियो। सिन्धुपाल्चोकका पहिरोबारे लामो समय अध्ययन गरेका खनालले भने, 'एकै पटक पहिरो आएको होइन, पटक-पटकको पहिरो एकै पटक बगेपछि तल्लो तटीय क्षेत्रमा बबन्डर भएको हो।' मौसमविद् कँडेलका अनुसार मनसुन सुरु भएपछिका पाँच दिनमा गण्डकी, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका धेरैजसो स्थान तथा कर्णाली र वाग्मती प्रदेशका केही स्थानमा १ सय मिमिभन्दा बढी वर्षा भएको छ।

गण्डकी प्रदेशको म्याग्दीको घोरेपानी, स्याङ्जाको स्याङ्जा र चापकोट, कास्कीको लुम्लेमा २ सय मिमिभन्दा बढी वर्षा भएको छ। छोटो अवधिमा ठूलो परिमाणमा वर्षा भए पहिरोजन्य विपद् र फ्ल्यास फ्लड (आकस्मिक बाढी) को सम्भावना अत्यधिक हुन्छ। 'मनाङमा भएको त्यही हो,' कँडेलले भने। इन्जिनियरिङ भूगर्भविद् सुबोध ढकाल मनसुनका बखत उपल्लो तटमा पहिरो जानु र खोला थुनिनु अनि बीचको तट र तल्लो तटमा बाढी आउनुलाई नियमित प्रक्रिया भन्छन्। 'यो प्रक्रिया नेपालका लागि नयाँ हुँदै होइन,' उनले भने, 'त्यही भएर हाम्रो अध्ययन उपल्लो र तल्लो तटलाई समग्र रूपमा जोड्ने खालको हुनुपर्छ भनेर पहिलेदेखि नै भन्दै आएका हौं।'

न्यूनीकरणका काम शून्य

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी सञ्जाल (आईपीसीसी) का अनुसार जलवायु परिवर्तनका कारण बाढीपहिरो, चरम मौसम (एक्स्ट्रिम वेदर), खाद्य संकट, डढेलो, आँधीबेहरी, हिमपहिरो, हिमताल विस्फोट (जीएलओएफ), तातो वायुजस्ता घटना विश्वभर नै बढिरहेका छन्। विपद्विज्ञ मधुकर उपाध्याले केही वर्षयता मनसुनमा विपद्जन्य घटना बढेको देखिए पनि त्यस्ता घटना तथा क्षति न्यूनीकरणमा कामै नभएको बताउँछन्। 'वर्षभरि चुप लागेर बस्ने अनि कहिले विपद् निम्तिएला र रेस्पोन्स गरौंला भनेर बस्नेजस्तो मात्र भयो,' उनले भने, 'विपद् न्यूनीकरणका काम गर्नुपर्छ भन्ने चेत अझै भएन।' विज्ञ उपाध्याले जोखिम न्यूनीकरण राज्यको कुनै एक संस्थाको प्रयासले मात्र सम्भव नहुने भएकाले त्यसलाई देशव्यापी अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए। 'विपद् जोखिम न्यूनीकरणलाई विकेन्द्रित बनाउनुपर्‍यो,' उनले भने, 'देशभर विद्यालयस्तरमा यस्तो अभियान अघि बढाइयो भने परिणाम बल्ल आउँछ र कालान्तरसम्म त्यसले काम गर्छ।'

गत वर्षको मनसुनको प्रवृत्ति पहिलेभन्दा अलिक फरक देखिन्छ। खासगरी सिन्धुपाल्चोक, म्याग्दी, तनहुँ, कास्की, अछाम, बाजुरा, दार्चुला, बझाङ, कालीकोट, जाजरकोट, रुकुम पश्चिम, स्याङ्जा, बागलुङ, संखुवासभा, गोरखा, धादिङलगायतका जिल्लामा पहिरोजन्य घटना बढी भए र क्षति पनि बढी भयो। सानातिना पहिरोका घटना भने ७६ वटा जिल्लामा भएका थिए। गत वर्षको मनसुनमा सानो क्षेत्रमा केन्द्रित भएर आएको हाँडीघोप्टे अर्थात् मुसलधारे वर्षा (क्लाउड ब्रस्ट) ले विपद्का धेरै घटना निम्त्याएको थियो, यो पटक पनि त्यही समस्या दोहोरिने सम्भावना छ। उपाध्याले सानो क्षेत्रमा खनिने मुसलधारे वर्षाले अकल्पनीय क्षति गर्न सक्छ भन्ने गत वर्षको मनसुनले पुष्टि गरेको बताए। 'केही वर्षयता पहाडी र हिमाली क्षेत्रसम्मै सानो क्षेत्रमा मात्र केन्द्रित भएर मुसलधारे वर्षा हुने क्रम बढेको छ,' उनले भने।

जलवायु परिवर्तनविज्ञ इमीन्द्र दाहाल जलवायुजन्य जोखिम बढिरहेकाले त्यसबाट निम्तिने असर न्यूनीकरण र नोक्सानीलाई सम्बोधन गर्न ढिलाइ गर्न नहुने बताउँछन्। 'क्षतिपछि गोहीको आँसु बगाएर मात्र हुँदैन,' उनले भने, 'सबभन्दा पहिला जवाफदेही निकाय पहिचान हुनुपर्‍यो, उक्त निकायले जोखिम न्यूनीकरणमा दत्तचित्त लगाएर काम गर्नुपर्‍यो।' विपद् जोखिम न्यूनीकरणमा खर्चिने रकम यथेष्ट नभएकाले त्यसमा बढाउनुपर्ने उनको सुझाव छ। 'कागजमा धेरै कुरा छन् तर व्यवहारमा कसले के काम गर्ने हो, स्पष्ट छैन। त्यसैले कुनै एउटा निकायलाई जिम्मेवार बनाउनुपर्छ,' दाहालले भने। पर्वतीय, हिमाली र टापु राष्ट्रहरूमा जलवायुजन्य जोखिम बढिरहेकाले यसको सम्बोधन गर्न विकसित मुलुकहरू सहयोगका लागि तत्पर हुनुपर्ने आवाज अन्तर्राष्ट्रिय मञ्चहरूमा उठ्ने गरेको छ। जलवायुजन्य जोखिम तथा हानि/नोक्सानी सम्बोधन गर्न आर्थिक लगानी जुटाउनेबारे नेपालसहितका पर्वतीय र टापु मुलुकहरूले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रसंघीय संरचना महासन्धि (यूएनएफसीसीसी) का पक्ष मुलुकको सम्मेलनहरूमा पनि दबाब दिन सुरु गरेका छन्। उक्त विषयमा यूएनएफसीसीसीका १ सय ९७ वटा पक्ष मुलुकको बैठकले सहमति जुटाउन भने सकेको छैन।

जलवायुजन्य जोखिम झेलिरहेका नेपालसहित अतिकम विकसित र टापु देशहरूले हानि/नोक्सानीका क्षेत्रमा लगानी गर्न अलग्गै संयन्त्र बनाउन र त्यसमा वित्त (क्लाइमेट फाइनाइन्स) सुनिश्चित गर्न दबाब दिए पनि विकसित मुलुकहरू पन्छिने गरेका छन्। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले अहिलेकै हिसाबले विश्वमा कार्बन उत्सर्जन भइरहने हो भने सन् २१०० सम्ममा तापक्रम ४.२ देखि ६.५ डिग्री सेल्सियससम्म पुग्ने चेतावनी दिएको छ। त्यसको प्रत्यक्ष असर नेपालका हिमाल, जनजीवन र अर्थतन्त्रमा पर्नेछ।

जल तथा मौसम विज्ञान विभागले तीन दिनको मौसमको पूर्वानुमानको बुलेटिन बिहान र बेलुकी ६ बजे अपडेट गरिरहेको छ। बाढीको पूर्वानुमान तथा पूर्वसूचना बुलेटिन हरेक दिन बिहान ७ बजे अपडेट हुन्छ। बाढीको सतर्कता तहनजिक पुग्न लागे, सतर्कता तह पार गरे, खतरा तह पार गरे वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारमा नेपाल टेलिकम र एनसेलमार्फत जलाधारका सर्वसाधारणलाई मोबाइलमा एसएमएस पठाउने व्यवस्था गरिएको छ।

देशभरका सर्वसाधारणलाई ११५५ नम्बरको टोल फ्रि सेवा सुरु गरिएको छ। गृह मन्त्रालयमातहतको प्राधिकरणले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (एनईओसी) लाई चौबीसै घण्टा सञ्चालन गरेको छ। राहत, खोज तथा उद्धार कार्यमा समन्वय र सहजीकरणका साथै प्रतिकार्य र राहत सामग्री भण्डारणका लागि सात वटै प्रदेशमा एउटा स्टेसनको व्यवस्था गरिएको प्राधिकरणका प्रमुख कार्यकारी अनिल पोखरेलले जानकारी दिए।

१६ को मृत्यु, २२ बेपत्ता

काठमाडौं (कास)- मनसुनजन्य प्रकोपका कारण डेढ दर्जनभन्दा बढी जिल्ला प्रभावित भएका छन्। गत आइतबारबाट देशका विभिन्न भागमा अविरल वर्षा र त्यसका कारण निम्तिएको बाढीपहिरो र डुबानमा परी हालसम्म १६ जनाको मृत्यु भइसकेको छ। २२ जना बेपत्ता र ११ जना घाइते भएका छन्। प्राकृतिक प्रकोपले घरबार गुम्नेदेखि विस्थापित हुनेसम्मका घटना भएका छन्। प्रभावित जिल्लामा भएको आर्थिक क्षतिबारे यकिन विवरण आइनसके पनि सरकारी, सार्वजनिक तथा निजी संरचना विनाश हुँदा अर्बौं रुपैयाँ बराबरको आर्थिक क्षति भएको गृह मन्त्रालयका प्रवक्ता जनकराज दाहालले बताए।

प्रकोपबाट निम्तिएको मानवीय क्षति र भौतिक क्षतिको विवरण आउने क्रममा रहे पनि क्षतिको यकिन विवरण खोज/उद्धार र राहतको काम सकिएपछि आउने मन्त्रालयले जनाएको छ। 'सरकारको ध्यान खोज/उद्धार र राहत व्यवस्थापनमा केन्द्रित छ, प्राथमिकताका काम सकेर स्थानीय प्रशासन र स्थानीय तहमार्फत प्राविधिक टोलीसमेत सहभागी गराएर विवरण संकलन गरिनेछ,' प्रवक्ता दाहालले भने। सबैभन्दा बढी भौतिक क्षति सिन्धुपाल्चोक र मनाङमा भएको गृह मन्त्रालयले जनाएको छ। मनाङमा बाढीबाट पूर्ण रूपमा १ सय १२, आंशिक रूपमा २० भौतिक संरचनाको क्षति भएको छ। त्यस्तै १ बेलिब्रिज, ५ झोलुङ्गे पुल र ४ सरकारी कार्यालयका भवन पूर्ण रूपमा क्षति भएका छन्। सबैभन्दा बढी जनधनको क्षति व्यहोरेको सिन्धुपाल्चोकको मेलम्चीमा ३२ वटा निजी घर बाढीले बगाएको छ। ८ वटा पक्की पुल, १६ वटा झोलुङ्गे पुल, ७ वटा माछा फार्म र सशस्त्र प्रहरीको अस्थायी सुरक्षा पोस्ट रहेको भवन पनि बगेको छ। लमजुङमा निजी भौतिक संरचनामध्ये २० वटामा पूर्ण र ७७ वटामा आंशिक क्षति पुगेको छ। त्यस्तै, बाजुरामा २, गोरखामा १०, अर्घाखाँचीमा १२ भौतिक संरचना बाढीपहिरोमा नष्ट भएको छ। राजमार्गका १४ ठाउँमा बाढीपहिरो र डुबानले बढी क्षति पुऱ्याएको छ। जसका कारण आवागमन अवरुद्ध भएको छ। गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रका अनुसार मनसुन सुरु भएपछिको प्रकोपबाट लमजुङ, म्याग्दी, मुस्ताङ, मनाङ, पाल्पा, कालीकोट, जुम्ला, दैलेख, बाजुरा र बझाङ जिल्ला अन्तर्गतका राजमार्ग खण्ड अवरुद्ध भएको हो।

बाढीपहिरो एकातिर, योजना अर्कैतिर

ऋषिराम पौड्याल (काठमाडौं)

गत वर्षामा धनजनको सर्वाधिक क्षति भएको सिन्धुपाल्चोकमा बाढीपहिरो नियन्त्रणका लागि अतिरिक्त बजेट र दीर्घकालीन प्रकृतिका कुनै पनि योजना छैनन्। चालु आर्थिक वर्षमा वाग्मती प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत १३ जिल्लामा सञ्चालित योजनाका लागि करिब ५२ करोड विनियोजन गरेको थियो। सिन्धुपाल्चोकका लागि पटक-पटक गरेर १२ करोड ६३ लाख विनियोजन गरिएको थियो। तर विनियोजित बजेट गत वर्षात्मा क्षतिग्रस्त स्थानमा नभई प्रदेश मन्त्रालयको खटनपटनमा टुक्रे योजनाहरूमा खर्च गरेकाले बाढीग्रस्त क्षेत्र भने ओझेलमा परेको छ। एकातिर मन्त्रालयले विनियोजन गरेको सबै रकम बाढीपहिरो नियन्त्रणमा मात्र खर्च गर्न पाइँदैन भने अर्कातर्फ प्राथमिकताका आधारमा दीर्घकालीन र ठूला योजना छनोट गरिएका छैनन्। प्रदेश मन्त्रालयका अधिकारीहरू भन्छन्, 'मतदाता रिझाउने प्रकृतिका योजना छनोट नै मुख्य समस्याका रूपमा छ।'

वाग्मतीका तत्कालीन प्रदेश वनमन्त्री अरुण नेपालको अगुवाइमा गत वर्ष एकीकृत जलाधार योजना तयार गरे पनि त्यो कार्यान्वय नै भएन। सुरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत सिन्धुपाल्चोक र बागलुङलाई ठूलो रकम खर्च गर्ने भनिएपछि दुवै जिल्लालाई सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो। तर उक्त शीर्षकमा न बजेट गयो न त विपद् न्युनीकरण प्राधिकरणले देखाउन सक्ने काम गऱ्यो।

चालु वर्षमा तीन पटक गरेर प्रदेश मन्त्रालयले जिल्ला भू तथा जलाधार व्यवस्थापन कार्यालयमा पठाइएका ४५ वटाभन्दा बढी योजना छन्। उक्त योजनाहरू कार्यान्वयनका सुरुमा ७ करोड ६३ लाख र थप ५ करोड ६ लाख विनियोजन गरिएको छ। यद्यपि अधिकांश योजना बाढी प्रभावित गाउँबस्तीमा केन्द्रित छैन। संघीय सरकारले प्रदेशमार्फत सञ्चालन गरेको संरक्षणका दुई योजना एउटै गाउँपालिकामा सञ्चालन गरिएको छ। त्यो पनि गत सालको प्रभावित क्षेत्रमा भने होइन। गत जेठमा जिल्ला पठाएका ३ करोड ७७ लाखभन्दा बढीका २६ वटा बाढीपहिरो नियन्त्रणका योजना सबैजसो टुक्रे छन्। मन्त्रालयले आवश्यकताका आधारमा तयार गरेका योजनाभन्दा पनि राजनीतिक खटनपटन बढी भएको अधिकारीहरू बताउँछन्।

सरकारी निकायले बाढीपहिरो क्षेत्रको संरक्षणमा गरेको बेवास्ताको यी पछिल्ला उदाहरण मात्र हुन्। सात वर्षअघि भूकम्पबाट मुलुकमा धनजनको सर्वाधिक क्षति भयो। २०७१ सालदेखि बाढीपहिरोका कारण बर्सेनि ठूलो क्षति हुँदै आएको छ। गत वर्षको वर्षात्मा बाढीपहिरोका कारण ७३ जनाले ज्यान गुमाए। ३७ जना बेपत्ता छन्। बस्ती संरक्षण र तीन सयभन्दा बढी विस्थापित परिवारको पुनर्वासको ठोस योजना बनेको छैन। प्रदेश वन मन्त्रालयका सूचना अधिकारी नवराज पुडासैनी साना भूक्षयका कार्यक्रम सञ्चालन गर्दै आएको जिल्लास्थित भू तथा जलाधार व्यवस्थापन कार्यालयले ठूला योजनामा विपद् प्राधिकरणसँग मिलेर मात्र काम गर्न सक्ने बताए। सिन्धुपाल्चोकको जुगल गाउँपालिका-२ का वडाध्यक्ष प्रताप लामा गत वर्ष भएको लिदी पहिरोको घटनापछि त्यहाँ अहिलेसम्म रोकथामको कुनै ठोस काम नै नभएको बताउँछन्। पहिरो स्थलका बासिन्दा गाउँ छाडेर आसपास अस्थायी रूपमा बसेका छन्। लामा भन्छन्, 'पहिरो नियन्त्रणसम्बन्धी योजना छैन।' उक्त पहिरोमा परेर ३७ जनाको मृत्यु भएको थियो भने २ जनाको अवस्था अझै अज्ञात छ।

जिल्ला भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख दिवाकर मास्के न्यून बजेट र जनशक्तिको अभावका कारण योजनाको छनोट र सञ्चालनमा कमजोरी भएको स्विकार्छन्। बर्सेनि जिल्लामा आउने ५-६ करोडले ठूला कार्यक्रम सञ्चालन गर्न नसकिने उनले गुनासो गरे। उनका अनुसार ठूला योजना र कार्यक्रम संघीय सरकारको ससर्त अनुदानअन्तर्गत सञ्चालन हुने गरेको छ। त्यस्तो योजना चालु वर्षमा १५-१५ लाखको दुईवटा सञ्चालन भइरहेको छ। उक्त योजना एउटै पालिकामा छ।

संघीय र प्रदेश सरकारले भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण र बाढीपहिरो नियन्त्रणको योजना नबनाएका कारण रकम विनियोजन अन्धाधुन्ध तरिकाले हुने गरेको प्रदेश मन्त्रालयका प्राविधिक बताउँछन्। कुन ठाउँको पहिरो रोकथाम गर्ने, कुन बस्ती संरक्षण गर्ने सरकारी निकायसँग प्राथमिकता राखेको योजना छैन। योजना छनोट र बजेट विनियोजनमा जिल्लास्थित भू तथा जलाधार कार्यालयको भूमिका लगभग शून्य जस्तै छ। कार्यालयका एक प्राविधिकले भने, 'योजना माग गरेर दर्ता भएका सयौं निवेदन प्रदेश मन्त्रालय पठाउँछौं। माथिबाट जुन योजना आउँछ त्यो नै कार्यान्वयन गर्ने हो।' प्रदेश मन्त्रीको चाहनाअनुसार आयोजना सञ्चालनको स्थान तोक्ने गरिन्छ। कतिपय अवस्थामा कुन उपभोक्ता समितिलाई दिने त्यो पनि मन्त्रालयबाटै तय हुने गरेको छ। 'एकातिर बाढीपहिरोको जोखिम बढेपछि योजना कार्यान्वयन गर्नुपर्छ, अर्कातिर अति आवश्यकभन्दा पनि

- कुन ठाउँको पहिरो रोकथाम गर्ने, कुन बस्ती संरक्षण गर्ने सरकारी निकायले तोकेकै छैन प्राथमिकता
- ठूलो लागतको बजेट चाहिएका ठाउँमा टुक्रे योजना
- तीन तहको सरकारबीच समन्वय अभावले पहिरो स्थलमा रोकथामका काम नै हुन पाएनन्

मन्त्रालयले आफ्खुसी तोकिएको स्थानमा काम गर्न कठिन हुने गरेको छ,' ती कर्मचारी गुनासो गर्छन्। जलाधार व्यवस्थपान कार्यालयका कर्मचारी भन्छन्, 'पहिरो गएको बस्तीका बासिन्दा हामीलाई देख्नेबित्तिकै हाम्रो गाउँको संरक्षणको बजेट कहिले आउँछ भन्दै गुनासो गर्छन्। तर्केर हिँड्नुको विकल्प छैन।' आर्थिक वर्षको अन्त्यमा आएका योजना वर्षात्मा कार्यान्वयन गर्नसमेत कठिन भएको छ। 'काम गर्दागर्दै संरचना बाढीले बगाउने अवस्थामा कसरी जोखिम मोल्ने ?,' उनले भने।

गत वर्ष सिन्धुपाल्चोकका जम्बु, घुमथाङ, भोटेकोसी, लिदीलगायतका स्थानमा पहिरोका कारण कस्तीमा तीन सय धुरी विस्थापत भएका थिए। ती परिवार अहिले पनि अस्थायी टहरामा छन्। पहिरोलगत्तै संघ, प्रदेश र स्थानीय सरकार, सांसद एवं दलका नेताहरूले घर बनाउनेदेखि पुनर्वास गर्नेसम्मका आश्वासन बाँडे। तर पहिरो स्थलका लागि न योजना बन्यो न त बजेट नै छुट्याइयो। एउटा वर्षात् सकिएर अर्को आउँदा पनि उनीहरूका लागि सुरक्षित स्थानको पहिचानसमेत भएन।

संघीय सरकारको वन तथा वातावरण मन्त्रालयका अनुसार बाढीपहिरो नियन्त्रणका लागि ठूला योजना छैन। संघ, प्रदेश र स्थानीय तहमार्फत सञ्चालित योजनाका लागि न्यून रकम विनियोजन गरिएको छ। मन्त्रालयका सहसचिव एवं प्रवक्ता बुद्धिसागर पौडेल बाढीपहिरो नियन्त्रणको ठूला योजना नभएको स्विकार्छन्। उनका अनुसार सबै जिल्लामा १४ वटा भू तथा जलाधार कार्यालयले संरक्षणको काम गरिरहेको छ।

हेलम्बुमा सडक...

तटीय क्षेत्रमा बाढीले पूरै नबगाए पनि भत्काएका, लडाएका घरका भग्नावशेषबाट स्थानीयवासीले काठपात ओसार्दै छन्। बाढी फेरि आउने हो कि भन्ने धेरैलाई त्रास छ। अरनिको राजमार्गअन्तर्गतको मेलम्ची बजारसँग जोड्ने मुख्य सडक बीचैमा भास्सिएर टुटेपछि सहयोग र व्यवस्थापनमा यहाँका जनप्रतिनिधि, स्थानीय आफैं कस्सिएका छन्। केही बेरअघि आफूसँग छुटेका दाजु गणेशलाई मेलम्ची नदीले बेपत्ता बनाएको सम्झँदै हेलम्बु-२ का ४५ वर्षीय कृष्ण ज्योतिले आफूलाई सम्हाल्न सकेका छैनन्। 'माछा फार्ममा गएका दाजुसँगै धेरैजना बेपत्ता भए, यहाँका थुप्रै घर नदीले निल्यो,' उनले भने, 'त्यसैमाथि पनि सडक भास्सियो, हामी त दलदलमा बसेझैं अनुभव भइरहेछ।' हेलम्बुको तटीय क्षेत्रमा उनका दाजुको सहित १० वटा माछा फार्म र केही रिसोर्ट मेलम्चीले बगाएर बगरमा परिणत भएको उनले बताए।

हेलम्बु-७ चनौटे बजारका ५४ वर्षीय बुद्ध घलेको दुईतले घर बालुवाले पुरिएको छ। उनी घर पुरिएको ठाउँ आउँछन्, टोलाउँछन्, साँझ छिमेकीकहाँ बास बस्न जान्छन्। चनौटे बजारका मात्रै चार जना बाढीले बगाएर बेपत्ता भए। घर पुरिएका र बगाएर विस्थापित भएका परिवारलाई वर्षायाममा बासको प्रबन्ध कसरी गर्ने भन्ने चिन्ता छ। बाढीले मेलम्ची बजारबाट हेलम्बु जोड्ने करिब ८ किलोमिटर सडकको सिमकुना, तालाराङ, चनौटे, किउल, तिम्बु तहसनहस बनाएको छ। आउजाउको गाह्रोले राहत वितरण गर्नेहरू हेलम्बु पुगेका छैनन्। आफूलाई दिनुपर्ने राहत मेलम्ची बजार क्षेत्रमै रोकिएको गुनासो हेलम्बुवासीको गुनासो छ। 'चौतारावाट मेलम्ची नजिक पऱ्यो, त्यहाँ पुग्न सडक पनि छ। राहत त्यही मात्रै थुप्रिएको छ,' घरलेले भने, 'यहाँका हामी सयौं पीडित परिवार अरूको घरमा सहारा लिएर बसिरहेका छौं तर हाम्रा लागि राहत आइपुगेन।'

प्रमुख जिल्ला अधिकारी अरुणप्रसाद पोखरेलले हेलम्बु र मेलम्चीमा आएको बाढीले गरेको क्षतिको विवरण तयार भइरहेको बताए। हेलम्बु हुँदै मेलम्ची नदीमा आएको बाढीमा परेर मेलम्चीका ६ सय र हेलम्बुका ३ सय जना प्रभावित भएको प्रारम्भिक तथ्यांक रहेको जानकारी उनले दिए। मेलम्ची बजारमा झन्डै डेढ सय र हेलम्बुमा सयभन्दा बढी घर डुबानमा परेको तथ्यांक छ। घटनामा अहिलेसम्म तीन जनाले ज्यान गुमाएका छन्।

हजार वर्षदेखि पाकिरहेको एक कप चिया

मानव इतिहासका महत्त्वपूर्ण घटना-निर्माणमा कतै प्रत्यक्ष संलग्न र कतै साक्षी हुँदै दक्षिणपूर्वी एसियाको रैथाने एक साधारण बुट्यानको पात (चिया) ले संसार भ्रमण गऱ्यो ।

खाना अध्याय

विकास बस्नेत

संसारमा पानीपछिको दोस्रो प्रचलित पेय हो- चिया । मानव समाजभैं विविधतापूर्ण छ चियाको पेय संस्कृति । चिनियाँहरू सानो कपबाट सुरुप्प पार्छन्, जापानीहरूको विशिष्ट 'चिया सेरेमनी' नै छ, तिब्बतीहरू नौनी हाल्छन्, रुसी कागती-चिया मन पराउँछन्, उत्तरी अफ्रिकामा पुदिना हालिन्छ, अफगानीहरू अलैंची हाल्छन् । बेलायतीहरू चिसो दूध र चिनी थप्छन् ।

संस्कृति र धर्म, अन्वेषण र व्यापार, सामाजिक व्यवहार र औद्योगिक क्रान्तिसम्मको कथामा घोलिएर 'क्यामेलिया साइनेन्सिस' भन्ने एक बुट्यानको पातले बृहत् भूगोल र लामो कालखण्ड बिताएर यो भव्य लोकप्रियता आर्जन गरेको थियो ।

चिया र चीन

त्यसो त दोस्रो चिनियाँ सम्राट् तथा प्रथम कृषिविज्ञ सेन नोङ (इपू २७३७-२६९७) चिया चाख्ने पहिलो मानिस हुन् भन्ने मिथक प्रचलित छ । एक पटक पिउने पानी उमालिरहेका बेला नजिकैको एउटा बिरुवाबाट केही पातहरू हावाले उडाएर उम्लिरहेको पानीको भाँडोमा झारेछ (त्यो चियाकै बिरुवा थियो) । पात मिसिएको पानी स्वादिलो थियो र त्यसले सेनलाई फुर्तिलो बनायो । चियाको प्रथम प्रयोगका थुप्रै मिथकमध्ये यो चर्चित छ । (फर अल द टी इन चाइना, सारा रोज) ।

खानाप्रतिको लोभ र जिज्ञासा मान्छेको आधारभूत चरित्र हो । ऊर्जा, स्वाद, शक्ति, उपचार, स्फूर्ति, मात र मृत्युका लागि समेत मानिसले चाखेर प्रयोग नगरेको वनस्पति भेट्न मुस्किल होला । त्यसैले चियाको टर्रो, तीतो स्वाद र स्फूर्तिदायक गुण थाहा पाउन मान्छेले ती सम्राट् सेन नोङलाई पक्कै कुर्नुपरेन । पानीमा उमालेर दैनिक पेयका रूपमा चिया प्रयोग गरिएको पहिलो निर्विवाद प्रमाणचाहिँ इसापूर्व ५९ मा चिनियाँ दरबारका कवि वाङ बाओले दिएका छन् । आफूले खरिद गरेका एक कमारोसँग वाङले गरेको करार-नामामा अन्य घरेलु कामको लामो फेहरिस्तसँगै 'चिया उमालेर डबकामा हाल्ने' र 'वुयाङ (नजिकैको बजार) पुगेर चियापत्ती किनेर ल्याउने' पनि उल्लेख छ । सम्राट् सुवान (इसापूर्व ५३-५०) को शासनकालमा पूर्वी छेइदुको पहाडमा वु लिझेन भन्ने कुनै एक सामन्तले चियाको ७ वटा बोट लगाएको भन्ने अभिलेख छ ।

बौद्ध धर्म र चिया विस्तार

इसाको पहिलो शताब्दीका सम्राट् मिङ दी सपनामा गौतम बुद्ध देखेछन् । त्यसपछि मिङलाई बुद्धको शिक्षाबारे जान्न उत्कट इच्छा जाग्यो । उनले भारतदेखि हालको अफगानिस्तानसम्म आफ्ना दूतहरू पठाए । दूतहरू थुप्रै मूर्ति, संस्कृत भाषाका बौद्ध ग्रन्थ र दुई जना बौद्ध भिक्षु (कश्यप मतङ्गा र धर्मतारा) सहित चीन फर्किए । संस्कृत भाषाको बौद्ध साहित्यलाई चिनियाँ भाषामा पहिलो पटक अनुवाद कश्यप र धर्मताराले नै गरे ।

हान शासनकाल (सन् २५-२२०) तिर पूर्वी चिनियाँ भू-भागमा शृंखलाबद्ध द्वन्द्व सुरु भयो । बौद्ध धर्मप्रति चिनियाँ शासकहरूको उदारता, राजनैतिक उथलपुथल र सामूहिक बसाइँ-सराइको यो कालखण्ड नयाँ धर्म अनि पेय दुवै विस्तारका लागि उपयुक्त भयो । बौद्धमार्गीहरूमा मद्यपान र मध्याह्नमा ठोस आहरा निषेध थियो । ध्यान र एकाग्रताको अभ्यास चाहिने बौद्धमार्गी-दैनिकीमा निद्रा भगाउने र स्फूर्ति जगाउने निकै उपयोगी पेय बन्यो- चिया । योग, ध्यान, ग्रन्थहरूको अध्ययन-अनुवाद, कर्मकाण्ड, पूजाअर्चना र पाहुना सत्कारमा समेत भिक्षुहरूले चिया प्रयोग गर्न थाले । बौद्ध उपदेशको प्रचार गर्दै किसान, मजदुरदेखि शासकको घरदैलोसम्म पुग्ने भिक्षुहरूले नयाँ धर्म, संस्कार र खाद्य संस्कृतिको संवाहकका रूपमा काम गरे (द टेस्ट अफ एम्पायर, लिज्जी कलिघंम) ।

बौद्ध धर्मसँग चियाको अभिन्न साइनो बोधिधर्म मिथकमा पनि छ । बोधिधर्म भारतबाट बौद्ध धर्म प्रचारका लागि चीन पुगेका थिए । कठोर साधना गरिरहेका बोधिधर्म एक पटक निदाएछन् । ब्युँझँदा आफू तपस्याबाट विचलित भएको थाहा पाएर उनलाई असहय पीडा भयो । आवेगमै उनले आफ्ना आँखाका दुई ढकनी काटेर मिल्काइदिए । भोलि पल्ट त्यहाँ दुई थान चियाको बोट उम्रिएको देखे । उक्त बिरुवाको पात चपाउँदा उनलाई भित्रैबाट आनन्द, स्फूर्ति र आफ्नो तपस्या अगाडि बढाउने शक्ति पैदा भयो । ताङ वंशको (सन् ६०९-९०७) शासनकाललाई चिनियाँ सभ्यताको स्वर्णयुग मानिन्छ । यही समय चीन सबैभन्दा ठूलो, शक्तिशाली र वैभवशाली साम्राज्यका रूपमा उदय भयो । चाङ्गान (हालको सियान) राजधानी कायम भयो । पूर्वाधार, जनसंख्या र चुस्त व्यवस्थापनसहितको भव्य यो महानगर संसारभरिकै सांस्कृतिक केन्द्र बन्यो । फारसी, यहुदी, अरबी व्यापारी, बौद्ध र दाओ धर्म प्रचारक, इसाई मिसनरीहरू त्यहाँ देखिन थाले । सिल्क रोडमा ऊँटको क्याराभान र सामुद्रिक रुटमा अरबीको जहाज हुँदै भारत, जापान, कोरिया, मिश्र, मेसोपोटामियाका कुलीनहरूको घर-घरमा चीनको सिल्क, चिया, कागज र सेरामिकको विलासिता पस्यो ।

ताङ वंशको आरम्भमा चिया र बौद्ध धर्मको एकता झन् झाँगियो । तिब्बती पठारमा लडाकु फिरन्ते जातिका नाइके स्रङ चङ गम्पोको नेतृत्वमा तिब्बतको एकीकरण भयो । गम्पोको सम्भावित आक्रमण टार्न चिनियाँ सम्राट ताई जोङले राजकुमारी वेनचेङलाई गम्पोसँग विवाह गराइदिए (द टु हिस्ट्री अफ टी) । सन् ६४१ मा राजकुमारीले याकको लस्करमा लिएर आएको दाइजोमा रेशमकीराको अण्डा, बौद्ध धर्मग्रन्थ र बुद्धमूर्तिका साथमा चिया पनि पर्याप्त थियो । चिया र बौद्ध धर्म एकसाथ यसरी तिब्बत पुग्यो । ताङ वंशको मध्यसम्ममा दाउरा, तेल, चामल, सोया सस र भिनेगरसहित चिया पनि सात प्रमुख दैनिक आवश्यकताको वस्तुमा समावेश भइसकेको थियो (अ हिस्ट्री अफ फुड) । तिब्बतलगायत छिमेकीलाई चियाको मोहमा पारिसकेको चीनले युद्धका लागि आवश्यक घोडासँग चियाको सौदा गर्ने विदेश नीति बनाएको थियो । यही कालदेखि नै चियामा राज्यको पूर्ण एकाधिकार स्थापित भएको हो । बुद्ध धर्मकै फेरो समातेर चिया जापान पुग्यो । बौद्ध ग्रन्थको अध्ययन गर्न सन् ८०४ मा चीन पुगेका दुई जापानी भिक्षु साइचो र कुकाईले चियालाई जापान पुऱ्याए । यसको दुई शताब्दीपछि सन् १११९ मा चीनबाट जेन बौद्ध धर्म अध्ययन गरेर जापान फर्केका म्योआन इसाईले चिया र जेन बौद्धधर्मलाई लोकप्रिय बनाए ।

तर, चौथौं शताब्दीमा मंगोल शासनकालमा सुस्ताएको चियाको विस्तार मिङ वंशमा (१३६८-१६४४) ब्युँतियो । चिया पकाउने-पिउने काममा मिहिन र लामा कर्मकाण्डहरू जोडिन थाले । धर्मसँग यसको जरो पहिल्याउँदै चिया पुनः एक पटक आध्यात्मिक र शारीरिक स्फूर्तिका लागि आवश्यक पेयका रूपमा स्थापित भयो । त्यसपछिका शासनकालमा चीनको आर्थिक क्रियाकलापको थप सुदृढ केन्द्र बन्न पुग्यो- चिया ।

चियाको एसिया परिक्रमा

परम्परागत उत्पादन, वितरण, उपभोग प्रणाली र बजार विस्तारको सीमाभित्र रहेर १७ औं शताब्दीसम्म चीनलाई केन्द्र मानेर चिया दक्षिण पूर्वी र मध्यएसियामा फैलियो । अरबी जहाज र सिल्क-रोडको बाटो हुँदै चिया विस्तारको यो पहिलो चरण थियो । नवौं शताब्दीमै अरबका साना पानी जहाजहरू क्यान्टोन (हालको ग्वान्जाओ) सम्म पुगिसकेका थिए । व्यापारी सुलेमानले त्यो समयमा पनि चियाको व्यापार हुने गरेको उल्लेख गरेका छन् (सिल्क रोड, सिन्रु ल्यु) । पर्सियाका विद्वान् अल विरुनी चियाविज्ञ नै थिए । उता इरानमा भने तेह्रौं शताब्दीमै मंगोलहरूले चिया पुऱ्याइसकेका थिए । चियाको फारसी शब्द 'चाय' चिनियाँ शब्द 'चा' सँग निकै मिल्दो छ । यसबाट पनि एसिया र मध्यपूर्वको चिया-यात्रा निकै पुरानो भएको पुष्टि हुन्छ ।

एकाधिकार र ट्रेड सिक्रेट

सोह्रौं शताब्दीमा पहिलो युरोपेली पुग्दा चीन आफ्नो सभ्यता, हैकम, भूगोल र वैभवको उचाइमा थियो । चिनियाँहरू आफूलाई ब्रह्माण्डकै केन्द्र ठान्थे । चिनियाँहरूको संस्कृति र बौद्धिक उपलब्धिको जोडा थिएन । कागज, बारुद, चुम्बकीय कम्पासजस्ता कुनै पनि त्यस्तो प्रविधि युरोपेलीसँग थिएन, जुन चिनियाँसँग थियो ।

चीन-अर्थतन्त्रका लागि चिया अत्यन्तै महत्त्वपूर्ण थियो । र, चियाको उपभोग अनि व्यापार इतिहासमा सम्पूर्ण समय चीनकै एक्लो पकड रह्यो । चिया खेती, प्रशोधन र उत्पादनसम्बन्धी ज्ञानलाई चीनले 'ट्रेड सिक्रेट' का रूपमा कायम राख्यो । सन् १४०९ मा तैमरलिनका छोरा शाह रूखले चीनको दरबारमा पठाएका दूत फर्कने बेला चियाको बीउ/बेर्ना तस्करी गरेको हुन सक्ने आशंकामा उनको शरीर खानतलासी गरिएको थियो । सन् १८२४ मा कसैगरी ७० लाख बीउ तस्करी गरेर भागेका डच इस्ट इन्डिया कम्पनीका लेभाइन ज्याकोबसनलाई चीनले टाउकोको मोल तोकेको थियो (अल अबाउट टी, हेलेन सवेरी) । ब्रिटिस इस्ट इन्डियाका लागि चियाको बेर्ना तस्करी गरेर ल्याएका रोबट फर्च्युनको कथा जासुसी उपन्यासको झल्को दिने खालको छ । चीनलाई आधार बनाएर संसारमा चिया-विस्तारको यो पहिलो अध्याय थियो ।

चियाको युरोप यात्रा

सोह्रौं-सत्रौं शताब्दीमा युरोपका कुलीनहरूमा केही विशिष्ट रुचि विकास भए- विदेशी उपभोग्य सामग्रीले शरीर, आवास र थाली सजाउने । लामा दूरीका व्यापारले मानिसको खान्की, ओखती र उपभोग संस्कृतिमा व्यापक परिवर्तन ल्याउन थाल्यो । सन् १५०० देखि १८०० भित्र अन्तर-महादेशीय व्यापार फस्टाइसकेको थियो । एसियालाई भू-मध्यसागरसम्म सिल्क रोडले जोडेको थियो भने मरीच, मसला, पस्मिना र चिया व्यापारिक वस्तु थिए । यस्तैमा कानेखुसी हुँदै गाइँगुइँ गफमा युरोप पुगेको थियो चिया ।

युरोपेली अभिलेखमा चियाको पहिलो उल्लेख भेनिसका अधिकारी जिओभानी बाटिस्टा रामुसियोले सम्पादन गरेको यात्रा वृत्तान्तको ठेलीमा छ । उनले फारसी व्यापारी हाजी मोहम्मदको मुखबाट अरबमा प्रचलित पेय 'चाय' बारे सुनेको लेखेका छन् । पूर्व र पश्चिमको व्यापारिक-सांस्कृतिक संगम थियो- भेनिस । मध्यपूर्वमा त्यसबेलासम्म फाट्टफुट्ट चियापसलहरू खुलिसकेका थिए । यस्तोमा पहलो पटक सन् १६१० मा नेदरल्यान्डको पानीजहाजले जापानबाट पहिलो पटक व्यापारिक प्रयोजनका लागि चिया लिएर आयो । त्यहाँबाट फ्रान्समा सन् १६४० मा र बेलायतमा १६५० मा चिया पुग्यो । युरोपेलीका लागि यो पेय बिल्कुल बिरानो थियो । सन् १६८५ मा मनमाउथको ड्युककी विधवा पत्नीले एक पाउन्ड चिया स्कटल्यान्डमा रहेका आफ्ना आफन्तलाई उपहार पठाइछिन् । प्रयोग-विधि थाहा नपाएर नोकरले पानीमा भकभक चियापत्ती उमालेछ, अनि पानी फालेर चियाको छोक्रालाई सागझैं पस्केछ (टी : अ ग्लोबल हिस्ट्री) ।

चिया, दूध र चिनी

मकाउ र क्यान्टोनका मञ्चु शासनका अधिकारीहरूले दूध चिया पिएको र सन् १६५५ मा आफूलाई पनि पिउन आग्रह गरेको डच व्यापारी जोहाननले लेखेका छन् । युरोपमा भने फ्रान्सेली सम्भ्रान्त म्याडम डेला सेभाइनेले एक बिरामी साथीलाई लेखेको पत्रमा चियामा दूध मिसाएर पिउन सल्लाह दिइएको छ । त्यसयताका युरोपेली पेन्टिङहरूमा टी-पट सेटछेउमा दूधको जग पर्याप्त देख्न सकिन्छ । सम्भवतः महँगा चिनियाँ सेरामिक्सहरू तातो चियाले फुट्ने भएकाले दूध हालेर चिस्याउन थालिएको हुन सक्छ (टी : अ ग्लोबल हिस्ट्री) । तर, फ्रान्समा कफी र चकलेटका अगाडि चियाको प्रभाव जम्न सकेन । दूध मात्रै होइन वेस्ट इन्डिजको उखुबाट उत्पादित चिनी पनि युरोपमा आएर चियासँग मिसियो । युरोपेलीको नियमित भोजनमा धरतीका दुई कुनाबाट आएका खुराक एक ठाउँ जोडिनु अर्को छुट्टै रोचक कथा हो ।

बेलायत र चिया

सन् १६६२ मे १३ का दिन चौधवटा बेलायती युद्धपोत पानीजहाज पोर्ट्समाउथ बन्दरगाहमा प्रवेश गऱ्यो । बाटोमा आँधी आएकाले तीन साताअघि पोर्चुगलको लिसबनबाट हिँडेका सवारी रोकिएका थिए । मूल पानीजहाज 'चार्ल्स' मा भीआईपीको सवारी थियो । जहाजमा पोर्चुगलकी राजकुमारी क्याथरिन थिइन् । आफ्नो आगमनको सूचना दिँदै हुनेवाला पति, बेलायतका राजा चार्ल्स द्वितीयलाई उनले पत्र पठाइन् । ६ दिनपछि चार्ल्स पनि पोर्ट्समाउथ पुगे । त्यही बिहान उनीहरूको विवाह भयो । ऋणमा डुबेका चार्ल्सलाई दाइजोमा पाँच लाख स्टर्लिङ पाउन्ड नगद दिइने प्रस्तावले विवाहसम्म पुऱ्याएको थियो । अन्ततः आधा मात्रै नगद दिन सक्ने भनिएपछि विवाह झन्डै रोकिएको थियो । नगदबाहेक आधा रकमबराबरको मरमसाला र चिनी दिइने प्रस्तावले विवाहको कुरो फेरि अगाडि बढेको थियो । भनेजस्तो दाइजो नपाएकाले बेलायत र पोर्चुगलको सम्बन्ध पछिसम्म पनि राम्रो हुन सकेन । तथापि पोर्चुगलबाट दाइजोका अन्य सामग्रीका साथमा चार्ल्सले ल्याएका दुई चीजले बेलायत, विश्व र चिया संस्कृतिको समेत इतिहास बदलिदियो । ती दुई चीज थिए- चियाको बाकस र बेलायतलाई बम्बईको व्यापारिक बन्दरगाह प्रयोगको अधिकार ।

चियाको लत लागेकी क्याथरिनले सम्भ्रान्त-सर्कलमा यसलाई स्थापित गरिन् भने बम्बईको व्यापारिक र सामरिक महत्त्वको बन्दरगाहले बेलायतलाई चिया व्यापारका लागि रणनीतिक पकड दियो । बेलायतमा चिया स्थापित हुनु र व्यापारको माध्यमबाट बाँकी दुनियाँसँग बेलायतको अद्वितीय सम्बन्ध विस्तारको हुनुको एउटै आधार चार्ल्स-क्याथरिन विवाह थियो ।

इस्ट इन्डिया कम्पनी

इस्ट इन्डिया कम्पनीको स्थापना हुनु नै विश्वव्यापी चिया विस्तारको अर्को आरम्भ थियो । इस्ट इन्डिया कम्पनीलाई बेलायतले इस्ट इन्डिज मुलुकहरूबाट वस्तु आयात गर्ने एकाधिकार दिएको थियो । सन् १६०० मा स्थापना भएर १६१० मा हिरादोमा यसको पहिलो कार्यालय स्थापना भयो । आरम्भमा सीधै चीनसँग पहुँच थिएन, त्यसैले राजा चार्ल्सको चाकरीका लागि कम्पनीले नेदरल्यान्ड्ससँग किनेर चिया दरबार पठाउने गर्थ्यो । चिया र अन्य उपहारसँग प्रभावित दरबारले कम्पनीलाई जमिन अधिग्रहण गर्न सक्ने, मुद्रा निकाल्ने, सेना राख्ने, युद्ध तथा सम्झौता गर्नेदेखि न्याय निरूपणसम्मका असीमित अधिकार प्रदान गऱ्यो । सानो व्यापारिक फर्मको रूपमा स्थापित एउटा संस्था एक शताब्दी-अवधिमा बेलायती औपनिवेशिक शक्तिको खास मानक बन्यो ।

आरम्भमा कम्पनीले पूर्वबाट मरीच, दालचिनी, अलैंची र जाइदानाजस्ता मसला ल्याएर युरोपमा बेच्थ्यो । जहाजका अधिकारीहरू लुकाएर वा सहुलियतमा पाएको कार्गो कोटामा फाट्टफुट्ट चिया ल्याउँथे । यसरी ल्याइएको चियाले बजारलाई थोरै भए पनि भरथेग गऱ्यो र चिया संस्कृति टिकाइरहन सहयोग पुऱ्यायो ।

कफी हाउसमा चिया बिक्री ! महिलाका लागि छुट्टै आउटलेटको व्यवस्था ! पत्रपत्रिकामा आउने चिया-विज्ञापन ! र, चियाको औषधीय गुणबारे डाक्टरहरूको प्रेस्क्रिप्सन ! यी इत्यादि कुराले चिया-विस्तारमा सहयोग पुऱ्यायो । तर, धेरै कुलीनका लागि पछिसम्मै चिया-सेवन केवल विलासिता थियो । सन् १६५० मा १ पाउन्ड चियाको मोल ६ देखि १० पाउन्ड स्टर्लिङ थियो अर्थात् हालको ५०० पाउन्ड बराबर (अ थर्स्ट फर एम्पाएर, एरिका रापापोर्ट) ।

सन् १६६९ मा कम्पनीले पहिलो पटक इन्डोनेसियाबाट चिया किनेर बेलायत ल्यायो । बिस्तारै चियाको आपूर्ति बढ्न थाल्यो । सन् १६७८ मा कम्पनीले ४७१७ पाउन्ड चिया लन्डनको बजारमा आपूर्ति गऱ्यो । इन्डोनेसिया टापुको मरीच र भारतको सुतीबाट कम्पनीको ध्यान अब चियामा मोडिन थाल्यो । त्यसमाथि वास्फ इन्जिनको प्रयोगबाट बनेका मेसिनले बेलायती कपडा उद्योगको उत्पादन ह्वात्तै बढायो । भारतबाट आयात गरिने सुती कपडालाई निरुत्साहित गर्ने कानुन बन्यो । सुती आयातमा कडीकडाउ तथा नाफामा गिरावट आएपछि इस्ट इन्डिया कम्पनीको पूरै ध्यान चियातर्फ मोडियो ।

चिया-आपूर्ति बढेसँगै यसको मूल्य पनि घट्यो । यति हुँदाहुँदै पनि सत्रौं शताब्दीको अन्त्यसम्ममा चिया अझै कुलीनहरूको विलासी पेय मात्रै रह्यो । सन् १७०८ मा पहिलोपल्ट सोझै चीनबाट चियाको आयात हुन थालेपछि यसको मोल घट्यो र समाजका सबै तप्काका लागि सहज उपलब्ध हुन थाल्यो । बिस्तारै चीनबाट आयात हुने प्रमूख वस्तु सिल्कलाई समेत चियाले उछिन्यो ।

अठारौं शताब्दीको आरम्भमा कानेखुसीमा सीमित पेय शताब्दीको अन्त्यमा सबैको भान्सासम्म पुग्यो । सन् १६९९ मा जम्मा ६ टन चिया आयात गरेको बेलायतले अर्को शताब्दीको आरम्भमा ११ हजार टन पुऱ्यायो । कम्पनीको कुल व्यापारको ६० प्रतिशत हिस्सा चियाले ओगट्यो । राज्य-कोषमा जम्मा भएको १० पाउन्डमध्ये १ पाउन्ड चियाले कमाएर दियो । चिया आयात र व्यापारमा पाएको एकाधिकारले कम्पनीलाई राजनीतिक रूपमा निकै शक्तिशाली बनायो । आवश्यक ऐन-कानुन कम्पनीको सहजताका लागि निर्माण भयो । बेलायतमा युरोपका अन्य मुलुकबाट चिया आयात गर्न प्रतिबन्ध लाग्यो । चियामा लाग्ने कर/महसुल घटाइयो र यसले तस्करीबाट आउने चियालाई निरुत्साहित गऱ्यो । चियाको मोल घट्यो र बजार विस्तार भयो । अब चिया र कम्पनीबीचको व्यवधान डचहरू मात्रै रहे । डच कम्पनीसँगको शृंखलाबद्ध युद्ध सन् १७८४ मा टुंगियो । डच इस्ट इन्डिया कम्पनी नै सन् १७९५ मा खारेज भयो । त्यसपछि चिया बजारमा इस्ट इन्डिया कम्पनीको एकछत्र साम्राज्य सुरु भयो ।

चिया र अफिम

आफ्ना लागि आवश्यक वस्तु तथा सेवामा चीन आत्मनिर्भर थियो । तर, युरोपसँग चीनलाई बेच्ने कुनै वस्तु थिएन (युरोपले चीनसँगै चिया खरिद गरिरहेको थियो ।) त्यसैले स्पेनमा चिनी बेचेर प्राप्त भएको चाँदीसँग चिया साट्न बेलायतसमेत बाध्य थियो । तर, बिस्तारै चाँदीको पनि अभाव हुन थाल्यो । चाँदीको ठाउँमा अफिम विकल्पको रूपमा देखियो । चीनमा अफिमको राम्रो माग थियो । सत्रौं शताब्दीको आरम्भदेखि नै एसियाभरि अफिमको तस्करी हुन थालिसकेको थियो । चीन पनि अपवाद थिएन ।

चिनियाँ व्यापारीसमेत अफिमको सट्टा चिया साट्न उत्तिकै लालायित थिए । भारतमा अफिम उत्पादन, बिक्री र तस्करीमा कम्पनीको एकाधिकार थियो । त्यसैले कम्पनी यसैलाई मजबुत बनाउन कस्सियो । यसको व्यापारमा कम्पनीले छद्म रूपमा काम गर्न थाल्यो । क्यान्टोनका भ्रष्ट चिनियाँहरूको पनि यसमा सहयोग रह्यो । सन् १८३० मा आइपुग्दा चीनमा अफिमको निर्यात बढेर १५०० टनसम्म पुग्यो । चीन सरकारले नयाँ नियम-कानुन ल्याएर अफिम-निर्यात रोक्न खोजे पनि सकेन । सन् १८३४ मा चीनबाट पठाइएका नयाँ अधिकारीले क्यान्टोनमा आइपुगेको एक वर्षको अफिमको स्टक जलाइदिए । यसले विधिवत् रूपमा अफिम-युद्धको सुरुआत भयो । युद्ध एकपक्षीयझैं भयो । बेलायतको आधुनिक हतियारसामु परम्परागत र मध्यकालीन हतियार भएको चीन टिक्न सकेन । सन् १८४२ मा हङकङसमेत बेलायतले कब्जा गऱ्यो ।

चीनले आत्मसमर्पण गऱ्यो । व्यापारका लागि थप पाँच बन्दरगाह खोल्न तथा जलाइएको अफिमको क्षतिपूर्ति पनि तिर्न चीन तयार भयो । आफू दुनियाँकै अजेय शक्तिका रुपमा रहेको मिथलाई दूरदराजको सानो टापुले ध्वस्त बनाइदियो । यसले राष्ट्रिय निराशा ल्यायो, विदेशीप्रति चिनियाँमा झन् घृणा जन्माइदियो । त्यसपछि बेलायत, जापान, अमेरिका, फ्रान्स र जर्मनीजस्ता मुलुकको साम्राज्यवादी स्वार्थको खेलमैदान बन्यो चिन ।

दक्षिण एसियामा चिया

आसामको ब्रह्मपुत्र नदीको माथिल्लो भेगमा आदिमकालदेखि नै त्यहाँका आदिवासीले चिया प्रयोग गर्दै आइरहेका थिए । चियाको अचार बनाएर वा फर्मेन्टेसन गरेर तयार पारिने 'लेफेट' भनिने परिकार अझै लोकप्रिय छ । त्यहाँदेखि बर्मा र थाइल्यान्डसम्मको चियाको रैथाने भू-भागका आदिवासीमा यस्तो परिकारको प्रयोग अझै छ । तर, आफ्नै रैथाने भूमिमा चियाको आम प्रयोगका लागि उन्नाइसौं शताब्दीको आरम्भ कुर्नुपऱ्यो । त्यसअघि चियाको नगन्य प्रयोग मात्रै थियो ।

पन्ध्रौं शताब्दीको आरम्भतिर उत्तरी अफ्रिकाको तटसम्म पुगेका चिनियाँ जलसेना प्रमुख झेङ हिको साथ लागेर आएका दोभाषे मा हुवानले बंगालबारे टिपोट गरेका छन्, 'यहाँ धान र अन्न वर्षको दुई पटक पाक्छ । रक्सी तीन प्रकारको पाइन्छ । चियाचाहिँ बजारमा पाइन्न । मानिसहरू बरु पान खान्छन ।' (ट्रु हिस्ट्री अफ टी) ।

चीनबाट युरोप पुगेको चिया सत्रौं शताब्दीको आरम्भमा डच व्यापारीले भारतमा ल्याए । सन् १६८९ देखि १६९३ सम्म सुरतमा बिताएका पादरी जोन ओभिङ्टन भन्छन्, 'चिया सबै भारतीयको आम पेय हो । युरोपेलीझैं उनीहरू चिया मन पराउँछन् ।' तर, उनले भनेझैं आम प्रचलनमा चिया आइसकेको थिएन ।

सन् १७७४ देखि नै कम्पनीले चीनभन्दा बाहिर चियाखेतीका लागि सम्भावित स्थान खोजी गर्न थालिसकेको थियो । त्यही वर्ष चियाका केही बेर्ना प्रयोगका लागि भुटान पठाइएको थियो । सन् १८१६ मा काठमाडौंमा खटिएका रेजिडेन्ट एडवार्ड गार्नरले पनि काठमाडौंमा भेटेको चियाको सम्भावित नमुना बिरुवा कलकत्ता रोयल बोटानिकल गार्डेनका प्रमुख नथानियल वालिचलाई पठाएका थिए । तर, त्यो चियाको बिरुवा पुष्टि भएन । उता मेजर रबर्ट ब्रुसले आसाममा काम गर्दा सन् १८२३ मै चियाका रैथाने बोट देखिसकेका थिए । चीनसँगको चिया-व्यापारमा कायम रहेको एकाधिकार तोडिने आशंका देखेको कम्पनी कुनै पनि हालतमा विकल्प चाहन्थ्यो । बेलायत पनि युरोप र आफ्ना उपनिवेशहरूमा चिया व्यापारले दिएको नाफा कुनै हालतमा गुमाउन चाहँदैनथ्यो ।

अल्पज्ञानले भारतमा चियाखेतीको पहिलो प्रयास सफल भएन । जसोतसो भारतमा उत्पादन गरिएको चियाको पहिलो नमुना १८३९ मा लन्डन पुऱ्याइयो । अर्को वर्ष टी कम्पनीको स्थापना भयो, जसले आसाममा आफ्नै बगान बनायो । रबर्ट फर्च्युनले चीनबाट तस्करी गरेर ल्याएका २० हजार बेर्ना र आसामी जात दुवै खेतीको प्रयोग गरियो । आसाममा रैथाने आसाम-जात बढी सफल भयो । सन् १८६० मा चिया बगानको विस्तार दार्जिलिङमा गरियो । सन् १८७० मा आएर बल्ल चिया उत्पादनले भारतमा जग हाल्यो । चिया पिउने संस्कृतिमा बेलायतको प्रभाव रह्यो । बेलायतबाट दुलाहाको खोजीमा भारत आउने युवतीले उताको 'दिवा चिया' को संस्कृति पनि भित्र्याए । गर्मीले दिउसो काम गर्न नसक्ने बेलायती अधिकारी र तिनको सिको गर्ने भारतीय कर्मचारीतन्त्रमा बिहान घाम नचर्किंदै काम सक्ने चलन बस्यो । नोकरचाकरहरू चिया, दूध, चिनी र साथमा फलफूल वा बिस्कुट लिएर आउँथे । यसलाई छोटा हाजिरीसमेत भनिन्थ्यो । भारतमै चियाको ठूलो बजारको महसुस हुन समय लाग्यो । चियाको पातमा रहेको क्याफिनको लत विस्तार हुन भारतमा बीसौं शताब्दीको मध्य कुर्नुपऱ्यो । दक्षिण एसियामा भारतबाटै चियाको विस्तार भयो । ठूलठूला चिया बगानको स्थापना, सस्तो श्रमको शोषण तथा उत्पादन र वितरणमा नयाँ प्रणालीको आरम्भले केही दशकमै चिया उत्पादक/आपूर्तिकर्ताको एकाधिकारबाट चीन पछारियो । यसले चीनलाई अर्को धक्का लाग्यो । कालान्तरमा भारत संसारकै ठूलो चिया उत्पादक र धरै उपभोक्तासमेत रहेको मुलुक बन्यो ।

●●●

औद्योगिकीकरण र साम्राज्यवाद विस्तारको मियो बन्दै चियाले नै बेलायतलाई अद्वितीय रूपमा शक्तिशाली बनायो । चिया-आपूर्ति र यसको व्यापारबाट हुने नाफाको लोभले बेलायती विदेश नीतिलाई प्रभावित पाऱ्यो । यसैले अमेरिकी स्वतन्त्रा संग्रामको जग खन्यो, उता चीनको प्राचीन सभ्यता धूलिसात भयो, भारत विश्वकै ठूलो चिया उत्पादक मुलुक बन्यो ।

रैथाने भूमिबाट उपहार र व्यापारमार्फत चियाले संसार डुल्यो । चिया जहाँ पुग्यो, त्यही समाजको संस्कार-शैली आत्मसात् गऱ्यो । रैथाने भूमिमा 'टे', 'चा' वा 'चाय' भनिने एक पेय संसार डुलेर स्वाद र परिचयमा केही नवीनता थप्दै, केही मौलिकता कायम राख्दै हाम्रो प्रिय पेय 'चिया' बनेर आइपुग्यो ।

कविता

चन्द्र गुरुङ

सुतिरहेको छ सरकार !

नहोस् नयाँ दिनको आगमन
हाँगा-हाँगामा बसेर
सुरिलो स्वरमा गीत नगाऊ
नचिरबिराऊ ए चराचुङ्गीहरू
सरकार सुतिरहेको छ !

नजन्मियोस् नयाँ सौन्दर्य
नफुलोस् एउटै पनि फूल
कोपिला फूल बनेर
नमगमगाऊ
आउनेछन् हल्ला गर्दै
हूलका हूल भमरा
सरकार सुतिरहेको छ !

खुसीमा नचिच्याऊ पटक्कै
नहोस् जीवनमा कुनै रमाइलो
पनि
हर्षोल्लास मनाउँदै,
नाचगान गर्दै
नबग ओरालो ए खोलाहरू
सरकार सुतिरहेको छ !

ननिस्कियोस् कुनै मीठो धुन
नउडोस् बादल, नचलोस् हावा
ए वर्षात् तिमी रिमझिम
गर्दै नझर
हुनुहुँदैन कुनै होहल्ला
सरकार सुतिरहेको छ !

नचम्किए नचम्कियोस् जून
नउदाए नउदाओस् घाम
नटिलपिलाए नटिलपिलाऊन्
ताराहरू
ए बतास !
गीत गाउँदै नडुल भीरपहरा
सरकार सुतिरहेको छ !

नथालियोस् उमंगको यात्रा
नहिँड नयाँ जोसमा
ए खुट्टाहरू
यी सहस्र पदचापले
भंग हुनेछ वातावरणको मौनता
सरकार सुतिरहेको छ !

सरकार सुतिरहको छ साथी
बस तिमी पनि चुपचाप !

कविता

रिमा केसी

जीवन गीत

कुन शोकमा छ प्रकृति
आकाश रोइरहेछ ।

एकालापमा छन् बाटा
मृत्यु र जीवन, दुवैको
खबर बोकेर
हावा बेतमास बहिरहेछ

बजाउँदै कहिले साइरन
झस्काउँछ हुरी
समय पनि कति निर्मम,
निष्ठुरी !
बेचैनीले घेरिएछन् मन
झ्यालका चेपचेपमा आँखाहरू
च्यापिएछन्

यो रंगीन सहर हो कि
मसानघाट
धूवाँमा उडिरहेछन् लासैलास
रोदन र क्रन्दनमा अभिशप्त
छन् विश्वास

त्यै पनि ठेलेर विरूवाको
टुसाले
ढुंगालाई पल्टाऊँ भन्छ
त्यै पनि छरेर उज्यालो उषाले
अझै जीवन बाँकी छ भन्छ
झरीमा झरिदिएर असरल्ल
शिरीषका फूलले
सारा दुःखलाई फिका
बनाइरहेछ ।

नासो-नोस्तालिजिया

गुरुप्रसाद मैनाली (विसं १९५७ भदौ २३-२०२८ जेठ २५) को बहुचर्चित क्लासिक हो- 'नासो' । 'नासो' उनको एउटै मात्र कथासङ्ग्रह हो, जसका एघारवटै कथा नेपाली साहित्यका पुँजी हुन् । 'कोसेली क्लासिक' मा यस पटक गुरुप्रसाद स्मृति-दिवस (जेठ-२५) को सन्दर्भमा 'नासो' माथिको विमर्श प्रस्तुत छ :

कोसेली क्लासिक

नेत्र एटम

मुधुरो बत्तीको धमिलो प्रकाशमा गुरुप्रसाद मैनालीको 'नासो' कथा सुनाएर आमा र दिदीहरूलाई रुवाउँदै गर्दा म बाह्र वर्षको थिएँ। मट्टीतेल राखेको सानो सिसीमा बत्ती बालेर नाकभरि ध्वाँसो समेट्दै कथाका अनुच्छेदहरू पढ्दा म पनि आँसु पुछिरहेको हुन्थें। देवीरमणले बिहे गरेको रात जब सुभद्रालाई नौली भन्थी– 'सौता भनेको मुटुको वह हो, आजै ओछ्यान छोड्नुपर्‍यो, भोलि घरै छाड्नुपर्छ कि के जानिसक्नु छ र ?' अनि सुरु हुन्थ्यो 'कठै ! कठै !' को सिलसिला। यसको मूल कारण थियो, मेरो बुबाले पनि कान्छी आमा ल्याउनुभएको थियो।

जब देवीरमण सुभद्रालाई एकवचन पनि नसोधी छोरो भएकी कान्छी पत्नीलाई मात्र लिएर तीर्थयात्रामा हिँड्थे, सुभद्राको पीडाका अभिव्यक्ति सुनेर सुँक्कसुँक्कको आवाजसमेत सुनिन थाल्थ्यो। सुभद्रा एउटा पोको च्यापेर रातमा बाहिर निस्केपछि त्यसको पराकाष्ठा आउँथ्यो। गृहविछोडको पीडालाई गहिरो बनाउन जब कथाकार ताराहरू पिलपिल गर्दै रोइरहेको र एउटा तारा खसेको वर्णन गरिरहेका हुन्थे– कथाकी सुभद्रा सुनिरहेकै पात्रमा विलीन भएर ढुकढुकाउन थाल्थिन् अनि डबडबाएका आँसु पुछेर कथा अघि बढाउन मलाई पनि निकै अप्ठ्यारो पर्न थाल्थ्यो।

त्यसरी नासो कथा पढेको ४० वर्षपछि अहिले 'नासो' कथासङ्ग्रह आद्योपान्त पुनर्पठन गर्दै छु। मैनालीसँगको सहयात्रामा म आफ्नो कथाका अनुभूतिलाई पुनः ताजापन दिँदै छु।

'नासो' मैनालीको एउटा मात्र कथासङ्ग्रह हो र त्यसमा सङ्कलित एघारवटा कथा नै नेपाली साहित्यमा उनले जोगाएका चर्चित साहित्यिक पुँजी हुन्। तिनलाई सघन रूपले पढ्नु, विमर्श गर्नु, लेखकीय जीवनयात्रासित जोड्नु र पाठकीय निष्कर्ष निकाल्नु मेरा निम्ति कुनै साहित्यिक यात्राजस्तै रोमाञ्चक विषय हो। कथामा पाइने सामाजिक विषयको गहिराइ, कथ्य भाषाको प्रवाह र सिर्जना शिल्पको प्रभावकारिताका कारक पहिल्याउँदै तिनलाई मैनालीका उमेर र अनुभव जोड्नु निश्चय नै कठिन छ, तर पनि यो यात्रा आनन्द र उत्सुकताले भरिएको छ। किनभने कथा पढ्नु भनेको यसै पनि जीवनका अप्राप्य अनुभवसँग साक्षात्कार गर्नु नै हो।

मैनालीका कथामा प्रवेश गर्दा तिनका सबैजसो पात्र जीवन्त बनेर मनमा गढीकन बस्दा रहेछन्। तिनमा पनि जति दुःख पाउँदासमेत त्यसको कारण आफैंलाई ठानी प्रायश्चित्त गर्ने पात्रहरूले तानिराख्दा रहेछन्। पात्रको मानवीय नैतिकता नै यी कथाले समाजलाई दिने जीवनको रहस्य रहेछ। प्रारम्भमा सौताप्रति अहम् र पतिप्रति पक्षपातको आरोप रहे पनि 'नासो' की सुभद्रा जब पति र पुत्रको सन्तापले घर फर्किन्छिन्, उनको परिवार पुनर्जीवित हुन पुग्छ। 'छिमेकी' मा जोदाहा बाहुबली धनजितेले

> न्याय यथार्थ जीवनमा पाउनुपर्ने हो कि मरेपछि ईश्वरले दिने हो ? मैनालीजस्ता लामो समय न्यायसम्पादनमा बिताएका कथाकारमा समेत यस प्रश्नमा संशय देखिन्छ ।

प्रारम्भमा गुमानेलाई कुलामा लगेर पछारे पनि अन्त्यमा गुमानेको सहयोगले अभिभूत भएर उसको सबैभन्दा घनिष्ठ मित्र हुन पुग्छ। 'कर्तव्य' मा आफ्नो स्वार्थका खातिर दाजुसँग बाबुको जिउनी खेत खानका निम्ति मुद्दा जितेका श्रीधर अन्त्यमा मुरलीधरलाई बोलाएर खेत आधा-आधा खान तयार हुन्छ। 'बिदा' मा घरको करकापमा परी प्रभालाई सौता ल्याउने नरेन्द्र हरिद्वारसम्म पुगेर आफ्नो कमजोरीको प्रायश्चित्त गर्छ। छिमेकीको बिहेमा गएर भात पकाउन ढिलो गरी भनेर पत्नीलाई कुट्ने 'परालको आगो' को चामे अन्त्यमा लाचार भएर गौंथलीलाई फकाउन ससुराली पुग्छ। यसरी पश्चात्तापी पात्रको रचना गर्नुमा गुरुप्रसाद मैनालीको मानवतावादी चिन्तनको प्रभाव परेको छ किनभने उनी मान्छेलाई गल्ती गर्ने तर सधैं सुधारका निम्ति उन्मुख हुने सिर्जना मान्दारहेछन्।

प्रेमसम्बन्धको चित्रण र त्यसको सामाजिक प्रभाव उनका कथाको महत्त्वपूर्ण पक्ष हो। प्रेमको चित्रणमा मैनालीको चिन्तनको विरोधाभास उनका कथामा प्रस्ट रूपमा प्रकट हुन्छ। उनी विवाहअघि हुने युवायुवतीको प्रेमलाई अस्वीकार पनि गर्दैनन् र त्यसमा सन्तुष्ट पनि हुँदैनन्। पात्रहरूको विवाहमा कुल, गोत्र, धन, अवस्थालाई महत्त्व दिनेप्रति उनी व्यङ्ग्य पनि गर्छन्, तर स्वतन्त्र प्रेमलाई सफल देखाउन पनि सक्दैनन्। त्यसैले विधवा गौरीलाई प्रेम र यौनसम्बन्धको सजाय आत्महत्याको प्रायश्चित्तबाट गराउँछन्, झर्रो छेत्री ज्वाइँ खोज्ने अगमसिंह खत्रीप्रति व्यङ्ग्य गरेर पनि प्रभा र नरेन्द्रको प्रेमको सफलतामा उनलाई सन्देह हुन्छ। विवाहित शशि र हरिको प्रेम सफल नभई उनीहरू चिताको ज्वालामा छटपटिनुपर्ने हुन्छ। प्रेम र विवाहको मैनालीको द्विविधा शशिले 'मैले फेरि विवाह गर्नुहुन्छ र ?' भनी सोध्दा हरिको उत्तर हुन्छ– 'हुन्छ-हुँदैन त्यो त म निश्चय गरेर भन्न सक्दिन, तर केही आइमाईले त्यसो पनि गरेका छन्।' यसरी कथामा मैनालीको आधुनिकताप्रतिको बाह्य आकर्षण र परम्परागत हिन्दु चिन्तनको मानसिक सङ्कीर्णता एकै पटक प्रकट हुन पुग्दोरहेछ।

आदर्शको पक्ष हेर्दा उनमा हिन्दु धार्मिक पद्धतिप्रति गहिरो आस्था देखिँदोरहेछ र पात्रहरूको क्रियाकलाप त्यसैअनुरूप चित्रण गर्दारहेछन्। मैनाली आफैं पनि गान्धीको धार्मिक-नैतिक व्यावहारिक पक्षबाट प्रेरित र धार्मिक शुद्धतामा कट्टर रहेछन्। यसैका निम्ति उनले आफ्ना आदर्श पात्रहरूलाई धार्मिक पूजापाठका क्रियाकलापमा संलग्न गराइहाल्दारहेछन्। आदर्श देखिन हिन्दु धर्मकै आड लिए पनि 'परालको आगो' कथामा दलित पात्रको गृहस्थ जीवनलाई आदर्श बनाएर मैनालीले राणाकालमै नेपाली समाजलाई महत्त्वपूर्ण सन्देश दिएका हुन्। नेपाली साहित्यमा दलित अध्ययनका निम्ति विसं १९९५ सालमा प्रकाशित यो कथा प्रारम्भ र गौरव दुवै हो।

जातीय दृष्टिबाट उनका कथा पढ्दा पनि गजबकै निष्कर्ष निस्कँदोरहेछ। उनले कथामा आफूलाई जान्ने-बुझ्ने ठान्ने, कमजोरको पक्ष लिएजस्तो पनि गर्ने, गरिबहरूलाई लडाएर रमिता पनि हेर्ने तर परिआएको बोला आफ्नो स्वार्थका निम्ति सत्यलाई तिलाञ्जली दिन तयार हुने कातर मध्यम वर्गको प्रतिनिधित्व बाहुन पात्रबाट गराएका रहेछन्। 'छिमेकी' कथाको धर्मानन्द पाध्ये पढे-लखेको र बुजुग भए पनि मान्छेबीच फाटो पार्न र झगडाका निम्ति उचाल्न रमाइलो मान्छ। 'पापको परिणाम' को दीनानाथ पाध्ये पनि पहिले जुठे, धनेजस्ता पात्रलाई कान्तुको विपक्षमा सहानुभूतिको नाटक गर्छ, तर वन फाँडेको आरोप आफूमाथि पनि पर्ने देखेपछि असत्यको सहारा लिएर गरिबहरूलाई नै सजायको भागीदार बनाउँछ। नेपाली समाज अहिले पनि यस्तै अनेक रङका स्वार्थचालित नीच बुद्धिजीवीहरूको कोपभाजन बनिरहेको यथार्थ पनि यसले सङ्केत गर्नेरहेछ।

न्याय यथार्थ जीवनमा पाउनुपर्ने हो कि मरेपछि ईश्वरले गर्ने हो ? मैनालीजस्ता लामो समय न्यायसम्पादनमा बिताएका कथाकारमा समेत यस प्रश्नमा संशय देखिनेरहेछ। उनका कथामा न्यायको पालना ईश्वरले गराउँछन् भन्नेमा विश्वास पाइन्छ। 'नासो' कथामा देवीरणकी कान्छी पत्नी दुलहीको मृत्यु गराएर सुभद्रालाई न्याय दिलाइएको छ। 'पापको परिणाम' कथामा गरिब-मारा कान्तुका दुवै छोरालाई मरेको देखाएर जुठेको छोराप्रति न्याय गरेको सङ्केत गर्न खोजिएको छ। 'सहिद' मा वीरबहादुरको पैसा चोर्ने धने पछि पुलिसको थुनामा परेर सजाय पाएको छ। यी कथामा भएका घटना कथाकारका दृष्टिमा पाप धुरीबाट कराएका उदाहरण हुन् किनभने उनको न्यायप्रणालीले गौरीलाई न्याय दिन सक्दैन, प्रभालाई नरेन्द्रको परिवारमा स्थापित गर्न सक्दैन, शशिलाई जीवनदान दिन सक्दैन। सौतेनी आमाका ताडन भोग्नु कृष्णको नियति बन्छ। त्यसैले उनका कथा सकारात्मकभन्दा नकारात्मक र सहानुभूतिशील बनेका छन्।

मैनालीका कथामा पाइने समाजको अध्ययन, घटना र परिवेशको चित्रण एवम् पात्रहरूको योजनाको रूपरेखामा उनको घुमन्ते बसाइ र जागिरको विशेष प्रभाव परेको छ। मैनालीको जन्म धनकुटामा भए पनि उनको पुर्ख्यौली घर काभ्रेको कानपुर हो। तर, उनको खास बसाइ भने नुवाकोटको नर्जा-कपिलासमा भएको हो। उनका पिता काशीनाथ मैनाली राणाकालमा प्रभावशाली सरकारी जागिरे भएका कारण सरुवासँगै उनको बसाइ तराई र पहाडका विभिन्न स्थानमा भएको पाइन्छ साथै न्याय र प्रशासनिक अड्डामा रहेको आफ्नै जागिरले पनि उनलाई नेपाली जीवनलाई नजिकबाट बुझ्न सहयोग गरेको देखिन्छ। काठमाडौंमा रहँदा पं. हेमराज पाण्डेको पुस्तकालयमा पढेर होस् वा वागलुङ, रौतहटका गाउँ डुलेर होस्, मैनालीले जनजीवनलाई नजिकबाट पर्गेल्ने अवसर पाएका हुन्। त्रिभुवनकी आमासँग भारत भ्रमणमा जाँदा उनले त्यहाँ नेपालीहरूको अवस्था देखेका हुन्। यी सबै पक्षको छाप उनका कथामा पर्याप्त छ र उनको पक्षधरता पनि गौंथली, प्रभा, शशि, वीरबहादुर, जुठेजस्ता कमजोर वर्गका पात्रप्रति नै देखिन्छ।

नासोको पुनर्पठन गर्दा मेरो मनमा पटकपटक आइरहेको एउटा प्रश्न हो– वास्तविक जीवन र कथाबीच के फरक हुन्छ होला ? जीवन समयअनुसार परिवर्तन हुँदोरहेछ, तर कथा भने जस्ताका तस्तै रहिरहँदोरहेछ। समस्या पर्दा समाधानका निम्ति जीवनमा अनेकौं बाटा पहिल्याउन सकिने रहेछन्, तर कथाको भने यात्रा सधैं एउटै र उही बाटामा मात्र हिँड्दोरहेछ। त्यसैले त ९५ वर्षपछि अहिले पनि देवीरमण सुभद्रालाई सौता हालेर धर्मको ठेकेदार भइरहेका छन्, चामेले गौंथलीलाई कुटेर परपीडनको आनन्द लिइरहेकै छ। कतै कान्तु पाध्ये सधैं सत्ता र सम्पत्तिको बलले जुठे, धने र मङ्गलीजस्ता गरिबहरूको बिजोक बनाउँदै निर्धक्क दादागिरी गरिरहेको छ भने इमानदार वीरबहादुर विदेशमा रिक्सा तानेर गाउँमा परिवारको बिजोग हेर्दै छ।

वास्तवमा हाम्रो नेपाली समाज के अहिले 'नासो' का कथामा भन्दा अग्रगामी भएको हो त ?

एक मुठी सास

पर्यावरण

सुशील बीके

कतिखेर जान्छ, कुनबेला जान्छ,
निरुमाया,
आफ्नो भन्नु एक मुठी परान छ,
रिवन छोटो छ, जीवन... !

'एक मुठी सास', एकछिन फेर्न नपाए मानिसको 'एक मुठी प्राण' को के हुन्छ ? अक्सिजन अभावमा कोरोनासँग संघर्ष गरिरहेका तमाम बिरामीसँग सायद यसको जवाफ होला। 'सास' को अभावमा प्राणी जगत्को अस्तित्व कल्पना गर्न सकिँदैन। तर, यो ध्रुवसत्यलाई गम्भीरतापूर्वक आत्मसात् गर्न र यसमाथि विमर्श पनि कि महामारी आउनुपर्‍यो कि हाम्रो आकाश तुर्वालोले ढाक्नुपर्‍यो !

गत महिना युरोपका एक वृद्ध एक रात अस्पतालको भेन्टिलेटरमा उपचाररत थिए। निको भएर बिल तिर्ने बेला उनी भक्कानिएर रोए। अस्पतालले भन्यो, 'उपचारको पैसा लिँदैनौं, निःशुल्क गरिदिन्छौं।' त्यसबेला वृद्धको भनाइ सामाजिक सञ्जालमा चर्चित छ। भनेका थिए, 'म पैसा तिर्न नसकेर रोएको होइन। एक रात भेन्टिलेटरबाट अक्सिजन लिँदा यति धेरै पैसा तिर्नुपर्ने रहेछ। मैले जीवनभर प्रकृतिबाट सित्तैंमा अक्सिजन पाएँ, तर त्यसको मूल्यबोध कहिल्यै गरिनँ। आज प्रकृति-बोध भएर, प्रकृति सम्झेर रोएको हुँ।'

ती वृद्धको प्रकृति-बोध र लडाइँको लाहुरेको भाव व्यक्त गर्ने सुरुको गीतले भनेझैं अहिले मानिसलाई 'एक मुठी परान' जोगाउन कठिन-कठिन छ। सायद अस्पतालमा प्राणवायु अक्सिजनको उपलब्धता सहज र पर्याप्त हुँदो हो त 'एक मुठी सास' को अभावमा 'एक मुठी प्राण' जाने थिएन। भर्खर बितेको समयले प्राणवायुको स्रोतको महत्त्व बुझ्न र प्रकृति संरक्षण गर्न मानिसलाई पढाएर गएको छ। अहिले पनि नभए प्रकृति-बोध, हामीलाई कहिले होला ?

●●●

कोभिड-१९ प्रवेशपछि मानिसमा श्वासप्रश्वाससम्बन्धी व्यथा बढ्यो। र, उपचारमा अक्सिजन प्रमुख बन्यो। विश्वव्यापी रूपमा भाइरसले ताण्डव मच्चाइरहँदा देखिएको अक्सिजन अभाव पछिल्लो पटक कोरोनाको दोस्रो लहरपछि झन् तीव्र बनेको छ। अक्सिजन अभावमा केही समयअघि भारतमा देखिएका हृदयविदारक दृश्य हामीले नेपालकै विभिन्न अस्पतालमा भोग्यौं।

एउटा बेड र अक्सिजन पाउन मानिसले पालो पर्खेको, पर्खंदा-पर्खंदा वा अक्सिजनसहितको बेडको खोजीमा एम्बुलेन्समा डुल्दा-डुल्दा उसले सास फेर्न छोडेको घटना सम्पूर्ण मानिसका लागि 'आधुनिक' शताब्दीको एक भयानक बज्रपात हो। एक मुठी सासका लागि बिरामी र आफन्तहरूले गरेको हार-गुहार, अनुनय-विनय, संघर्ष र बिरामीको चीत्कारले हामीले सास फेरिरहेको एउटा डरलाग्दो समय बयान गर्छ।

अक्सिजन उत्पादन, भण्डारण र आपूर्ति व्यवस्थापन प्रणाली चुस्त नहुँदा हामीमाथि झन् गम्भीर स्वास्थ्य संकट आइपरेको छ। न हामीले गत वर्ष संघ, प्रदेश र स्थानीय सरकारले प्रभावकारी रूपमा गरेको कामलाई निरन्तरता दिन सक्यौं न दोस्रो लहरबाट तीव्र गतिमा आक्रान्त देशको उदाहरणबाटै केही सिक्यौं !

> यो समय हामीले अक्सिजन-विमर्श गर्नु छ । सास फेर्ने वायुमण्डलमाथि गम्भीर चिन्तन गर्नु छ ।

जनताले यस्तै जटिल समयमा राज्यको अनुहारतिर हेर्ने हो। विलम्ब नगरी तत्काल पर्याप्त अक्सिजन, भेन्टिलेटर व्यवस्था गर्नु र सर्वसुलभ, गुणस्तरीय स्वस्थ्य प्रणालीलाई व्यवस्थित गर्नु राज्यको पहिलो कर्तव्य हो। रोगले थलिएका र भोकले गलेका नागरिकको अनुहारमा खुसी फर्काउने काम राज्यकै हो।

●●●

कोरोनाबाट मानव जाति, मानव सभ्यताको रक्षा गर्न विश्व समुदाय नै लागिरहँदा कतिपय मानिस कमिसन र कालोबजारीको जाल बिछ्याइरहेका छन्। अक्सिजन अभावको यो समयमा पनि मानिसको लासमाथि टेकेर नाफा खोज्ने मानवताविरोधी मानिसको भद्दा इतिहास आउने पुस्ताले पढ्ने नै छ। र, भावी पुस्ताले त्यसबेला हामीलाई खराब समयको खराब मानिसका रूपमा स्मरण गर्नेछ।

मर्ने/बाँच्ने ठेगाना नभएको महामारीमा समेत कालोबजारी गर्नेलाई भन्न मन छ, 'महासंकटका बेलासमेत कालोबजारी गर्ने मानवहरू, एक मुठी सासका लागि मानिसले अहिले निकालेजस्तो चीत्कार तिमीहरूले कहिल्यै निकाल्नु नपरोस्, तिमीहरूलाई शुभकामना !'

●●●

यो समय हामीले अक्सिजन-विमर्श गर्नु छ। हामीले सास फेर्ने वायुमण्डलमाथि चिन्तन गर्नु छ। गत महिना मात्रै संसारकै सबैभन्दा प्रदूषित सहरको रेकर्ड राख्यो काठमाडौंले। औद्योगिक विकासका नाममा संसारभर हुने व्यापक कार्बन उत्सर्जनले वायुमण्डल प्रदूषित मात्रै भएको छैन, प्रत्येक वर्ष पृथ्वीको तापक्रमसमेत बढ्दै गएको छ, जसका कारण पृथ्वी र मानव नै जोखिममा पर्न थालेको संकेत जलवायु परिवर्तनका असरहरूबाट देखिएकै छ।

पर्यावरण नास गरी भइरहेको 'विकास' ले आजकाल रूखविरुवा कम, ग्रिलले छोपिएका भवन ज्यादा देखिन्छन्। हरियाली किन बनाउनुपर्छ ? हामीले रूख किन रोप्नुपर्छ ? प्रकृति-बोध गरेका बूढापाका भनिरहन्छन्, 'हामीले व्यापक रूख रोप्नुपर्छ। एक मुठी सासका लागि !' पुरानो समयका मानिस प्रकृति-समीप रहे र रूखको महत्त्व बुझे। तर, के हामी उनीहरूलाई सुनिरहेका छौं ?

किन बारबार बगाउँछ बाढीले ?



भोगाइ

अनिता पण्डित

बाढीले मेलम्ची बजार डुबाएको छ। डुबाएको छ, मनाङका बस्तीहरू। अघिल्ला वर्षझैं तराईका बस्ती डुबानको त्रास पनि सुरु भइसकेको छ। झरी सुरु भएसँगै धेरै बस्तीका जनधनसाथ कैयौंका आशा, सपना र भविष्यसम्म सँगालिएका भौतिक आधार पनि डुबेका छन्। बगेका छन्।

जो बाढीसँगको संघर्षमा बाँच्छन्, ती पूरै एक्लिन्छन्। बगेका आफन्त, सम्पत्ति, अनि सम्पत्तिसँगै बगिएका सपनाहरूको चहऱ्याउँदो सम्झनाले तिनका मन कालान्तरसम्मै भारी भइरहन्छ। यस्तो संकटमा सबैखाले प्राकृतिक प्रकोपबाट पीडितहरू आफूलाई नितान्त एक्लो महसुस गर्छन्।

त्यस्तै गहिरो एक्लोपनासँग पटक-पटक परिचित हुनुपरेको छ, मैले पनि। त्यो कहालीलाग्दो समयमा पीडितको आफ्नो भन्ने कोही हुँदैन। साथमा समुदाय आइपुग्दैन। सरकार टाढै बस्छ अनि आँकडा गन्छ। सुविधाभोगीहरू मिडियाबाट रमिता हेर्छन्। प्रकोपले डरलाग्दो हिनामिना गरेको ठाउँमा वस्तुगत कारण खोज्ने वैज्ञानिक सुझबुझ हुँदैन। बरु रहस्यमय व्याख्या, भ्रान्ति, अन्धविश्वास, भाग्यको खेल वा कर्मको फलजस्ता अवैज्ञानिक विश्वासहरूले शासन गरिरहेका हुन्छन्।

सरकार त छेउमै पर्दैन। ऊ त टेलिभिजन, रेडियो र अनलाइनमा भेटिन्छ। न पीडितको दुःखमा हुन्छ, न त्यस्तो दुःखले उसलाई छुन्छ !

पछिल्ला १५ वर्षमा (नुवाकोटको सातबिसेमा) मेरो परिवारले बाढी-प्रकोपकै कारण तीन फरक-फरक ठाउँमा बास सर्नुपर्‍यो। तीन पटक नयाँ बास खडा गर्नुपर्‍यो। बाढीले खेत बगायो, दुई पटक घर ध्वस्त भयो। बाख्रा र भैंसी बगायो। बाली बगायो। मेरी आमाले बच्चासरी माया गरेर हुर्काएका आँप, लिची, केरा, कटहर, मेकाडामिया नट र निबुवाका बोट पनि उखेलेर लग्यो। धन्य, हामी कसैको ज्यान गएन। हामीले आफन्तजन गुमाउनुपरेन।

बगेर, पुरिएर भएको खतीको पूर्ण भर्पाई कसैगरी हुँदैन। तमासा मात्रै हेर्ने समुदाय, रेडियो-टीभीमा मात्रै भेटिने शासन-व्यवस्था हामीसँग भएसम्म पीडितको दुःख हरेक नयाँ मोडमा नयाँ किसिमको दुःस्वप्न बनिरहन्छ। यस्तो सामाजिक-राजनीतिक परिपाटीमा न तुरुन्तै मद्दत पुग्छ, न न उद्धार ! जहाँ हराएकाका तुरुन्तै खोजी हुँदैन, घाइतेका उपचार हुँदैन। पीडितले पालमुनि चाउचाउका भरमा कैयौं दिन गुजार्नुपर्छ। बगेको बास, गुमेको सम्पत्ति कसैगरी फिर्ता हुँदैन। फेरि अर्को बास बसाउने मेसोमा प्रकोप-पीडित नितान्त एक्लो हुन्छ। भावनात्मक रूपमा विक्षिप्त ती व्यक्ति वा परिवारलाई ढाडस दिने र सहयोग गर्नेहरू भेटिन्नन्। बरु अरूको आपत्लाई अवसरमा ढाल्न तरखर मानिसहरू भेटिन्छन्।

बजारले सामानको भाउ बढाइदिन्छ। कत्ति आफन्त-साथीभाइको पनि भाउ बढ्छ। घरबार उडेकाका गाँसबासको जोहो, रोजगारीको प्रबन्ध, बालबच्चाका शिक्षालगायत विषयमा सरकार वा समुदायले जिम्मा लिन्थ्यो भने यस्ता प्राकृतिक प्रकोप त प्राकृतिक संकट वा दुर्घटना 'बढी' र मानवताको प्रकोप र संकट 'कम' बन्थ्यो। तर, हाम्रोसामु वास्तविकता अर्कै छ।

हरेक बर्खायाम भयानक संकट बन्छ। मानौं यो संकट हाम्रो 'नियति' हो। के यो नेपालीको 'नियति' बन्नुपर्ने विषय हो र ?

बाढीपछिको सिन्धुपाल्चोक मेलम्ची बजार । तस्बिर : कान्तिपुर

गम्भीर प्रश्न हामीसामु छ। फेरि पनि 'प्रकृतिले नेपालीलाई ठगेको' भाष्य बनाइनेछ। प्रकोप नियन्त्रण, वातावरण संरक्षण र प्रकोपमा परेकाको उद्धारमा समुदायस्तरको भूमिका र राज्यको कर्तव्य एवम् र सचेत प्रयासलाई पृष्ठभूमिमा धकेलिनेछ।

नेपालको भौगोलिक संरचना जटिल र विविधतापूर्ण छ। त्यसैले मानवीय गतिविधि वैज्ञानिक तवरले, योजनाबद्ध र विशेष सावधानीसाथ गर्नुपर्ने हुन्छ। तर, आजसम्म पनि सुरक्षित र दिगो पूर्वाधार निर्माण, बस्ती बसाउनुपूर्व दक्ष प्राविधिक र नयाँ प्रविधिको प्रयोग गरी भौगर्भिक अध्ययन-अनुसन्धानपछि मात्रै काम थाल्नुपर्ने व्यवस्था र मापदण्ड राज्यले गर्न सकेको छैन। यसका लागि शासकवर्ग तयार नै देखिन्न, बरु प्राकृतिक स्रोतसाधनको चरम दोहन गरी कमाउ-धन्दा चलाउने र शासनमा टिकिरहने एक सूत्रमा कटिबद्ध छ। त्यसैले भौगर्भिक अध्ययन तथा बस्तीहरूको व्यवस्थापन गर्ने कामको पूर्ण जिम्मेवारी सरकारले लेला भन्ने धेरैले सोच्दै नसोच्ने विषय हो।

हामीकहाँ बाढीपहिरोले बर्सेनि नास गर्ने केही कारण छन्- भिरालो जमिन, भिरालो जमिनमा गरिने खेती, बनाइने घर, कुलो र सडकजस्ता संरचना, नदीको कटानी, वनजंगल फडानी, बगर बेच्न बनेका क्रसर धनीहरूले कोपरेका नदी, तराईका फाँटहरूमा भारतले बाँधेको बाँध र बाँधले रोकेको पानी ! बाढीपहिरोका प्राकृतिक कारणहरू पनि सचेतन प्रयासबाट रोक्न सकिने अवस्थामा आजको मान्छे छ। तर, के त्यसो भइरहेको छ त ? छैन। बरु टक्क अडिएका पहाडहरू फोरेर प्लटिङ गरिँदै छ, चट्ट परेका नदीनालामा ठूलो फलामे नंग्रा गाडेर भएभरका बालुवा, ढुंगा, गिट्टी निकालिँदै छ। नदीहरू साँघुरो बनाइँदै छ, जंगल मासेर बेचिँदै छ र वन फाँडेर विमानस्थल बनाइँदै छ।

पहाड फोर्नेहरू, वन मास्नेहरू, नदी बेच्नेहरू त सुरक्षित ठाउँमा बस्छन्। गलत धन्दाबाट कमाएको धन थुपार्दै जान्छन्। तिनीहरू नै नीति बनाउँछन्, अर्को तरिकाले

> बितेका १५ वर्षमा बाढीकै कारण मेरो परिवारले तीन फरक-फरक ठाउँमा तीन पटक नयाँ बास खडा गर्नुपर्‍यो । बाढीले बारबार एउटै खेत बगाएपछि विक्षिप्त हुँदै आमा भन्नुहुन्थ्यो, 'रुन सक्नेहरू विपद्मा रोएर पनि मन हल्का पार्छन्, तर हामी रुनसम्म सक्दैनौं, त्यसले भित्रभित्रै आगो बाल्छ र मन पिरोलिन्छ ।'

फेरि लुट्छन्। र, जोसँग सम्पत्ति छैन, उनीहरूको सुरक्षामा थप चुनौती थप्दै जान्छन्।

गरिबहरू नै बाढीपहिरो र अनेक बिपत्तिको मारमा पर्छन्। तिनकै जीवनको ठरठेगानमाथि हमला हुन्छ बारम्बार।

आजको समय र बेथितिको दोषी को हो ? ती हुन्, जो खोला किनारामा झुपडी बनाएर बस्न बाध्य छन् ? भिरालोमा दस नंग्रा खियाएर खेती गर्नेहरू ? नदी किनारमा वा असुरक्षित पहाडमा बस्न बाध्य हुनेहरू को हुन् ? किन बस्छन् त्यहाँ ? किन त्यहीं बगेर र पुरिएर मर्न बाध्य छन् ती ? किन तिनीहरूकै मिहिनेत बग्छ भीरबाट ? किन तिनकै पसिना बगाउँछ बाढीले ? किनारामा, भिरालोमा बस्नेहरूसँग जोडिएका यी-यस्ता निरुत्तरित प्रश्नहरू र तिनका 'नियति' को जवाफ खोज्ने जिम्मा कसको हो ? सरोकारवाला को-को हुन् ? तिनका काम के-के हुन् ? मान्छे र धन-पसिना बगिसकेपछि गरिने शासकहरूका आकाशे निरीक्षण वा हेलिप्याडबाट देखाइने हातहरूलाई के मान्ने ? लासहरूलाई ठाडो पारेर देखाइएको माझीऔंला मान्ने कि बल्लतल्ल बचेका र घाइतेजनलाई देखाइएको धारे हात ? एकातिर कोरोनाको कहर र अर्कोतिर बाढी-पहिरोको प्रकोप र जोखिम ! सरकारलाई भने निरीक्षण गर्न, उद्धार समिति बनाउन, प्रतिवेदन तयार गर्न कम्तीमा पनि एक वर्ष लाग्नेछ। हतारमा बस्ती पुग्ने र चुस्त देखिने राहत कार्यक्रमवालाका सहयोगी साना हात र भयंकर ठूला क्यामेराहरूले प्रकोप-पीडितको वेदना कम गर्छ या अर्को वेदना थप्छ ? यो पनि ज्वलन्त प्रश्न छ।

प्रकोपले मानिसको भौतिक सम्पत्ति मात्रै खोस्दैन, पीडितहरूको आत्मविश्वास, उत्साह र सपनाहरू पनि खोस्छ। प्रकोप झेलेको मानिस मानसिक रूपमा पनि विक्षिप्त बन्छ। पहिलो पटक बाढीले बगाएको खेतलाई दस वर्ष लगाएर बालुवालाई माटो बनाएर, थुप्रिएका गेगर ढुगांहरूलाई फरिया र कमिजको फेरमा पोको पार्दै बाहिर फाल्दै खेतीयोग्य बनाएको खेत पुनः बाढीले बगाएपछि मेरी आमा विक्षिप्त हुँदै भन्नुहुन्थ्यो, 'रुन सक्नेहरू विपद्मा रोएर पनि मन हल्का पार्छन् तर हामी रुनसम्म पनि सक्दैनौं, त्यसले भित्रभित्रै आगो बाल्छ र मन पिरोलिन्छ।' आमाको यो भनाइले मलाई अझै झस्काउँछ।

मेरो यो संस्मरण एक उदाहरण मात्रै हो। वास्तवमा नेपालमै बर्सेनि बाढी-पहिरोको सिकार बनेका हजारौं मान्छे साधारण र अनिवार्य आवश्यकतालाई पनि पूरा गर्न नसक्ने अवस्थामा छन्। शिक्षा, स्वास्थ्य सेवाको पहुँचबाट टाढा छन्। अपमान, विभेद र मानसिक रोगका सिकार बनिरहेका छन्। आत्महत्या गर्नसम्म पनि पछि पर्दैनन्। अब पनि यो विषयलाई 'हुने हुनामी' मानेर मात्रै बसिरहन सकिन्छ ? सकिँदैन। समस्याको जड सामाजिक-राजनीतिक व्यवस्थाभित्र छ भन्ने पहिचान गरी काम थाल्नैपर्छ।

विकसित भनिने पुँजीवादी देशहरूमा पनि प्राकृतिक प्रकोप भइरहन्छ, तर जोखिम उठाउने गरिखाने वर्ग नै हुन्छन्। ती देशहरूमा प्रकोप जोखिमको अध्ययन त गर्ने गरेको देखिन्छ, तर हुनेखानेलाई नै बचाउने ढंगबाट योजना बन्छन्। भारतमा बाढीले मुम्बईका टावरहरू बगाउँदैन, बिहारका झुपडपट्टी बगाउँछ, फिलिपिन्समा समुद्री आँधीले गरिबहरूको बस्ती तहस-नहस पार्छ। टेक्सासको बाढीले पनि गरिबकै बस्ती डुबाउँछ। यस्तो किन हुन्छ ? किनकि जुन ठाउँ सुरक्षित, सम्पन्न र समृद्ध छ, त्यो ठाउँ पैसावालाहरूले नै कब्जा गर्छन्। प्राकृतिक स्रोतकै दोहनबाट जीवन सुरक्षित र सहज गर्न पुँजीपतिहरू अग्ला र बलिया भवन बनाउँछन्, ठूला गाडी चढ्छन् र तिनका सुख-सयलका साधनहरूले प्रकृतिलाई नै हानि पुऱ्याइरहेको हुन्छ। र, पुनः गरिबहरूलाई अझ कंगाल बनाउँछ। असमानताको खाडलमा डुबेका बहुसंख्यक आममानिस फेरि शासित हुनुपर्छ तिनैबाट।

प्राकृतिक प्रकोपको हल पहिलो त प्रकृतिलाई सही व्यवहार गर्ने प्रयासबाट गर्न सकिन्छ भने दोस्रो राजनीतिलाई सही बनाउने कोणबाट। यसमा प्रधान पक्ष राजनीति नै हुन आउँछ। किनभने प्रकृतिसँग सही व्यवहार गर्ने योजना पनि राजनीतिक योजना नै हो र हुनुपर्छ। प्रकृतिसँग सही व्यवहार गर्न बिरुवा रोपौं, नदीनाला संरक्षण गरौं। यसको मुख्य चालकशक्ति राजनीतिलाई ठीक गरौं। पैसा हुँदा मात्रै जीवन-सुरक्षा पाउने नत्र बग्नुपर्ने, पुरिनुपर्ने, जल्नुपर्ने राजनीतिलाई बुझौं। खोलाकिनारामा झुपडी बनाउनु नपर्ने, तारेभीरहरूमा घर ब

संस्कृतिविद् जोशी डिस्चार्ज

काठमाडौं (कास)- वाङ्मय शताब्दी पुरुष संस्कृतिविद् सत्यमोहन जोशी १० दिनको उपचारपछि शुक्रबार अस्पतालबाट डिस्चार्ज भएका छन् । जेठ २६ मा ज्वरो र श्वासप्रश्वासमा समस्या भएपछि उनलाई ललितपुरको इमाडोलस्थित किस्ट शिक्षण अस्पतालमा भर्ना गरिएको थियो । उपचारका क्रममा उनमा छातीमा संक्रमण, मुटुको चालमा गडबडीका साथै रक्तचापमा कमी देखिएको थियो । जोशीको उपचारमा खटिएका प्रा.डा. मिलेशजंग सिजापतिले स्वास्थ्य अवस्था सामान्य भएर साविकसरह खानपिन र हिँडडुल गर्न थालेकाले मुटुको औषधि दिएर उनलाई डिस्चार्ज गरिएको बताए । 'उहाँ अहिले प्रेसर, सुगर, दमजस्ता रोगबाट मुक्त हुनुहुन्छ,' उनले भने, 'नियमित व्यायाम, खानपिनमा ध्यान दिएकै कारणले स्वास्थ्य राम्रो भएको देखिन्छ ।' जोशीको पीसीआर परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको थियो । जोशीका भतिज अजरमान जोशीले आराम गर्नुपर्ने भएकाले केही दिन फोन वा भेटघाटमा नआउन विभिन्न संघसंस्था तथा मिडियाकर्मीलाई अनुरोध गरेका छन् । जोशी गत वैशाख ३० मा एक सय २ वर्षमा प्रवेश गरेका थिए ।

'फौजी कीरा' ले मकैबाली सखाप

मुख्य बालीमै कीरा लागेपछि चेपाङ समुदायमा अनिकालको चिन्ता

रमेशकुमार पौडेल (चितवन)

पातभरी ठूला-ठूला छिद्र, गुभोमा कीरा । सीमान्तकृत आदिवासी चेपाङ समुदायको मुख्य बसोबास रहेको चितवनका पहाडी क्षेत्रहरू कोराक र लोथरमा अहिले मकैबालीको अवस्था यस्तो देखिन्छ । यहाँ चेपाङहरूको मुख्य अन्न नै मकै हो । तर मकैको कलिलो बोटमै फौजी कीरा लागेपछि स्थानीय अनिकाल लाग्ने हो कि भन्नेमा चिन्तित छन् । यसअघि यस्तो समस्या नदेखेको उनीहरू बताउँछन् ।

राप्ती नगरपालिका-१० कोराक ढाँडखोलाका वीरबहादुर चेपाङको दुई कट्ठामा मकै हुर्कंदै छ । यसअघि यहाँ फलेको मकैले चेपाङ दम्पतीलाई ४-६ महिनासम्म गुजारा चल्थ्यो । 'तर यो वर्ष खै कुन कीरा आयो । मकैको पात खायो, बोट पनि खायो,' वीरबहादुरले भने । कीरा हट्छ कि भन्दै उनले मकैबालीमा खरानी छरेका छन् । 'के गर्ने के गर्ने भयो, मसँग भएको त्यही खरानी हो । लगेर छरेको छु । तर सप्पै बोटमा कीरा छ । खरानीले के पुग्नु ?' उनले भने ।

ढाँडखोलाकै २३ वर्षीय अक्कलबहादुर चेपाङको तीन जनाको परिवारलाई दुई कट्ठामा फलेको मकैले वर्षभरी गुजारा धान्नुपर्छ । उनका अनुसार राम्रो हुँदा १२ डोकाजति मकै फल्थ्यो । त्यसले खान नपुगे ज्यालादारीमा काम गरेर आएको पैसाले किनेर गर्जो टार्थे । 'अघिल्लो वर्ष त राम्रो फलेन । पाँच डोकाजति मात्रै फल्यो । पानी आएको आई भएर मकैको घोगा नै कुहियो । हामी यसलाई जिमाहा लागेको भन्छौं,' उनले भने, 'मुख्य खेती नै नबिग्रियोस् भनेर यो पटक १२ सय रुपैयाँको २० किलो विकासे मल पनि किनेर हालेको थिएँ ।' तर उनले सोचे जस्तो भएन । मल हाले पनि सबै बोट कीराले खाएको छ । उनले थाहा पाएसम्म पहाडमा पहिलो पटक मकैमा यस्तो खाले समस्या आएको हो ।

'मकै राम्रो भए खान पुग्थ्यो, कमाएको पैसा जोगिन्थ्यो । तर मकै बिग्रेको छ, नकमाए खान पुग्दैन । कमाउनका लागि कोरोनाले काम गर्न दिएको छैन । यो वर्ष गाह्रो हुने देख्छु,' अक्कलबहादुरले चिन्ता व्यक्त गरे । यो उनको र छरछिमेकको बारीको मात्रै समस्या होइन । वरपरका सबै गाउँमा मकैको हालत यस्तै छ ।

चितवनको राप्ती-१० कोराकमा फौजी कीराले खाएको मकैको बोट । *तस्बिर : रमेशकुमार/कान्तिपुर*

चाँडै छरेको मकैको बोटमा घोगा लागेको छ । तर पछि छरेको मकै गोडमेलको बेला हुँदै गर्दा कीराले छपक्कै छोपेको छ ।

'पानी ढिला परेपछि चाँडो छर्न सकिएन । बिरुवा नै रहेको मकैको बोट कीराले खाएर पात पनि छाडेन, डाँठ पनि सक्दै छ,' राप्ती-१३ लोथर कान्दाका चेकराम चेपाङले भने । राप्ती-१३ का वडाध्यक्ष सूर्यबहादुर चेपाङ यस्तो समस्या आफ्नो वडाभरि रहेको बताउँछन् । 'हरेक गाउँमा मकैको बोट फौजी कीराले भसक्कै खाएको छ,' उनले भने । यो पटक पहाडमा कोराना संक्रमण खासै नभए पनि मकैबालीमा फौजी कीराले दुःख दिएको उनले सुनाए ।

राप्ती-१० का वडाध्यक्ष एवं नगर प्रवक्ता अमरबहादुर तामाङ पनि पहाडका धेरै बस्तीमा यस्तो समस्या रहेको बताउँछन् । 'साउन लागेपछि भदौसम्म मकै स्यहारेर चेपाङहरूले आफ्नै खेतको आटो-पिठो खान सुरु गर्थे । तर यो पटक बोटै फौजी कीराले खाइदियो । अब गाउँलेले के खाने हुन् ?' उनले भने ।

राप्ती नगरपालिकाको कृषि शाखा हेर्ने शैलेन्द्र भण्डारी पहाडमा फौजी कीराले मकै नोक्सान गरेका बारेमा आफूलाई थाहा नभएको बताए । 'शाखामा पहाडतिरै घर भएका व्यक्ति पनि कर्मचारी छन् । मैले उनीहरूलाई मकै के-कस्तो छ भनेर सोधेको छु । राम्रै छ भन्छन् । अरुले पनि फौजी कीराले दुःख दिएको बताएका छैनन् । त्यस्तो समस्या भएको हो भने के हो स्थलगत गएर हेर्छौं,' उनले भने ।

६ अस्पताललाई साढे २ करोड

दोलखा, नुवाकोट, भक्तपुर र काठमाडौंका अस्पताललाई निकासा हुने

प्रताप विष्ट (हेटौंडा)

वाग्मती प्रदेश सरकारले मातहतका ६ वटा अस्पताललाई कोरोना नियन्त्रण र उपचारका लागि २ करोड ५५ लाख रुपैयाँ उपलब्ध गराउने भएको छ । प्रदेश विपद् व्यवस्थापन निर्देशक समितिको बिहीबारको बैठकले कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट सामाजिक विकास मन्त्रालयमार्फत ६ अस्पताललाई उक्त रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

मुख्यमन्त्री डोरमणि पौडेलको अध्यक्षतामा बसेको बैठकले दोलखाको सिंगटी अस्पताललाई २० लाख, धुलिखेल अस्पताल मातहत नुवाकोटको लिखु गाउँपालिकामा सञ्चालित कोभिड अस्पताललाई २० लाख, नुवाकोटको सिटी कम्युनिटी अस्पताललाई ३० लाख, भक्तपुरको नेपाल-कोरिया मैत्री नगरपालिका अस्पताललाई ३५ लाख, काठमाडौंको मनमोहन मेमोरियल सामुदायिक अस्पताललाई ५० लाख र भक्तपुरकै ख्वप: अस्पताललाई १ करोड रुपैयाँ दिने निर्णय गरेको छ ।

यसैगरी, बैठकले सिन्धुपाल्चोकको हेलम्बु र मेलम्चीमा बाढीपीडितहरूका लागि तत्काल आवश्यक खाद्यान्न सामग्री जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुपाल्चोक पठाउने निर्णय पनि गरेको छ । मनसुनबाट हुने क्षति रोकथाम एवम् उद्धारका लागि प्रदेश आपत्कालीन केन्द्रअन्तर्गत गोदामघरमा भएको उद्धार सामग्री प्रदेश प्रहरीको समन्वयमा धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रे र दोलखाका जिल्ला प्रहरी कार्यालयमा तत्काल पठाइने भएको छ ।

समितिले प्रदेश विपद् व्यवस्थापन कोषमा १० करोड रकम थप गर्न आर्थिक मामिला मन्त्रालयलाई पत्राचार गर्ने भएको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७८/७९ का लागि विपद् व्यवस्थापन गर्न १० करोड बजेट विनियोजन गरेको छ ।

पञ्चेबाजा बजाउँदै रोपाइँ

राजकुमार कार्की (सिन्धुली)

असार लागेसँगै पर्याप्त वर्षा भएपछि सिन्धुलीको महाभारत क्षेत्रका किसानलाई यतिखेर रोपाइँको चटारो छ । अघिल्ला वर्षहरूमा धानको बीउ पर्खेलिन लाग्दासमेत पानी नपर्दा किसानहरू मर्कामा पर्थे । अहिले बीउ मात्रै तयार छैन, पानी परेपछि खोला-खहरे भरिएका छन् । आकाशेपानी र कुलोबाट लगाएर महाभारत उत्तरतर्फका पहाडे खेतमा धमाधम रोपाइँको तयारी चल्दै छ । कतिपय किसानले भने धान रोपिसकेका छन् ।

कमलामाई नगरपालिका-३ जलकन्याका किसान नैनबहादुर कार्कीले पञ्चेबाजा घन्काएर टारीखेतको रोपाइँ गरेका छन् । पञ्चेबाजासहित असारे भाका, दोहोरी तथा भजन गाउँदै हली, रोपाहार, बाउसे, ब्याडे धान रोप्न मस्त देखिन्थे । परम्परागत झल्को दिनेगरी हिलो खेल्दै, नाचगान गर्दै गरिएको रोपाइँ हेर्नेको समेत भीड लागेको थियो । रमाइलो गर्दै परम्परा जोगाएर रोपाइँ गर्न पाएकोमा कार्की दंग छन् । भन्छन्, 'किसानलाई कृषि पेसाप्रति उत्साहित बनाउन र गाउँघरमा लोप भएको पर्मको महत्त्व दर्साउन मज्जासँग दोहोरी घन्काइयो । कामदार र पर्म लगाउनेहरूले बडो आनन्द लिए ।' गाउँघरबाट लोप भएको बेठीलाई नै बिर्साउने गरी कलाघरका कलाकारले रोपाइँमा थप सांगीतिक ज्यान भरेका थिए । बीउ रोप्न तयार पारिएको खेतमा कलाकारहरूले खेँजडी भजन घन्काएपछि पाकाहरूको मन के थामिन्थ्यो । हिलोमा हेर्लिंदै खेँजडी भजनमा नाच्न र लय मिलाउन थालिहाले । यस्तो रमाइलो रोपाइँ जीवनकालभरि नदेखेको स्थानीय ओमबहादुर कार्कीले बताए । 'पञ्चेबाजादेखि खेँजडी भजनसम्म गह्रागह्रामा गुन्जिएको छ,' उनले भने, 'शरीरमा हिलो लाग्ला कि भन्ने परवाह पाकादेखि तन्नेरीसम्मलाई छैन ।'

सिन्धुलीको कमलामाई-३ जलकन्या चपौलीमा पञ्चेबाजा बजाएर रोपाइँ गरिँदै । *तस्बिर : राजकुमार/कान्तिपुर*

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०२७/०८/१०
स्वर्गारोहण: वि.सं. २०७८/०२/२४

स्व. श्री अच्युत सेडाई

नमस्ते इन्फोटेकका प्रबन्ध निर्देशक एकराज सेडाईका दाजु अच्यूत सेडाईको मिति २०७८/०२/२४ गतेका दिन असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

नमस्ते इन्फोटेक प्रा.लि.
परिवार

हार्दिक समवेदना



जन्म: २०४१/०७/१५
स्वर्गारोहण: २०७८/०२/२४

स्व. अनिल थापा

काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं.-७ निवासी तथा यस **पूर्ण विनायक युवा क्लब**का बर्तमान अध्यक्ष **श्री अनिल थापा**को अल्यायुमै मिति २०७८/०२/२४ गते असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

◆◆◆

पूर्ण विनायक युवा क्लब परिवार
कागेश्वरी मनोहरा न.पा.-७

Heartfelt Condolence

Late Mrs. Hari Maya Adhikari
Date of Demise: 2078/02/24

We are deeply grieved by the untimely demise of **Mrs. Hari Maya Adhikari,** beloved mother of our colleague Mr. Det Raj Adhikari.

We pray to god for the eternal peace of her departed soul & would like to extend our heartfelt condolence to the bereaved family for their irreplaceable loss.

MERCY CORPS
Mercy Corps Nepal Family

हार्दिक समवेदना

जन्म: २०२०/३/७ गते
स्वर्गारोहण: २०७८/२/२४ गते

स्व. मैना दोबे

यस कान्तिपुर पब्लिकेसन्सको प्रशासन विभागमा कार्यरत कर्मचारी राजकुमार दोबेकी ममतामयी माता **मैना दोबे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

भावपूर्ण श्रद्धाञ्जली

जन्म: २०२८/०४/०१
स्वर्गारोहण: २०७८/०१/२२

स्व. विजया मिश्र भेटवाल

मेरी कान्छी छोरी **विजया मिश्र भेटवाल**को अकल्पनिय एवं असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस विपदको घडीमा हामीलाई सहयोग, सदभाव र समवेदना प्रकट गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

आमा: मन्जरी देवी मिश्र
पति: वालकृष्ण भेटवाल

छोरा, छोरी: विभुषण राज भेटवाल, प्रज्ञा भेटवाल
जेठाज्यू/जेठानी: गणेश/गीता भेटवाल
देवर/देवरानीहरू: हरी/जानुका भेटवाल, गंगा/धनकुमारी भेटवाल, हेमप्रसाद/नम्रता भेटवाल
आमाज्यू/नन्दहरू: पवित्रा पन्त, नवंदा संग्रौला, रमा भेटवाल
भतिजा, भतिजीहरू: अमृत, अभिषेक, इच्छा, स्वेक्ष्या, श्रद्धा, स्वागत, दिव्य, सुप्रिया, ग्रिष्मा, गिरीष, भुवन, भावना, अमृत, आराधना, एन्जल, आयुष
दाजु/भाउजु: किर्तिनाथ मिश्र, संगिता मिश्र
दिदी/भिनाजु: साधना मिश्र अधिकारी, सुक्ष्मा के सी, श्याम सुन्दर के सी
तथा समस्त भेटवाल परिवार

"I don't have all the brains I need, but I have the brain, which can collaborate with all I need" - Rajkumar Maharjan

हार्दिक भावपूर्ण श्रद्धाञ्जली

जन्म: २०२६ कार्तिक ०२ गते
स्वर्गारोहण: २०७८ जेठ २५ गते

स्व. राजकुमार महर्जन

यस संस्थाका आदरणीय अध्यक्ष तथा वर्ल्ड काउन्सिल फर टोटल क्वालिटी एण्ड एक्सेलेन्स ईन एजुकेशन (WCTQEE) का डाईरेक्टर जनरल, केन्द्रीय प्याब्सनका प्राज्ञिक सल्लाहकार एवं माउण्ट भ्यू इङ्गलिश बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल शिक्षासेवी **राजकुमार महर्जन**को मिति २०७८ साल जेठ २५ गते मंगलबारका दिन ५२ वर्षको अल्पायूमै भएको अत्यन्त अकल्पनीय, हृदयविदारक तथा असामयिक निधनले सिङ्गो क्वेष्ट नेपाल परिवार र देश तथा विदेशमा फैलिएको सम्पूर्ण एस्क्यूसी क्षेत्रलाई स्तब्ध बनाएको छ । दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं ।

संस्थाको अध्यक्ष एवं अन्य विभिन्न भूमिकामा रही एस्क्यूसीलाई नेपाल सरकारको पाठ्यक्रममा समाबेश गराउने, एस्क्यूसीको नेपाल मोडललाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने, सहजकर्ता तालिम तथा माष्टरल्याबलाई अन्तर्राष्ट्रियकरण गर्ने, विभिन्न तालिमका कार्यक्रमहरुसहित एस्क्यूसीको अभूतपूर्व विस्तार गर्ने लगायतका तपाईंका अतुलनीय योगदानहरु क्वेष्ट नेपालको इतिहास तथा एस्क्यूसीको क्षेत्रमा युगयुग कोषेढुङ्गाको रुपमा रहिरहनेछ ।

◆◆◆

QUEST-Nepal
क्वेष्ट नेपाल
तथा सम्पूर्ण एस्क्यूसी परिवार

हार्दिक श्रद्धाञ्जली

स्व. प्रो. ईन्द्रप्रसाद श्रेष्ठ
जन्मः १९९९।०३।२६
स्वर्गारोहणः २०७८।०१।२२

स्व. विमला श्रेष्ठ
जन्मः १९९९।०१।०५
स्वर्गारोहणः २०७८।०१।१३

यस गणेश टाकिज प्रा. लि. धरानका अध्यक्ष **श्री प्रो. इन्द्र प्रसाद श्रेष्ठ** र वहाँकी धर्मपत्नी **श्रीमती विमला श्रेष्ठ**को दुःखद असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथीमा दिवंगत् आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै असामान्य अकल्पनीय यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना सहित **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

गणेश टाकिज प्रा.लि. परिवार
धरान

किसानलाई सधैं झूटा आश्वासन

मूल्यमा हरेक वर्ष ठगिन्छन् किसान, बिचौलिया भने मालामाल

राजु चौधरी (काठमाडौं)

किसानले उत्पादन गरेको धान व्यवसायीलाई बिक्री गर्न नसके सरकारी कम्पनीले खरिद गरिदिने भन्दै हरेक वर्ष समर्थन मूल्य तोकिन्छ। प्रोत्साहन र सुनिश्चित बचतको ग्यारेन्टी गर्न भन्दै सरकारले २०७७/७८ का लागि मोटा धान प्रतिक्विन्टल २७ सय ३५ रुपैयाँ र मध्यम धान २८ सय ८५ रुपैयाँ तोक्यो। हरेक वर्ष प्रतिक्विन्टल १/२ सय रुपैयाँ बढाएर मूल्य तोकिए पनि त्यसको फाइदा किसान होइन, बिचौलियालाई हुने गरेको छ।

विगतमा झैं व्यापारीले खरिद नगरे सरकारले किन्ने भनिए पनि किसानले झूटा आश्वासन मात्रै पाएका छन्। कतिपय किसानलाई सरकारले तोकेको मूल्य नै थाहा छैन। थाहा पाएका किसान पनि सस्तोमा बिक्री गर्न बाध्य छन्। 'सस्तोमा किन्न व्यापारीले धान राख्ने ठाउँ छैन भन्छन्। धान बिक्री नगरे घरखर्च चल्दैन,' चितवनका बिल अधिकारीले भने, 'किसान प्रतिक्विन्टल १७ सय रुपैयाँसम्ममा धान बेच्न बाध्य छन्।'

किसानले सस्तोमा धान बेचिरहेको यो पहिलोपटक भने होइन। हरेक वर्ष यही नियति दोहोरिएको छ। 'मूल्य तोकेपछि कार्यान्वयन भइहाल्छ, किसानले मूल्य पाइहाल्छन् भन्ने सरकारले मान्यता छ,' अधिकारीले भने, 'त्यो सरासर गलत हो। किसानभन्दा बिचौलियाका लागि मूल्यको फाइदा भइरहेको छ।'

सरकारले गत असार २ मा मूल्य तोकेपछि कार्यान्वयन भए/नभए निगरानी गरेको छैन। न त धान खरिद गर्न प्राथमिकता दिएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीले आफ्नो कार्यालय/गोदाम भएका ठाउँमा केही परिमाणमा खरिद गरे पनि अन्य क्षेत्रमा समस्या उस्तै छ। कतिपय ठाउँमा ठेकेदार (बिचौलिया)हरू किसानका खेतमै गएर सस्तोमा धान मोलमोलाइ गर्छन्। तर किसानले धान मौज्दात गर्न सक्ने अवस्था हुँदैन। ऋण अनि घर व्यवहार चलाउन भए पनि सस्तोमै बिक्री गर्न बाध्य भएको अधिकारीले बताए।

'सरकारी मूल्य करिब २९ सय रुपैयाँ छ, तर, केही ठाउँका किसान धान प्रतिक्विन्टल १४ सयमा बेच्न बाध्य छन्। पहुँच भएकाहरूले १७ देखि २१ सयसम्ममा बेचे,' अधिकारीले भने, 'समर्थन मूल्य नाम मात्रैको हो।' तराईका केही क्षेत्रमा चैते धान भित्र्याउन चटारो छ। केही स्थानमा भने चैते धान भित्र्याएर बर्खे धान रोप्ने तयारी छ। बाली भित्र्याएर तत्काल अर्को बाली लगाउन आवश्यक खर्च जुटाउन पनि सस्तोमा बिक्री गर्न किसान बाध्य छन्। राष्ट्रिय कृषक समूह महासंघका संस्थापक अध्यक्ष उद्धव अधिकारीको भनाइ पनि उस्तै छ। व्यापारीसँगको साँठगाँठकै कारण किसानले मूल्य नपाएको उनको तर्क छ। 'धानको मूल्य तोकेर व्यापारीले खरिद नगरे सरकारले किन्ने भनेर आश्वासन पनि दिने तर कार्यान्वयनको सवालमा किसानले मूल्य नपाउने देखिन्छ,' संस्थापक अध्यक्ष अधिकारीले भने, 'यो एक वर्षको मात्रै होइन, हरेक वर्षको समस्या हो।'

७५ प्रतिशत धान बिक्री भइसकेपछि मूल्य तोक्ने प्रचलन छ। किसानले भण्डारण गरेर राख्न सक्दैनन्। ऋण, घरखर्च धान्न खेतबाटै पनि बेच्नुपर्ने अवस्था हुन्छ। सस्तो दरमा बिक्री गर्दा लागत खर्च पनि उठ्दैन। 'कर्मचारीदेखि मन्त्रीसम्ममा नैतिकताबोध छैन। सरकारले मूल्य तोकेपछि करिब १५ प्रतिशत किसानले पाए होलान्,' उनले भने, 'बाँकी किसानको सवालमा सरकारी कार्यलयमा ताल्चा, आन्दोलन नगरेसम्म किसानले उचित मूल्य पाउने अवस्था देखिएन।'

सरकारसँग न गोदाम छ, न उसले धान खरिद गरिदिएको छ। सबै हावादारीमा चलेकाले किसानलाई फलिफाप नभएको संस्थापक अध्यक्ष अधिकारीले बताए। किसानको हकहितका लागि संघसंस्था नखुलेका पनि होइनन्। किसान आयोगलगायत संस्था जागिर खाने माध्यम मात्र बनिदिँदा किसानका समस्या ज्युँकात्युँ रहेको उनको भनाइ छ। ती संस्था किसानभन्दा आफ्नो हितमा केन्द्रित छन्। 'किसानका लागि खोलिएका संस्था एक्सनमै जानुपर्ने थियो। तर कोठामा बसेर विज्ञप्ति निकाल्ने मात्रै काम गरे,' उनले भने, 'किसानको समस्यामा नबोल्ने संस्थाको के काम ?'

सहकारीमार्फत केही परिमाणमा धान खरिद गरिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रबक्ता श्रीराम घिमिरेले जानकारी दिए। यद्यपि पर्याप्त स्रोत नहुँदा सबै किसानलाई समेट्न नसकिएको उनले स्विकारे। 'सहकारीमार्फत १५/१६ हजार टन खरिद भएको छ। धान खरिद गर्न कृषिले सहकारीलाई अनुदान दिएको छ। कृषिले गर्न खोजेकै हो। सबै किसानले मूल्य पाउनुपर्ने अधिकार पनि हो,' घिमिरेले भने, 'सहकारीले क्षमताअनुसार खरिद गरेका छन्, त्यसका लागि पैसा पनि हुनुपर्‍यो।' अर्थ मन्त्रालयले अनुदानको व्यवस्था गरिदिए किसानको धान खरिद गर्न सहज हुने उनले बताए।

कपिलवस्तुको यशोधरा गाउँपालिकास्थित रमनगरामा धानको बिउ काढ्दै किसान। *तस्विरः मनोज पौडेल/कान्तिपुर*

खाद्यले किन्यो २७ हजार टन धान

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले १० कार्यालयबाट २७ हजार ७ सय ९१ टन धान किनेको छ। कम्पनीले यस वर्ष ३७ हजार ४ सय टन खरिद गर्ने लक्ष्य राखेको थियो। यसमध्ये २७ हजार ७ सय ९१ टन खरिद गरेको हो। सरकारले तोकेको समर्थन मूल्यमा विभिन्न प्रकारका धान खरिद गरिएको कम्पनीकी प्रवक्ता शर्मिला न्यौपानेले जानकारी दिइन्। 'प्रदेशिक कार्यालय धनगढीमा भजनी, साजा भजनी, जोशीपुर, अस्मेरी, मौरानिया, मोनिकापुर, मोहनपुर, तथा टीकापुरबाट र मुख्य शाखा कार्यालय राजापुरमा परिसरका अलावा सती बिक्री केन्द्रबाट पनि किनेका छौं,' उनले भनिन, 'अन्य जिल्लाको हकमा कार्यालय भएका स्थानबाट खरिद गरिएको छ।' तर, जिल्लामा खाद्यको १० वटा मात्र कार्यालय छन्।

विदेशी लगानी लेखांकन एक वर्षभित्रै

कान्तिपुर संवाददाता (काठमाडौं)

मुलुक भित्रिएर पनि लेखांकन नभएका सबै प्रत्यक्ष विदेशी लगानी (एफडीआई) नेपाल राष्ट्र बैंकमा लेखांकन गर्नुपर्ने भएको छ। राष्ट्र बैंकले शुक्रबार सूचना जारी गर्दै २०७९ जेठ १६ भित्र लेखांकन गर्न निर्देशन दिएको हो। यसअघि विदेशी लगानी लेखांकनका लागि समय तोकिएको थिएन। सोही कारण नेपाल भित्रिएको धेरै समय भइसकेका विदेशी लगानी पनि अझै लेखांकन भएका छैनन्। उनीहरूले लेखांकन नगरेकै कारण अहिले मुलुकभरको विदेशी लगानीको वास्तविक तथ्यांक छैन। विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ को व्यवस्थामा टेकेर राष्ट्र बैंकले उक्त निर्देशन दिएको हो। राष्ट्र बैंकले गत जेठ १७ मा उक्त विनियमावली जारी गरेको थियो।

'यसअघि आएका तर लेखांकन नभएका विदेशी लगानी यो विनियमावली लागू भएको मितिबाट बढीमा एक वर्षभित्र तोकिएका कागजातसहित राष्ट्र बैंकमा निवेदन गर्नुपर्नेछ,' विनियमावलीमा उल्लेख छ। सम्पूर्ण कागजातसहित निवेदन प्राप्त भएको मितिले सात कार्य दिनभित्र राष्ट्र बैंकले लेखांकनसम्बन्धी निर्णय गरी प्रमाणपत्र उपलब्ध गराउने प्रावधान विनियमावलीमा छ। 'हाम्रो उद्देश्य मुलुकभर विदेशी लगानीको वास्तविक तथ्यांक संकलन गर्नु पनि हो,' राष्ट्र बैंक स्रोतले भन्यो, 'यसअघि लाभांश वा लगानी फिर्ता गर्दा मात्र लेखांकन गरे हुन्थ्यो।'

त्यसो त विदेशी विनिमय (नियमित गर्ने) ऐनमा पनि लेखांकनसम्बन्धी स्पष्ट व्यवस्था छैन। तर राष्ट्र बैंकको नियमावलीमा भने एक वर्षभित्र लेखांकन भइसक्नुपर्ने प्रावधान राखेको छ। नयाँ लगानीको हकमा (विनियमावली लागू भइसकेपछि आएका) भने विदेशी लगानी आएको ६ महिनाभित्र लेखांकन भइसक्नुपर्ने व्यवस्था छ।

एउटै आयोजनामा पनि विदेशी लगानी एकै पटक नआएर चरणबद्ध रूपमा आउने गर्छ। यसकारण पनि केही आयोजना वा कम्पनीले त्यस्तो लगानीमध्ये केहीको मात्रै लेखांकन गरेका छन्। अब उनीहरूले पनि एक वर्षभित्रै लेखांकन गरिसक्नुपर्नेछ। अब पनि तोकिएको समयमा लेखांकन गर्न नआउनेका लागि छुट्टै व्यवस्था हुन सक्ने राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभाग प्रमुख रामु पौडेलले बताए। 'सानो रकमका लागि पनि गभर्नर कार्यालयसम्म आउनुपर्ने, सामान्य अवस्थामा भन्दा बढी कागजात मागिने वा अरू कुनै व्यवस्था हुन सक्छ,' उनले भने, 'तर अहिले त्यसबारे सोचिएकै छैन। तोकिएको समयभित्र सबै लगानी लेखांकन हुनेमा आशावादी छौं।'

यसैगरी, विनियमावलीमा राष्ट्र बैंकको स्वीकृतिबिनै विदेशी लगानी ल्याउन पाउने व्यवस्था गरिएको छ। पछिल्ला महिनाहरूमा विदेशी लगानी निरन्तर आइरहेकाले राष्ट्र बैंकको स्वीकृतिबिनै विदेशी लगानी ल्याउन पाउने व्यवस्था गरेको हो। 'विदेशी लगानीकर्ताले विदेशी लगानी स्वीकृति गर्ने निकायबाट विदेशी लगानीको स्वीकृति प्राप्त गरेपश्चात् सोबापतको विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्याउन राष्ट्र बैंकबाट पूर्वस्वीकृति लिन अनिवार्य हुनेछैन,' विनियमावलीमा भनिएको छ।

विनियमावलीमार्फत राष्ट्र बैंकले खासगरी साना विदेशी लगानीका लागि लेखापरीक्षण प्रतिवेदन अनिवार्य नपर्ने व्यवस्था पनि गरेको छ। 'अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्राभन्दा कम रकमको लगानीको हकमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुने छैन,' विनियमावलीमा भनिएको छ, 'विदेशी लगानीकर्ताले पेस गर्ने वित्तीय विवरण लेखापरीक्षण गर्न नपर्ने व्यहोराको प्रमाणसहित सञ्चालक समिति/उच्च व्यवस्थापनले तयार गरेको वित्तीय विवरण संलग्न भई आएमा लेखापरीक्षण प्रतिवेदन अनिवार्य हुनेछैन।'

यस्तै, विदेशी लगानी हुने कम्पनी तथा उद्योगको कायम हुने चुक्ता पुँजीको ३ प्रतिशतमा नबढ्ने गरी लेखापरीक्षकबाट खर्च प्रमाणित गरेबमोजिम विदेशी लगानीमा गणना गर्न पाउने सुविधा पनि राष्ट्र बैंकले दिएको छ। सम्बन्धित

> यसअघि समयसीमा नतोक्दा भित्रिएको धेरै समय भइसकेको विदेशी लगानी पनि लेखांकन भएको छैन

कम्पनीले त्यस्ता खर्चको लेखांकन भने गराउनुपर्ने छ। तर विदेशी लगानी हुन नसकेको अवस्थामा वा विदेशी लगानीमा गणना भएको रकमभन्दा बढी रकम आएमा त्यस्तो रकम फिर्ता पठाउन नपाउने व्यवस्था विनियमावलीमा छ। 'राष्ट्र बैंकको स्वीकृतिबिनै ल्याइएको रकम बैंक तथा वित्तीय संस्थाले इच्छुक विदेशी लगानीकर्ता वा निजको आधिकारिक स्थानीय प्रतिनिधिको खातामा जम्मा गरिदिन सक्नेछ,' राष्ट्र बैंकले भनेको छ, 'उक्त रकम जम्मा गरिदिन इच्छुक विदेशी लगानीकर्ता र निजको आधिकारिक स्थानीय प्रतिनिधिले राष्ट्र बैंकले तोकिदिएको कागजात तथा मापदण्ड भने पूरा गर्नुपर्नेछ।' यसरी ल्याइएको रकम लेखांकनका लागि विदेशी लगानी भएको ६ महिनाभित्र राष्ट्र बैकमा आवेदन दिनुपर्ने प्रावधान छ।

पुरानो लगानी वा सेयर स्वामित्व परिवर्तन भई गरिने विदेशी लगानीबापतको विदेशी मुद्रा नेपाल पठाउन वा भित्र्याउन राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुपर्ने विद्यमान व्यवस्था भने कायमै छ। विदेशी लगानी तथा आर्जित रकम फिर्ता लैजाने सटही स्वीकृति सम्बन्धमा पनि विगतमा भन्दा लचिलो व्यवस्था विनियमावलीमा गरिएको छ।

सूचना महामार्ग परियोजनाको प्रगति निराशाजनक

कान्तिपुर संवाददाता (काठमाडौं)

दुई वर्षभित्र सक्ने भनिएको अप्टिकल फाइबर बिछ्याउने (सूचना महामार्ग) परियोजनाको प्रगति ५ वर्ष बित्दासमेत निराशाजनक देखिएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले तीन वटा प्याकेजमा बाँडेर सुरु गरेको परियोजनामध्ये एउटाको मात्रै भौतिक प्रगति भएको छ भने बाँकी दुईको शून्य छ।

सूचना महामार्गको पहिलो प्याकेजअन्तर्गत नेपाल टेलिकमले प्रदेश १, प्रदेश २ र वाग्मती प्रदेशका जिल्ला सदरमुकाम छुने गरी अप्टिकल फाइबर बिछ्याउने कामको जिम्मा पाएको थियो। प्राधिकरण र टेलिकमबीच २०७३ असोज १२ मा ५ अर्ब रुपैयाँमा काम सक्ने गरी सम्झौता भएको थियो। तर टेलिकमले सम्झौता गरेको तीन वर्षपछि मात्रै काम सुरु गरेको थियो। परियोजनाको काम सुरु भएको २ वर्षमा यसको भौतिक प्रगति ४५ प्रतिशत मात्रै छ। यो प्याकेजअन्तर्गत २ हजार ८३ किलोमिटर अप्टिकल फाइबर बिछ्याउनुपर्नेमा जेठ मसान्तसम्म करिब ९ सय ८० किमि मात्रै बिछ्याइएको छ। यो अवधिसम्म बाँकी दुई प्याकेजको प्रगति भने शून्य रहेको प्राधिकरणले जनाएको छ।

टेलिकमले साढे दुई वर्ष लगाएर ठेक्का प्रक्रिया पूरा गरी २०७६ जेठ पहिलो सातादेखि अप्टिकल फाइबर बिछ्याउने काम सुरु गरेको थियो। अप्टिकल फाइबर बिछ्याउन, सामान खरिद गर्न टेलिकमले ५ वटा कम्पनीलाई जिम्मा दिएको छ।

प्राधिकरणले तेस्रो प्याकेजअन्तर्गत कर्णाली र सुदूरपश्चिम प्रदेशमा पनि अप्टिकल फाइबर बिछ्याउन टेलिकमलाई नै जिम्मा दिएको छ। यसअघि स्मार्ट टेलिकम प्रालिलाई जिम्मा दिइएको भए पनि २ वर्षसम्म काम नै सुरु नगरेपछि मन्त्रिपरिषद्ले स्मार्टबाट परियोजना खोसेर टेलिकमलाई दिने निर्णय गरेको हो। यो निर्णय भएको करिब एक वर्ष हुनै लाग्दा पनि परियोजनाको ठेक्का लाग्न बाँकी छ। प्राधिकरणका अनुसार टेलिकमले बोलपत्र आह्वान

> पहिलो प्याकेजको भौतिक प्रगति ४५ प्रतिशत, बाँकी दुईको कामै सुरु भएन

गरिसके पनि कोरोना महामारीका कारण म्याद थप गरिएको छ। यसअन्तर्गत १ हजार ९ सय ९२ किमि अप्टिकल फाइबर बिछ्याउनुपर्ने हुन्छ।

दोस्रो प्याकेजअन्तर्गत गण्डकी र लुम्बिनी प्रदेशका सबै जिल्ला सदरमुकाम छुने गरी प्राधिकरणले युनाइटेड टेलिकम लिमिटेडलाई कामको जिम्मा दिए पनि प्रगति शून्य छ। यो प्याकेजअन्तर्गत २ हजार १ सय ६० किलोमिटर अप्टिकल फाइबर बिछ्याउनुपर्ने हुन्छ। ठेक्का पाएको दुई वर्षसम्म पनि कुनै काम नगरी बसेको युनाइटेडबाट प्राधिकरणले परियोजना खोस्न खोज्दा सर्वोच्च अदालतमा मुद्दा दायर गरेका कारण यो प्याकेजको विषयमा प्राधिकरणले कुनै निर्णय गर्न सकेको छैन। मुद्दा सर्वोच्चमा विचाराधीन छ। कामको जिम्मा लिएर 'सिन्को पनि नभाँचेको' यो कम्पनीलाई प्राधिकरणले पेस्कीबापत ४० करोड २० लाख रुपैयाँ भुक्तानी दिइसकेको छ।

अप्टिकल फाइबर बिछ्याउने कम्पनीले नै त्यसको मर्मतसम्भार गर्ने र अन्य सेवा प्रदायकलाई भाडामा दिने गरी प्राधिकरणले तीनै प्याकेजको जिम्मा दिएको हो। ग्रामीण दूरसञ्चार कोषको प्रयोग गरी सञ्चालित सूचना महामार्ग परियोजनामा यो कोषमा रकम जम्मा गर्ने सेवा प्रदायकहरूबीच प्रतिस्पर्धा गराइएको थियो। नेपाल टेलिकमलाई पहिलो प्याकेजको जिम्मा दिँदा भने प्रतिस्पर्धा गराइएको थिएन। ग्रामीण क्षेत्रमा दूरसञ्चार पूर्वाधारको विकास गर्ने उद्देश्यसहित यो कोष स्थापना गरिएको हो।

दूरसञ्चार सेवा प्रदायक र इन्टरनेट सेवा प्रदायकहरूले आफ्नो वार्षिक आयको २ प्रतिशत रकम यो कोषमा जम्मा गर्नुपर्ने प्रावधान छ।

JOB ANNOUNCEMENT

First date of publication: 19 June 2021

The United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is seeking applications from qualified, dedicated and result oriented Nepalese citizens for the following assignment:

S.No.	Position Title	Level	Number of position	Duty Station
1.	Portfolio Support Officer (Inclusive Economic Growth)	NPSA 9	1 (One)	Kathmandu

Weblink for application: http://www.np.undp.org/content/nepal/en/home/operations/jobs/

Please visit the given weblink for detailed job description and for online application. Applications along with duly filled up UN Personal History Form-P11 (downloadable from website http://www.np.undp.org/content/nepal/en/home/operations/jobs/) must be submitted by 26 June, 2021.

Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly.

UNDP is committed to achieve work force diversity and has a policy to have gender balance among staffs at all levels. Work experience and/or academic knowledge in relation to gender and social inclusion will be an added advantage. Qualified Women, Dalits, Janjatis, Madhesis, Persons with Disabilities, gender and sexual minorities and other minorities are specially encouraged to apply.

All applications will be treated with highest confidentiality.

JOINT VENTURE OF
CIVIL INFORMATICS AND SOLUTIONS P. LTD &
MEH CONSULTANTS P. LTD.

MOTORABLE LOCAL ROADS BRIDGE PROGRAMME (MLRBP- IV)

VACANCY ANNOUNCEMENT

First publications in The Himalayan Times on 2nd June 2021 and The Kantipur (Nepali) on 5th June 2021

Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) for the implementation of the **Motorable Local Roads Bridge Programme, Phase-IV** in all 7 provinces.

CIAS-MEH JV, on behalf of SDC, provides TA through the **Local Roads Bridge Support Unit (LRBSU)**, invites applications from interested and qualified Nepali nationals for the following positions of the LRBSU.

Positions (Number Required)	
GIS/Mapping and Planning Specialist (1)	Administration & Finance Officer: Procurement Officer (1)
GIS/Mapping Support Officer (1)	
Provincial Bridge Coordinators (2)	Store Keeper and Inventory Assistant (1)
Administration & Finance Officers: Finance (2)	Driver (7)
Administration & Finance Officer: Human Resources (1)	Office helper and cleaner (1)

The detailed terms of reference (ToRs) can be downloaded from **www.merojob.com/MLRBP-IV**.

Interested candidates are requested to apply and send their covering letter with recent CV (2 current references) in this website. No telephone enquiries will be answered. The closing date for applications is **01 July 2021** until 17:00 hours.

Only short-listed candidates will be invited for selection process and further assessments.

CIAS-MEH JV promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority community).

The Leprosy Mission Nepal

द लेप्रोसी मिसन नेपाल

बोलपत्र तथा बन्दसूची आह्वान गर्ने १५ दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०३/०५/ गते

द लेप्रोसी मिसन नेपाल कुष्ठ प्रभावित तथा अपांगता भएका व्यक्तिहरूको उपचार तथा सामाजिक पुनःस्थापनामा विगत ६३ वर्षदेखि सेवारत एक गैर सरकारी संस्था हो। यसद्वारा ११० शैयाको आनन्दवन अस्पताल, अर्न्तराष्ट्रिय स्तरको अनुसन्धान प्रयोगशाला, समुदायमा आधारित पुर्नस्थापना तथा जीविकोपार्जन लगायतका विभिन्न परियोजनाहरू संचालित छन्।

यस संस्थाको लागि आ. व. २०७८/७९का लागि आवश्यक पर्ने तपशिल बमोजिमका सामग्री तथा सेवा प्रदायक फर्म तथा संघ-सस्थाहरूले सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०७८/३/१९ गते बेलुका ५ बजे भित्र) बोलपत्रमा उल्लेखित सर्त बमोजिम बोलपत्र पेश गर्नहुन सुचित गरिन्छ।

तपशिलः

१) औषधी,
२) सर्जिकल्स सामग्री
३) प्याथोलोजी रिएजेन्टहरू
४) सल्यक्रिया सम्वन्धि सामग्री
५) प्लम्बिङ सामग्री
६) विजुली सम्वन्धि सामग्री
७) स्टेसनरी सामग्री
८) खाद्यान्न, बेकरी, लगायतका किराना सामग्री
९) सरसफाई (क्लिनिङ एण्ड स्यानिटेसन) सामग्री
१०) प्लास्टीकजन्य सामग्री
११) कारपेन्ट्री सामग्री
१२) हार्डवेयर तथा भान्सामा प्रयोग हुने सामग्री
१३) जुत्ता, छाला र अन्य जुत्ता बनाउने सामग्री
१४) रङ र यससँग सम्वन्धित सामग्री

साथै तपशिलमा उल्लेखित सामग्री तथा सेवा प्रदानको लागि सम्वन्धित संघ संस्थाहरूलाई उल्लेखित सर्त बमोजिम बन्द सूची दर्ता गर्न समेत सुचित गरिन्छ।

सूची दर्ता गर्नुपर्ने कार्यको विवरण

१) तरकारी तथा फलफुल विक्री
२) माछा, मासु र अण्डा विक्री
३) दुध, दहि, घ्यु, पनिर लगायतका दुग्धजन्य पदार्थ विक्री
४) हवाई यात्रा तथा अन्य यात्रा सम्वन्धि सेवा दिने कम्पनी
५) विज्ञापन छपाई तथा प्रसारण सेवा
६) अस्पताल प्रयोजनको कपडा लगायतका सामग्री आपुर्ति गर्ने
७) छपाई सम्वन्धि सेवा
८) गाडी तथा मोटरसाइकल पार्टपुर्जा विक्री तथा मर्मत
९) एक्स-रे संग सम्वन्धित सामग्री विक्री तथा मेसिन मर्मत
१०) ए.सि. इन्भर्टर, युरोगार्ड, जेनेरेटर लगायतका मेसिन मर्मत
११) बायो मेडिकल मेसिन मर्मत
१२) विद्युतिय सामग्री विक्री तथा मर्मत
१३) फायर फाइटिङ, सिसिटिभि लगायतका सुरक्षा सामग्री विक्री तथा मर्मत
१४) दक्ष तथा अर्धदक्ष कामदार सप्लाई
१५) कम्प्युटर तथा एसेसिरिज

टेन्डर फारम तथा सूची दर्ताको फारम डाउनलोड, र बोलपत्र र सूची दर्ता पेश www.tlmnepal.org/bidding मार्फत गर्न सकिने छ। बोलपत्र तथा बन्दसूची मितिः २०७८/३/२० गते विहान १०:१५ बजे ZOOM मार्फत खोलिने छ।

खरिद समिति
द लेप्रोसी मिसन नेपाल
आनन्दवन अस्पताल, गोदावरी - ६, ललितपुर
सम्पर्कः ०१-६२१८३९८/ ९८५१२३६२३१

SCAN ME

युरो २०२०

11 JUNE - 11 JULY 2021

रोनाल्डो रोक्ने जर्मन दाउ

रमाइलो तथ्य के छ भने पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले अहिलेसम्म जर्मनीविरुद्ध गोल गर्न सकेका छैनन्

पोर्चुगलविरुद्ध हुने खेलका लागि टोलीलाई तयार पार्दै जर्मन प्रशिक्षक जोचिम लो। *तस्बिर : एपी*

म्युनिक (एएफपी)- जर्मनीले शनिबार युरो २०२० मा पोर्चुगलको घरमा सामना गर्दा चर्को दबाबमा हुनेछ। टोलीको उद्देश्य हुनेछ, क्रिस्टियानो रोनाल्डोलाई रोक्ने। जर्मनीलाई समूह 'एफ' यो खेलबाट आफ्नो स्थिति अनुकूल बनाउन आवश्यक छ। तर रोनाल्डो भने आफ्नो गोलसंख्या बढाउने अभियानमै हुनेछन्। यी पोर्चुगाली स्टारले पाँच युरो संस्करणमा ११ गोल गरिसकेका छन्। पोर्चुगलले हंगेरीमाथि प्राप्त ३-० जितमा उनले दुई गोल गरेका थिए।

रोनाल्डोले पोर्चुगलका लागि १ सय ७६ गोलमा १ सय ६ गोल गरिसकेका छन्। उनी सर्वकालीन सर्वाधिक गोलको कीर्तिमानबाट ३ गोल पछाडि छन्। सन् १९९३ देखि २००६ बीच इरानका अली देइले कीर्तिमानी १ सय ९ गोल गरेका थिए र अहिलेसम्म यो प्रदर्शन भंग हुन सकेको छैन। रमाइलो तथ्य के छ भने रोनाल्डोले अहिलेसम्म जर्मनीविरुद्ध गोल गर्न सकेका छैनन्, आफ्नो विपक्षी टिमविरुद्धका चार खेलमा। सन् २०१४ को विश्वकपमा ४-० हराएको थियो।

जर्मनीलाई विश्वास हुनेछ, एलिनाज एरिनामा आफ्नो टिम रोनाल्डोलाई रोक्न सफल हुनेछ। टिमका सेन्टर ब्याक म्याथिस गिन्टरले रोनाल्डोलाई रोक्न जिम्मेवारी हुनेछ। उनले भनेका छन्, 'उनी अझै विश्व फुटबलका सबैभन्दा राम्रा खेलाडी हुन्। त्यसमाथि उनले यसपल्ट दुई गोल गरिसकेका छन्। त्यसैले हामी उनलाई लिएर चनाखो रहनेछौं।' खासमा जर्मनीमा लागि रोनाल्डो मात्र चुनौती हुने छैनन्, बुन्डेसलिगाकै प्रमुख खेलाडी आन्द्रे सिल्भा पनि रहनेछन्।

गत सिजन एनरिच्ट फ्रांन्कफर्टका लागि सिल्भाले २८ गोल गरेका थिए। त्यसैले गिन्टर मान्छन्, रोनाल्डो र सिल्भामात्र होइनन्, ब्रुनो फर्नान्डेज, डिएगो जोटा र बर्नाडो सिल्भाले पनि उत्तिकै चुनौती तेर्साउन सक्नेछन्। तर जोचिम लोको जर्मन टिमलाई विश्वास छ, यसपल्ट पोर्चुगललाई रोक्न सकिन्छ। खासमा जर्मनीले फ्रान्सविरुद्ध पराजित खेलमा खासै खराब खेलेको थिएन, त्यसैले गिन्टरले भनेजस्तै शनिबार यो खेल जित्नमा जर्मनी प्रेरित रहनेछ।

हंगेरीविरुद्ध फ्रान्स

बुडापेस्ट- विश्व च्याम्पियन फ्रान्सले युरो २०२० को आफ्नो दोस्रो खेलमा शनिबार हंगेरीको सामना गर्नेछ। समूह 'एफ' को यो खेलमा जित निकाल्न सके फ्रान्सले नकआउट चरणको यात्रा तय गर्नेछ। फ्रान्सले आफ्नो पहिलो खेलमा जर्मनीमाथि म्युनिकमा जित पाएको थियो। हंगेरी भने पोर्चुगलसँग पराजित भएको थियो। तीन गोलको त्यो हारले हंगेरीको खेलबारे ठ्याक्कै विश्लेषण गर्दैन, किनभने हंगेरीले लामो समय आफ्नो प्रतिद्वन्द्वीलाई बहादुरीपूर्वक रोकेको थियो।

तर खेलको अन्त्यमा लगातार तीन गोल खाएको थियो। त्यसैले यो पीडादायी हार रह्यो। यसले प्रस्ट पारेको छ, अन्तर्राष्ट्रिय फुटबलमा कुनै पनि खेल सजिलो हुन्न। पोर्चुगलविरुद्धको खेलबाट हंगेरीले धेरै सकारात्मक तथ्य आत्मसात गर्न सक्नेछ। टिमका प्रशिक्षक मार्को रोसीले ठीकै भनेका छन्, 'हंगेरीले खेललाई ९० मिनेटको मान्नुपर्नेछ, ८४ मिनेट होइन।' फ्रान्स भने पक्कै आत्मविश्वासी हुनेछ, लगातार दोस्रो खेलमा जित निकाल्न।

स्पेनविरुद्ध पोल्यान्ड

सेभिया- पोल्यान्ड पक्कै दबाबमा रहेको हुनुपर्छ, किनभने युरो २०२० को आफ्नो खेलमा स्लोभाकियाको हातबाट स्तब्धपूर्ण हार बेहोरेको थियो। धेरैका लागि यो आश्चर्यजनक हार रह्यो। रोबर्ट लेवान्डोस्कीको यही टिमले समूह 'ई' मा शनिबार स्पेनको सामना गर्नेछ। स्पेनविरुद्ध के लेवान्डोस्कीले राम्रो गर्न सक्नेछन् त ? यो अर्को प्रश्न भयो। एउटा तथ्य के निश्चित छ भने स्पेनको सामना गर्दा पोल्यान्डलाई पक्कै सजिलो हुने छैन। पोल्यान्डलाई विशेष खेल आवश्यक हुनेछ।

स्पेनले स्विडेनविरुद्ध गोलरहित बराबरी खेलमा त्यो सबै काम गरेको थियो, जुन टिमलाई भनिएको थियो। खाली टिमले गोल गर्नमात्र बिर्सेको थियो। त्यो खेलमा स्पेनले ७५ प्रतिशत बल नियन्त्रणमा राखेको थियो, ८ सय ५२ पासहित। जबकि स्विडेनले १ सय ३ पासमात्र खेलेको थियो। त्यसैले स्पेन जतिबेला पोल्यान्डविरुद्ध मैदान उत्रन्छ, उसको अर्जुनदृष्टि गोलमै केन्द्रित हुनेछ।

आजको तस्बिर

म्युनिखस्थित एलिनाज एरिनामा अभ्यासरत पोर्चुगलका खेलाडी। शनिबार साबिक विजेता पोर्चुगलले जर्मनीसँग प्रतिस्पर्धा गर्दै छ। *तस्बिर : एपी*

चेक राम्रो स्थितिमा

ग्लास्गो (एएफपी)- चेक गणतन्त्रले युरो २०२० को नकआउट चरणमा पुग्ने बलियो सम्भावना देखाएको छ। क्रोएसियासँग शुक्रबार ह्याम्पडेन पार्कमा भएको रोमाञ्चक खेलमा १-१ को नतिजा निकालेपछि चेक अन्तिम १६ को नजिक पुगेको हो। चेकले पहिलो खेलमा स्कटल्यान्डलाई २-० ले पराजित गरी सनसनी सुरुआत गरेको थियो।

क्रोएसियासँगको ४ खेलमा चेकले कहिल्यै जित हात पारेको छैन। तर पछिल्लो नतिजाले चेकलाई समूह 'डी' को शीर्षस्थानमा उभ्याएको छ। चेकले अब अन्तिम खेलमा इंग्ल्यान्डसँग वेम्बलीमा खेल्नेछ। पहिलो खेलमा इंग्ल्यान्डसँग पराजित क्रोएसियाले अन्तिम १६ मा पुग्न स्कटल्यान्डलाई पराजित गर्नुपर्नेछ। क्रोएसियालाई स्कटल्यान्डसँगको जित पनि अघिल्लो चरणमा पुग्न पर्याप्त नहुन सक्छ।

चेकले प्याट्रिक सिकको पेनाल्टी गोलमा ३७ औं मिनेटमा अग्रता लिएको थियो। क्रोएसियाका रक्षक डेजान लोभरेनले एयर बल क्लियर गर्नेक्रममा सिकलाई कुहिनाले हानेपछि रेफ्री कार्लोस डेल सेरो ग्रान्डेले भीएआरसँग परामर्श गरी मैदानछेउको मोनिटर हेरेर पेनाल्टीको निर्णय दिएका थिए। घुँडाको चोटका कारण अघिल्लो खेल गुमाएका लोभरेनको प्रहारले सिकको नाक फुटेको थियो।

उनै सिकले गोल गरी चेकको अग्रता खोलेका थिए। प्रतियोगितामा बायर लेभरकुसेनका फरवार्डको यो तेस्रो गोल हो। इन्टर मिलानका फरवार्ड इभान पेरिसिचले मध्यान्तरलगत्तै व्यक्तिगत प्रयासमा उत्कृष्ट गोल गरी क्रोएसियालाई बराबरीमा ल्याए। उनी चार प्रमुख प्रतियोगितामा गोल गर्ने क्रोएसियाका पहिलो खेलाडी बने। उनले २०१४ को विश्वकप, युरो २०१६, विश्वकप २०१८ र यसपटक गोल गरेका हुन्। प्रमुख प्रतियोगितामा भने चेक र क्रोएसियाको यो केवल दोस्रो खेल हो। युरो २०१६ मा यी दुईबीचको खेलमा २-२ को बराबरीमा टुंगिएको थियो।

प्लेयर्स टु वाच

म्यानुयल नोया (जर्मनी)

म्यानुयल नोयाले जब संन्यास लिनेछन्, उनलाई आफ्नो समयका विश्वकै महान गोलरक्षकका रूपमा स्मरण गरिनेछ। बक्सबाहिर निस्किएर निडर दृष्टिकोण बनाउने तथा वान भर्सेस वानको अवस्थामा उपयुक्त निर्णय लिनसक्ने उनको क्षमता अद्भूत मानिन्छ। म्याट हमल्सले आत्मघाती गोल गरेपछि युरो २०२० को आफ्नो पहिलो खेलमा फ्रान्ससँग पराजित जर्मनीलाई नकआउट चरणमा पुग्न पोर्चुगलमाथि प्रभावशाली प्रदर्शन अत्यावश्यक छ। पोर्चुगिज सुपर स्टार क्रिस्टियानो रोनाल्डोको आक्रमण रोक्न नोयाले आफ्नो अनुभवको उच्चतम उपयोग गर्नुपर्नेछ। २०१४ को विश्वकप जर्मनीले जित्दा उनले करिअरकै उत्कृष्ट प्रदर्शन गरेका थिए। युरोमात्र यस्तो उपाधि हो, जुन उनले अहिलेसम्म जित्न सकेका छैनन्। ३५ वर्षीय उनले जर्मनीका लागि २००९ यता १ सय १ क्याप जितेका छन्।

जेरार्ड मोरेनो (स्पेन)

कीर्तिमानी बल पोसेसन लिएर पनि स्विडेनसँगको निराशाजनक बराबरीपछि खेलाडी छनोटलाई लिएर स्पेनिस प्रशिक्षक लुइस इनरिकेको चर्को आलोचना भइरहेको छ। ला लिगामा लियोनल मेसीपछि सर्वाधिक गोलकर्ता तथा भिल्लारियललाई युरोपा लिग उपाधि जिताउन महत्त्वपूर्ण भूमिका खेलेका स्ट्राइकर जेरार्ड मोरेनोले सुरुआती ११ मा स्थान पाएनन्। तीनपल्टको युरो विजेता स्पेनलाई लयमा फर्कने दबाबबीच उच्च लयमा रहेका स्ट्राइकर मोरेनोले पोल्यान्डविरुद्ध सुरुआती अवसर पाउने सम्भावना छ। गत सिजन ४६ खेलमा ३० गोल र ११ असिस्ट गरेका उनले स्पेनिस अग्रपंक्तिमा फेरान टोरेस र अल्भारो मोराटासँग उपयुक्त सन्तुलन मिलाउन सक्छन्। २९ वर्षीय यी स्ट्राइकरले सन् २०१९ मा राष्ट्रिय टोलीबाट डेब्यु गरेयता १२ खेलमा ५ गोल गरेका छन्।

बलियो बन्दै स्विडेन

सेन्ट पिटर्सबर्ग (एएफपी)- इमिल फोर्सबर्गले पेनाल्टीमा गरेको गोल मदतमा स्विडेनले युरो २०२० को समूह 'ई' मा मा शुक्रबार स्लोभाकियालाई १-० ले हराएको छ। यसले टोलीको नकआउट चरण प्रवेशको सम्भावना बलियो बनाएको छ। आरबी लाइप्जिगका फोसबर्गले खेल सकिन १३ मिनेटअगाडि निर्णायक गोल गरे।

स्लोभाक गोलरक्षक मार्टिन डुब्राभ्काले वैकल्पिक रोबिन क्विसनलाई लडाएपछि स्विडेनले पेनाल्टी अवसर पाएको हो। फोर्सबर्गको पेनाल्टीसँगै स्विडेनले युरोपेली च्याम्पियनसिपमा ३ सय ६५ मिनेटको गोल खडेरीमा पनि पूर्णविराम लगाएको छ। सन् २०१६ को आफ्नो पहिलो खेलमा स्विडेनले अन्तिम पटक गोल गरेको थियो।

जेन एन्डरसनको स्विडेनले पहिलो खेलमा स्पेनसँग गोलरहित बराबरी खेलेको थियो र टोलीको अब सन् २००४ यता पहिलोपल्ट युरोको नकआउट चरण पुग्ने सम्भावना बढेको छ। स्लोभाकियाले यो खेल जितेको भए नकआउट चरण यात्रा तय हुने थियो। तर स्विडेनले समूहमा स्लोभाकियालाई उछिन्नेर शीर्षस्थान हात पारेको छ।

स्विडेनको ४ अंक भएको छ भने स्लोभाकिया ३ अंकमै सीमित रह्यो। स्लोभाकियाले अन्तिम खेलमा स्पेनको सामना गर्नेछ। स्विडेनले पोल्यान्डविरुद्ध एक अंकमात्र बटुल्न सके त्यो समूहको शीर्षस्थानका लागि पर्याप्त हुनेछ। स्लोभाकियाले नकआउट चरणमा प्रवेशका लागि स्पेनमाथि आफूअनुकूल नतिजा निकाल्नुपर्नेछ।

डच टोलीको सफलता

एम्स्ट्रडम (बीबीसी)- अस्ट्रियामाथि २-० को प्रभावशाली जितसहित नेदरल्यान्ड्सले युरो २०२० को समूह 'सी' बाट नकआउट चरणमा पुगेको छ। पछिल्लो दुई संस्करण छनोट हुन नसकेको डच टोली सन् २००८ यता पहिलोपल्ट अन्तिम १६ मा पुगेको हो।

सुरुआती खेलमा युक्रेनलाई हराएको फ्रान्क डी बोएरबाट प्रशिक्षित नेदरल्यान्ड्सले योहान क्राएफ एरिनामा १२ हजार घरेलु समर्थकमाझ यो सफलता पाएको हो। अस्ट्रियाका कप्तान डेविड अल्बाले विंगर डेन्जेल डम्फ्राइजलाई बक्सभित्र फाउल गरेपछि प्राप्त पेनाल्टीमा मेम्फिस डिपेले गोल गरेपछि सुरुमै घरेलु टोलीले अग्रता बनायो। दोस्रो हाफमा डम्फ्राइजले नै गोल गरे।

नर्थ मेसेडोनियामाथि ३-१ को जितसँगै विजयी सुरुआत गरेको अस्ट्रियाले समूह चरणको अन्तिम खेलमा युक्रेनसँग निर्णायक खेल खेल्नेछ। त्यो खेलले टोलीको नकआउट चरण भविष्य निर्धारण गर्नेछ। पहिलो खेलमा ५-३-२ को फर्मेसनमा टिम उतारेको भन्दै आलोचना खेपेका प्रशिक्षक बोएरले ३-२ गोलको रोमाञ्चक जितपछि

अस्ट्रियासँग पनि सोही रणनीति अपनाए। २०१४ को विश्वकपयता प्रमुख प्रतियोगिताको नकआउट चरण पुग्नुको सफलता श्रेय बोएरले लिन पाउनेछन्।

डच रणनीतिमा डम्फ्राइजले सबैभन्दा धेरै लाभ उठाए। उनले लगभग दायाँ क्षेत्र कभर गरे। १० औं मिनेटमै पीएसभी आइन्डहोभेनका डिफेन्डर डम्फ्राइजलाई बायर्न म्युनिकका अल्बाले बक्सभित्र लडाएपछि भारको मदतमा पेनाल्टीको निर्णय दिइएको थियो। त्यसमा डिपेले २७ औं अन्तर्राष्ट्रिय गोल गरी एम्स्ट्रडममा टिमलाई अग्रता दिलाए। त्यसमध्ये ८ गोल डिपेले बोएरले टिम सम्हाल्न थालेपछि (८ डिसेम्बरयता) गरेका छन्। उनले समग्रमा २२ खेलमा २७ गोल गरेका हुन्। फ्रान्सेली क्लब लियोनका यी स्ट्राइकरले गोलको अर्को अवसर खेर फालेका थिए। तर दोस्रो हाफको सुरुदेखि नै उच्च प्रदर्शन निरन्तरता दिएको डच टोलीले ६७ औं मिनेटमा डम्फ्राइजको गोलबाट अग्रता दोब्बर बनायो। वैकल्पिक खेलाडी डोनेल मेलनले उपलब्ध गराएको पासमा उनी गोल गर्न सफल रहे।

ग्रोइन इन्ज्युरीबाट पुनरागमन गरेका म्याथिज डी लिग्टको उपस्थितिले पहिलो खेलमा धर्माराएको नेदरल्यान्ड्सको रक्षापंक्ति थप बलियो बनेको थियो। अन्तिम १० मिनेट अस्ट्रियाको खेलमा फर्कने प्रयास सफल भएन। अल्बाको एउटा प्रहार पोस्ट नजिकैबाट बाहिरियो। नेदरल्यान्ड्सले अन्तिम खेलमा सोमबार नर्थ मेसेडोनियासँग प्रतिस्पर्धा गर्नेछ भने युक्रेनको भेट अस्ट्रियासँग हुनेछ।

डच प्रशिक्षक डी बोएरले जितका बावजुत टिममा केही कमजोरी रहेको स्विकारे। उनले भने, 'हामीले अझै राम्रो बल पोसेसन बनाउन सक्थ्यौं। यो खेल युक्रेनसँग भन्दा फरक रह्यो। हामीले युक्रेनलाई नियन्त्रणमा राखेका थियौं तर रक्षापंक्तिमा केही कमजोरी थिए। यो खेल बिल्कुलै भिन्न भयो। हामीले प्रायः बलमा नियन्त्रण राख्ने गर्थ्यौं, तर यो खेलमा सकेनौं।'

BERGER HOME SHIELD
SCIENTIFIC WATERPROOFING SOLUTIONS

अंक तालिका

Since 1760 Berger Lewis Paint your imagination

समूह 'बी'

देश	खेल	जित	बराबर	हार	गोल	अंक
नेदरल्यान्ड्स	२	२	०	०	५-२	६
युक्रेन	२	१	०	१	४-४	३
अस्ट्रिया	२	१	०	१	३-३	३
उत्तरी मेसेडोनिया	२	०	०	२	२-५	०

समूह 'डी'

देश	खेल	जित	बराबर	हार	गोल	अंक
चेक गणतन्त्र	२	१	१	०	३-१	४
इंग्ल्यान्ड *	१	१	०	०	१-०	३
क्रोएसिया	२	०	१	१	१-२	१
स्कटल्यान्ड *	१	०	०	१	०-२	०

आजका खेल
हंगेरीविरुद्ध फ्रान्स बुढापेस्ट, १८:४५ बजे
पोर्चुगलविरुद्ध जर्मनी म्युनिख, २१:४५ बजे
स्पेनविरुद्ध पोल्यान्ड सेभिया, ००:४५ बजे

SCAN & WIN*
Berger ROAD TO EURO
*Conditions apply!

ब्राजिल विजयी

कोपा अमेरिका

रियो दी जेनेरियो (एएफपी)- आयोजक ब्राजिलले कोपा अमेरिकामा आफ्नो शतप्रतिशत विजयी सुरुआत शुक्रबार पनि कायम राखेको छ। एलेक्स सान्ड्रो, नेयमर, एभरटन रिबेरो र चार्लिसनको गोल मदतमा ब्राजिलले पेरुमाथि ४-० को सजिलो जित निकालेको छ। यो जितपछि समूह 'बी' मा ब्राजिल शीर्षस्थानमा रह्यो। ब्राजिलको दुई खेलबाट ६ अंक भएको छ। पेरु भने हारपछि समूहको पुछारमा झरेको छ। ब्राजिलको यो समग्रमा लगातार नवौं जित हो।

पहिलो हाफमा दुवै टिमबीचको अन्तर खासै केही देखिएको थिएन, तर दोस्रो हाफमा भने ब्राजिलको सुदृढ पक्ष निर्णायक साबित भयो। ब्राजिलका लागि नेयमर फेरि एकपल्ट प्रभावशाली खेलाडी साबित भए। उनको उच्च प्रदर्शन मदतमा ब्राजिल एक अर्को सानदार जित निकाल्नसफल रह्यो। ब्राजिलले पहिलो गोलका लागि १२ मिनेटमात्र कुर्नुपरेको थियो, जतिबेला ग्याब्रियल जेससको पासमा सान्ड्रोले सिक्स यार्डबाट गोल गरे।

दोस्रो हाफपछि भने ब्राजिलले एकपछि अर्को लगातार अवसर सिर्जना गरेको थियो। नेयमरले ६८ औं मिनेटमा दोस्रो गोल गरे। त्यसपछि ८९ औं मिनेटमा रिबेरोले गोल गरे भने चार्लिसनको गोल इन्ज्युरी समयको तेस्रो मिनेटमा सम्भव भएको थियो।

यसअघि भेनेजुएलाले कोलम्बियाको लगातारको दबाब निस्तेज गर्दै गोलरहित बराबरी निकालेको थियो। गोलरक्षक वल्केर फेरिनेजले शृंखलाबद्ध उत्कृष्ट बचाउ गरे। उनी खेलका नायक रहे।

कोलम्बियाका म्यागुएल बोरजाले गरेको गोललाई अफसाइडका कारण मान्यता दिइएन। खेलको अन्त्यमा कोलम्बिया १० खेलाडीमा समेटिएको थियो। इन्ज्युरी समयमा लुइस डियाजलाई रातो कार्ड देखाइएको थियो। जहाँ कोलम्बियाले २३ आक्रमण बुनेको थियो, त्यहीं भेनेजुएलाले दुई आक्रमणमात्र बुन्न सक्यो। ब्राजिलविरुद्धको आफ्नो पहिलो खेलअगाडि कोरोना भाइरस संक्रमणका कारण प्रमुख आठ खेलाडी गुमाएको भेनेजुएलाले अझै स्थिति सम्हाल्न सकेको छैन।

नेपालको प्रारम्भिक टोली

काठमाडौं (कास)- नेपालले आईसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत स्कटल्यान्ड र नामिबियासँग हुने त्रिकोणात्मक एकदिवसीय शृंखलाका लागि २० सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको छ। स्कटल्यान्डमा हुनुपर्ने यो शृंखला कोभिड-१९ को महामारीका कारण स्पेनमा सारिएको छ। कहिले हुने भनेर स्पष्ट मिति नखुलाए पनि प्रतियोगिता जुलाईको तेस्रो साता हुने जनाइएको छ।

घोषित नेपाली टोलीमा ज्ञानेन्द्र मल्ल, कुशल भुर्तेल, आरिफ शेख, पारस खड्का, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, कुशल मल्ल, विनोद भण्डारी, करण केसी, सन्दीप लामिछाने, सोमपाल कामी, कमलसिंह ऐरी, अविनाश बोहरा, सन्दीप जोरा, शाहब आलम, सुसन भारी, शरद भेषावकर, विक्रम सोब, पवन सर्राफ र पृथु बाँस्कोटा छन्। भेट्रान स्पिनर वसन्त रेग्मीलाई टोलीमा राखिएको छैन। स्पेनको अल्मेरियामा सम्भवतः यो शृंखला हुनेछ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले अप्रिलमा मात्र अल्मेरियास्थित डेजर्ट स्प्रिङ्स क्रिकेट मैदानलाई एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता प्रदान गरेको थियो।

सन् २०२० को फेब्रुअरीमा काठमाडौं अमेरिका र ओमानसम्मिलित त्रिकोणात्मक शृंखलायता नेपालले लिग-२ को खेल खेलेको छैन। त्यसयताका सबै शृंखला कोभिड-१९ का कारण हुन सकेको छैन। काठमाडौंमा भएको शृंखलामा नेपालले अमेरिकासँग दुवै खेल जितेको थियो भने ओमानसँगको दुवै खेल हारेको थियो। नेपाल ४ खेलमा ४ अंकसहित सात देश सहभागी लिग-२ को अंक तालिकामा छैटौं स्थानमा छ। ओमान १० खेलमा १६, अमेरिका १२ खेलमा १२ अंक जोडेर पहिलो दुई स्थानमा छ। स्कटल्यान्ड ८ खेलमा ९ र नामिबिया ७ खेलमा ८ अंकसहित क्रमशः तेस्रो र चौथो स्थानमा छन्। यूएईको ७ खेलमा ७ अंक छ। पपुवा न्युगिनी आफूले खेलेका सबै ८ खेलमा पराजय भोग्दै पुछारमा छ। सहभागी ६ टोलीले तीन वर्षका दौरानमा लिग-२ मा ३६ खेल खेल्नुपर्ने हुन्छ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

छोटकरी

हात्तीसँग सेल्फी खिच्दा मृत्यु

मोरङ (कास)- सुनवर्षी नगरपालिका-८ कुरेलीमा सेल्फी खिच्न खोज्दा भारतबाट नेपाल प्रवेश गरेको जंगली हात्तीको आक्रमणमा परी एक जनाको शुक्रबार मृत्यु भएको छ। स्थानीय २१ वर्षीय मनोहर मियाँको मृत्यु भएको हो। नजिक गएर सेल्फी खिच्ने क्रममा हात्तीले आक्रमण गर्दा घाइते भएका उनको उपचारका क्रममा न्युरो अस्पताल विराटनगरमा मृत्यु भएको प्रहरीले जनाएको छ।

गजुरेल 'सिरिजंगाको छोरो'

ताप्लेजुङ (कास)- हास्य कलाकार मनोज गजुरेललाई आफू जन्मेको गाउँपालिकाले 'सिरिजंगाको छोरो' भनेर सम्मान गरेको छ। सिरिजंगा गाउँपालिका-६ पेदाङमा जन्मिएका गजुरेललाई गाउँपालिकाको आठौं गाउँसभाले यस्तो उपाधिसहित सम्मान दिएको हो। गाउँपालिका अध्यक्ष टीका गुरुङले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा सभामार्फत यस्तो प्रस्ताव गरेका थिए। गाउँपालिकाले उनलाई सद्भावना पर्यटन दूतसमेत नियुक्त गरेको छ।

कचनकवलमै सर्पदंशको उपचार सुरु

समयमा उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्था हट्यो

अर्जुन राजवंशी (बिर्तामोड)

जेठ १५ गते बिहानपख कचनकवल गाउँपालिका-७ खेरीबारीकी रामकुमारी कुँवर घर सफाइ गरिरहेकी थिइन्। सरसफाइ गरिरहेका बेला घरभित्र मुसाले बनाएको दुलोभित्र रहेको विषालु सर्पले उनको खुट्टामा डस्यो।

४३ वर्षीया कुँवरलाई तत्काल उपचारका लागि मोटरसाइकलमा राखेर चारआलीस्थित सर्पदंश उपचार केन्द्र लगियो। नजिकै उपचार केन्द्र नहुँदा करिब ३० किलोमिटर टाढाको आरआली पुऱ्याउदा कुँवर अचेत भइसकेकी थिइन्। कुँवरलाई उपचार केन्द्र पुऱ्याउँदा सर्पले डसेको ५० मिनेट बितिसकेको थियो। त्यतिन्जेल उनको शरीरभरि सर्पको विष फैलिसकेको थियो। आरआली सर्पदंश उपचार केन्द्रमा आईसीयूको व्यवस्था छैन। उनलाई आईसीयूमा राख्नुपर्ने भयो। आरआलीबाट बिर्तामोडस्थित बीएन्डसी अस्पतालतर्फ लाने तयारी गरियो। बिर्तामोड लैजाने क्रममा कुँवरको बाटोमै मृत्यु भयो।

कुँवरको मृत्यु भएको तीन दिन नबितै कचनकवलकै ४ नम्बर वडास्थित फर्सागाछीका ५९ वर्षीय चवनलाल गणेशलाई गोमन सर्पले डस्यो। गाईवस्तु बाँध्न गएका गणेशलाई घरनजिकैको परालको कुन्युमा रहेको सर्पले डसेको थियो। नजिकै सर्पदंश उपचार केन्द्र नभएको र टाढा जाने साधन तत्काल उपलब्ध नहुँदा उनी झारफुकतर्फ लागे। झारफुकले काम नगर्दा गणेश सिकिस्त बने। त्यसपछि स्थानीयको सहयोगमा उपचारका लागि चारआलीतर्फ लैजाने क्रममा उनको बाटोमै मृत्यु भयो।

सर्पले डसेर एकै सातामा ज्यान गुमाएका छिमेकीद्वय कुँवर र गणेश झापाको कचनकवल गाउँपालिकाका लागि प्रतिनिधि घटना मात्र हुन्। बर्खायाम लागेपछि जिल्लाको दक्षिण सीमावर्ती कचनकवलमा बर्सेनि ५/६ जनाको मृत्यु सर्पको डसाइबाट हुनु सामान्यजस्तै बनेको छ। सर्पले डसेका स्थानीय उपचार नै नपाई ज्यान गुमाउन थालेपछि उक्त क्षेत्रका बासिन्दाले पछिल्ला दुई वर्षयता पूर्वाधार विकासभन्दा सर्पदंश उपचार केन्द्र स्थापनाको माग उठाएका थिए। कचनकवलवासीले गाउँपालिका कार्यालय, प्रदेश र संघीय सरकार, तीनै तहका निर्वाचित जनप्रतिनिधि एवं सरोकारवालालाई पटक-पटक उपचार केन्द्रका लागि ध्यानाकर्षण गराएका थिए।

स्थानीयको माग सुनुवाइ नभएको भन्दै गत वर्ष स्थानीय विद्यार्थीले नाराबाजी गर्दै गाउँपालिका कार्यालय घेराउसमेत गरेका थिए। उनीहरूको एकसूत्रीय माग थियो, कचनकवल क्षेत्रमा सर्पदंश उपचार केन्द्र स्थापना हुनुपऱ्यो।

स्थानीयको माग र विद्यार्थीको दबाबपछि गाउँपालिकाले बिहीबारदेखि कचनकवलमा सर्पदंश उपचार केन्द्र सञ्चालनमा ल्याएको छ। वडा-६ बनियानीस्थित बनियानी प्राथमिक स्वास्थ्य केन्द्रको भवनमा ६ बेडको उपचार केन्द्र बिहीबार उद्घाटन गरिएको हो। 'स्थानीयको लगातारको दबाब र पहलमा यस क्षेत्रमा सर्पदंश उपचार केन्द्र स्थापना गर्न सफल भयौं,' गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख जागेश्वरप्रसाद यादवले भने, 'गाउँपालिकाको करिब ३० लाख रुपैयाँ खर्चमा केन्द्र सञ्चालनमा ल्याएका हौं।'

झापाको कचनकवल-६ मा स्थापना गरिएको सर्पदंश उपचार केन्द्र। *तस्विर : अर्जुन/कान्तिपुर*

अक्सिजन, पेसेन्ट मोनिटरिङ मेसिनलगायत उपचार केन्द्रमा एक जना मेडिकल अधिकृतसहित ६ जना स्वास्थ्यकर्मीको व्यवस्था गरिएको छ। स्वास्थ्यकर्मीलाई गाउँपालिकाले आवश्यक तालिमसमेत दिएको गाउँपालिकाका अध्यक्ष अन्जरा आलमले जानकारी दिए। मुलुकैं होचो क्षेत्र कचनकवलमा बर्खा र गर्मी समयमा सर्प धेरै मात्रामा निस्किने गरेको स्थानीय शिक्षक रत्नबहादुर बुढाथोकीले बताए। 'बर्खाको सिजनमा त जतासुकै सर्प भेटिन्छ,' उनले भने, 'कतिबेला कसलाई डस्छ, चारआलीसम्म पुऱ्याउन भ्याइन्छ कि भ्याईंदैन भन्ने चिन्ता हुन्छ।'

गाउँमै उपचार केन्द्र सञ्चालनमा आएकाले अब उपचार नै नपाई ज्यान गुमाउनु नपर्ने गाउँपालिकाकी उपाध्यक्ष निमसरी राजवंशी बताउँछिन्। 'ठूलठूला विकासका कामभन्दा सर्पदंश उपचार केन्द्र सञ्चालन गर्न पाउँदा आनन्द र खुसी भएका छौं,' राजवंशीले भनिन्, 'सर्पले डस्ने यो क्षेत्रको एउटा ठूलो समस्या थियो। अब समाधान हुन्छ भन्ने आशा पलाएको छ।' यो सहित जिल्लामा सर्पदंश उपचार केन्द्रको संख्या चार पुगेको छ।

गाउँपालिकाले एमबीबीएस पढाइदिने

कान्तिपुर संवाददाता (ताप्लेजुङ)

सिरिजंगा गाउँपालिकाले यहाँका एक जनालाई एमबीबीएस पढाउने भएको छ। पाँच शय्याको प्राथमिक उपचार केन्द्र र एक जना डाक्टरको दरबन्दी भएर पनि डाक्टर ल्याउन र टिकाउन नसकेको गाउँपालिकाले आफ्नै लगानीमा यसरी पढाउन लागेको हो।

यसका लागि आउँदो आर्थिक वर्ष १३ लाख रुपैयाँ विनियोजन गरिएको छ। यो एक वर्षको खर्च हो। दोस्रो वर्षदेखि थप गर्दै लाने नीति गाउँपालिकाको छ। पढेका डाक्टरले आफ्नो गाउँपालिकामा अनिवार्य सेवा गर्नुपर्नेलगायत कार्यविधि बनाइने भएको छ। दलित र अपांगता भएका परिवारका विद्यार्थीलाई स्नातकसम्मको शिक्षा निःशुल्क गरिएको छ। गाउँपालिकाकै क्याम्पसमा पढे सम्पूर्ण खर्च बेहोर्ने र गाउँपालिका बाहिर गएर अध्ययन गरे क्याम्पसमा लाग्ने शुल्क तिरिदिने गाउँपालिका अध्यक्ष टीका गुरुङले बताए।

१२ कक्षासम्मको शिक्षा गाउँपालिकाले गत वर्ष नै निःशुल्क गरिसकेको छ। १० कक्षा उत्तीर्ण ८ वटै वडाका एक/एक जनालाई आवाससहित कृषि, पशु तथा प्राविधिक विषय पठनपाठन गर्ने व्यवस्थालाई निरन्तरता दिएको छ। यो शिक्षा निःशुल्क हुनेछ। संघले घोषणा गरेको कार्यक्रमअन्तर्गत बाल विकास शिक्षक, विद्यालय कर्मचारी र कार्यालय सहयोगीको पारिश्रमित मासिक १५ हजार रुपैयाँ पुऱ्याइएको छ। ८३ जना यस्ता कर्मचारी रहेको गाउँपालिकाका कर्मचारीका लागि वार्षिक ८० लाख रुपैयाँ खर्च हुने गुरुङले जानकारी दिए। संघले ८ हजार र बाँकी ७ हजार रुपैयाँ स्थानीय तहले दिने उल्लेख थियो। गाउँपालिकाकै एकमात्र सिनाम बहुमुखी क्याम्पसमा बीबीएस र बीएड अध्ययन गर्ने छात्राका लागि उपाध्यक्ष छात्रवृत्ति कार्यक्रम सञ्चालनमा ल्याइएको छ।

अब बीबीएस र बीएड पढ्ने विद्यार्थीको शुल्क गाउँपालिकाले बेहोर्ने भएको छ। गाउँपालिकामा रहेका ९ वटा माध्यमिक विद्यालयमा अध्ययनरत १० कक्षासम्मका विद्यार्थीका लागि दुई महिना निःशुल्क कोचिङ कक्षाको व्यवस्था मिलाइएको छ। प्रत्येक वडामा होस्टल सुविधासहितको एक वडा, एक माविको अवधारणा पनि अघि सारिएको छ। आर्थिक वर्ष २०७८/७९ को चालु र पुँजीगततर्फ गरी ५० करोड ५७ लाख रुपैयाँको बजेट ल्याएको गाउँपालिकाले चालुतर्फ ६ करोड ७३ लाख ५० हजार र आर्थिक विकासतर्फ १ करोड ११ लाख रुपैयाँ विनियोजन गरेको छ। सामाजिक विकासतर्फ ३ करोड ७६ लाख, पूर्वाधार विकासतर्फ ९ करोड ९४ लाख ५० हजार र वन वातावरण तथा विपत् व्यवस्थापनतर्फ ६० लाख रुपैयाँ विनियोजन गरेको छ।

'सिरिजंगाको सान, उद्यमशील किसान, सिरिजंगाको गौरव कञ्चनजंघा, गाउँमै रोजगार, गर्वको आधार, एक घर एक धारा, निःशुल्क शिक्षा, हामी सबैको इच्छा जस्ता दर्जनौं कार्यक्रमलाई निरन्तरता दिएको गाउँपालिकाले स्वास्थ्यका लागि होम डेलिभेरी सेवा सञ्चालन गर्ने भएको छ। 'एक वडा एक बर्थिङ सेन्टर' अभियानअन्तर्गत चालु आर्थिक वर्षकै मामांखे र खेवाङमा स्थापना गर्न बजेट छुट्याइएको उपाध्यक्ष लीला चौहान गौतमले बताइन्।

जेल सजाय

ताप्लेजुङ (कास)- एक वर्षीया बालिकालाई तातोपानी खन्याएको अभियोग लागेकी महिलालाई जिल्ला अदालतले ७ महिनाको जेल सजाय गरेको छ। जिल्ला न्यायाधीश प्रकाश राउतको इजलासले ७ हजार रुपैयाँ जरिवाना र ४० हजार रुपैयाँ क्षतिपूर्ति दिन पनि आदेश दिएको छ।

मैवाखोला गाउँपालिका १ ढुङ्गेसाँघुकी १ वर्षीय बालिकालाई २०७७ मंसिर ४ गते तातोपानी भएको किल्लीले प्रहार गरेको आरोपमा ४० वर्षीया दालामु शेर्पालाई प्रहरीले पक्राउ गरेको थियो। प्रहरी निरीक्षक कैलाश अधिकारीका अनुसार घाइते बालिकाको मंसिर ५ गते जिल्ला अस्पतालमा उपचारक्रममा मृत्यु भएको थियो।

यसैबीच, सिरिजंगा गाउँपालिका ५ खेवाङका विनोद ताम्लिङ लिम्बूलाई १ वर्ष कैद, १० हजार रुपैयाँ जरिवाना र २० हजार रुपैयाँ क्षतिपूर्ति दिने फैसला भएको छ। पाकेको मासुको भाडामा श्रीमतीको अनुहार डुबाएर ज्यान मार्ने उद्योग गरेको आरोप लागेका उनलाई अदालतले असार २ गते सजाय सुनाएको स्रेस्तेदार शम्भुप्रसाद रेग्मीले बताए।

'बुबाको अन्त्येष्टि गर्न दिइएन'

कुम्भराज राई (ओखलढुंगा)

चम्पादेवी गाउँपालिका-३, ताप्केडाँडाका मित्रबहादुर तामाङको ७० वर्षको उमेरमा गत जेठ २९ मा घरमै निधन भयो। मुटुका रोगी उनका चार भाइ छोराहरू छन्। त्यसमध्ये माइला शंकर तामाङ र कान्छो प्रदीपलाई अन्तर्जातीय बिहे गरेको कारण देखाएर बुबाको अन्त्येष्टिमा सहभागी हुन दिइएन।

अझ वडाध्यक्ष बलबहादुर तामाङले समुदायलाई उकासेर बुबाको मुख हेर्नसम्म नदिएको शंकर र प्रदीपको गुनासो छ। बुबा बितेको खबर सुनेपछि शंकर धादिङबाट र कान्छो प्रदीप काठमाडौंबाट घर पुगेका थिए। तर बुबाको अन्त्येष्टि स्थलमा पुगेका उनीहरूलाई माटो चढाउनसम्म दिइएन।

'यदि म र कान्छोले छोयो भने सबै मलामी फर्किन्छौं भने,' शंकरले भने, 'त्यसपछि आमा रुनु भयो र तिमीहरू फर्क नत्र म झुन्डिएर मर्छु भनेपछि हामी त्यही दिन काठमाडौं फर्कियौं।' उनीहरू फर्किएपछि जेठो यामबहादुर र साइँला तुलबहादुरले बुबाको अन्त्येष्टि गरे।

शुक्रबार घरमा बुबाको काजकिरिया भइरहेको छ। तर माइलो र कान्छो काठमाडौंमै छन्। अन्त्येष्टिका मुख्य पुजारी लामाले क्रियापुत्रीका अपमा सहभागी भए पनि होउ भने। तर वडाध्यक्ष तामाङको नेतृत्वको गाउँलेले नदिएको उनीहरूको आरोप छ।

> वडाध्यक्षले नै समुदायलाई उचालेको दुई छोराको आरोप

मुटुरोगी बुबाको उपचारमा दुई भाइले सकेको खर्च, हेरचाह जम्मै गरेका थिए। तर सास गएका बेला मुख हेर्न पनि दिइएन। 'तिमीहरू कानुनी रूपले जहाँ गए पनि जाऊ। अन्तिममा मिल्ने समाजमै हो भनेर वडाध्यक्षले जवाफ दिए,' शंकरले भने, 'देशको कानुन र समाजको कानुन फरक हुन्छ भनेर थर्काए।'

शंकरले क्षत्री थरकी बिहे गरेका हुन् भने कान्छाले दलित समुदायकी बिहे गरेका हुन्। यस गाउँमा जातीय कारण देखाएर विभेद गरिएको पहिलो घटना भने होइन। सोही गाउँका राजु तामाङले दुई वर्षअघि हजुरबुबा बित्दा आफूलाई अन्तर्जातीय बिहे गरेको भन्दै विभेदको प्रयास गरिएको बताए।

वडाध्यक्ष भने यो आरोप सरासर झूटो भएको बताउँछन्। 'मेरो यसमा के सरोकार ? उनीहरू दाजुभाइमै कुरा भएपछि आफैंले हामी छुँदैनौं भनेर हिँडेका हुन्,' उनले भने, 'मेरो कुनै भूमिका छैन।' तर उनले मंगलबार केही सञ्चारकर्मीसँगको टेलिफोन कुराकानीमा तामाङ समुदायको संस्कार भएकाले त्यहीअनुसार गरिएको जवाफ दिएका थिए।

जातीय विभेदको सिकार बनेका छोराहरू राजनीतिक रंग गाँसिएको बताउँछन्। राजनीतिक रूपले समर्थन नगर्ने भएकाले वडाध्यक्षको भूमिका यस्तो हुन सक्ने अनुमान गरिएको छ। किनभने अघिल्लो वर्ष मात्रै उनीहरूको हजुरआमा बित्दा काकाले नेवार्नी ल्याएको भए पनि काजकिरियामा सहभागी गराइएको थियो।

जिल्लास्थित दलित अधिकारकर्मी बलबहादुर परियार देशको कानुन एउटा र गाउँमा ठूलठालुले चलाउने अर्को कानुन भएको बताउँछन्।

हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०२७/०८/१० — स्वर्गारोहणः वि.सं. २०७८/०२/२४

स्व. श्री अच्युत सेडाई

नमस्ते इन्फोटेकका प्रबन्ध निर्देशक एकराज सेडाईका दाजु अच्युत सेडाईको मिति २०७८/०२/२४ गतेका दिन असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

नमस्ते इन्फोटेक प्रा.लि.
परिवार

हार्दिक समवेदना



जन्मः २०४१/०७/१५ — स्वर्गारोहणः २०७८/०२/२४

स्व. अनिल थापा

काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं.-७ निवासी तथा यस **पूर्ण विनायक युवा क्लब**का बर्तमान अध्यक्ष **श्री अनिल थापा**को अल्यायुमै मिति २०७८/०२/२४ गते असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

◆◆◆

पूर्ण विनायक युवा क्लब परिवार
कागेश्वरी मनोहरा न.पा.-७

Heartfelt Condolence

Late Mrs. Hari Maya Adhikari
Date of Demise: 2078/02/24

We are deeply grieved by the untimely demise of **Mrs. Hari Maya Adhikari,** beloved mother of our colleague Mr. Det Raj Adhikari.

We pray to god for the eternal peace of her departed soul & would like to extend our heartfelt condolence to the bereaved family for their irreplaceable loss.

MERCY CORPS
Mercy Corps Nepal Family

हार्दिक समवेदना

जन्मः २०२०/३/७ गते — स्वर्गारोहणः २०७८/२/२४ गते

स्व. मैना दोबे

यस कान्तिपुर पब्लिकेसन्सको प्रशासन विभागमा कार्यरत कर्मचारी राजकुमार दोबेकी ममतामयी माता **मैना दोबे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२८/०४/०१ — स्वर्गारोहणः २०७८/०१/२२

स्व. विजया मिश्र भेटवाल

मेरी कान्छी छोरी **विजया मिश्र भेटवाल**को अकल्पनिय एवं असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस विपदको घडीमा हामीलाई सहयोग, सदभाव र समवेदना प्रकट गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

आमाः मन्जरी देवी मिश्र — पतिः वालकृष्ण भेटवाल

छोरा, छोरीः विभुषण राज भेटवाल, प्रज्ञा भेटवाल
जेठाज्यू/जेठानीः गणेश/गीता भेटवाल
देवर/देवरानीहरूः हरी/जानुका भेटवाल, गंगा/धनकुमारी भेटवाल, हेमप्रसाद/नम्रता भेटवाल
आमाज्यू/नन्दहरूः पवित्रा पन्त, नर्वदा संग्रौला, रमा भेटवाल
भतिजा, भतिजीहरूः अमृत, अभिषेक, इच्छा, स्वेक्ष्या, श्रद्धा, स्वागत, दिव्य, सुप्रिया, ग्रिष्मा, गिरीष, भुवन, भावना, अमृत, आराधना, एन्जल, आयुष
दाजु/भाउजुः किर्तिनाथ मिश्र, संगिता मिश्र
दिदी/भिनाजुः साधना मिश्र अधिकारी, सुक्ष्मा के सी, श्याम सुन्दर के सी
तथा समस्त भेटवाल परिवार

"I don't have all the brains I need, but I have the brain, which can collaborate with all I need" - Rajkumar Maharjan

हार्दिक भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२६ कार्तिक ०२ गते — स्वर्गारोहणः २०७८ जेठ २५ गते

स्व. राजकुमार महर्जन

यस संस्थाका आदरणीय अध्यक्ष तथा वर्ल्ड काउन्सिल फर टोटल क्वालिटी एण्ड एक्सेलेन्स ईन एजुकेशन (WCTQEE) का डाईरेक्टर जनरल, केन्द्रीय प्याब्सनका प्राज्ञिक सल्लाहकार एवं माउण्ट भ्यू इङ्गलिश बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल शिक्षासेवी **राजकुमार महर्जन**को मिति २०७८ साल जेठ २५ गते मंगलबारका दिन ५२ वर्षको अल्पायुमै भएको अत्यन्त अकल्पनीय, हृदयविदारक तथा असामयिक निधनले सिङ्गो क्वेष्ट नेपाल परिवार र देश तथा विदेशमा फैलिएको सम्पूर्ण एस्क्यूसी क्षेत्रलाई स्तब्ध बनाएको छ। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

संस्थाको अध्यक्ष एवं अन्य विभिन्न भूमिकामा रही एस्क्यूसीलाई नेपाल सरकारको पाठ्यक्रममा समाबेश गराउने, एस्क्यूसीको नेपाल मोडललाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने, सहजकर्ता तालिम तथा माष्टरल्याबलाई अन्तर्राष्ट्रियकरण गर्ने, विभिन्न तालिमका कार्यक्रमहरुसहित एस्क्यूसीको अभूतपूर्व विस्तार गर्ने लगायतका तपाईंका अतुलनीय योगदानहरु क्वेष्ट नेपालको इतिहास तथा एस्क्यूसीको क्षेत्रमा युगयुग कोषेढुङ्गाको रुपमा रहिरहनेछ।

◆◆◆

QUEST-Nepal
क्वेष्ट नेपाल
तथा सम्पूर्ण एस्क्यूसी परिवार

हार्दिक श्रद्धाञ्जली

स्व. प्रो. ईन्द्रप्रसाद श्रेष्ठ
जन्मः १९९९।०३।२६
स्वर्गारोहणः २०७८।०१।२२

स्व. विमला श्रेष्ठ
जन्मः १९९९।०१।०९
स्वर्गारोहणः २०७८।०१।१३

यस गणेश टाकिज प्रा. लि. धरानका अध्यक्ष **श्री प्रो. इन्द्र प्रसाद श्रेष्ठ** र वहाँकी धर्मपत्नी **श्रीमती विमला श्रेष्ठ**को दुःखद असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथीमा दिवंगत् आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै असामान्य अकल्पनीय यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना सहित **हार्दिक समवेदना** प्रकट गर्दछौं।

गणेश टाकिज प्रा.लि. परिवार
धरान

साङ्लोले बाँधिएकाको उद्धार

पर्सा (कास)- १५ वर्षदेखि फलामे साङ्लोले बाँधिएका वीरगन्ज महानगर-१७ का ४३ वर्षीय हृदयनारायण साह तुराहाको उद्धार गरिएको छ। मानसिक बिरामी उनको मानव सेवा आश्रम वीरगन्जको टोलीले बुधबार साँझ घरमै पुगेर उद्धार गरेको हो। साथमा वीरगन्ज महानगरका मेयर विजयकुमार सरावगी तथा आश्रमका अभिभावक सामाजिक अभियन्ता प्रकाश थारूसमेत थिए।

आश्रममा ल्याई उनको हात खुट्टामा बाँधिएको फलामे साङ्लो काटेर हटाइएको थियो। मानसिक रोग विशेषज्ञ डा. भरत गोइतबाट उनको उपचार मेत सुरु गरिएको आश्रमका अभिभावक थारूले बताए। 'उहाँ पूर्णरूपमा स्वस्थ नहुन्जेल आश्रममै खाने र बस्ने व्यवस्था तथा औषधोपचारको समेत व्यवस्था मिलाएको छौं,' उनले भने, 'स्वस्थ भएपछि परिवारसँग पुनर्मिलन गराउने छौं।' मेयर सरावगीले आर्थिक अभावले उपचार हुन नसकेर लामो समयदेखि फलामे साङ्लोले बाँधेर राखिएको थाहा पाएपछि उद्धार गरिएको बताए।

निषेधाज्ञामा लागूऔषध कारोबारी सक्रिय

चालु आर्थिक वर्षमा १ सय ५३ जना पक्राउ

शंकर आचार्य (पर्सा)

वीरगन्ज महानगरपालिका-१८ भवानीपुरमा पार्किङ गरिएको ट्रकबाट पर्सा प्रहरीले मंगलबार अपराह्न ५ बजेतिर ६५ किलो गाँजा बरामद गऱ्यो। वाग्मती प्रदेश ०१-००६ख-१८२८ नम्बरको ट्रक चालक मकवानपुर, मनहरी गाउँपालिका-६ नयाँ बस्तीका राजकुमार मोक्तान पक्राउ परे।

मालबाहक ट्रकबाट ठूलो परिमाणमा लागूऔषध बरामद भएपछि लागूऔषधका कारोबारीहरू निषेधाज्ञाको समयमा पनि सक्रिय रहेको प्रहरीको अनुमान छ। लागूऔषध ढुवानी तथा तस्करीका लागि वीरगन्ज तथा यसको छेउछाउको ग्रामीण भेगका नाका प्रयोग गरिन्छ। मुलुकको सर्वाधिक आयात निर्यात हुने नाका वीरगन्ज लागूऔषध ढुवानीको पनि ट्रान्जिटको रूपमा बदनाम छ।

भारतमा प्रतिबन्धित नभएका तर नेपालमा प्रतिबन्धित नुरफिन, फेनारगन, डाइजेपामजस्ता औषधि बोकेर आउनेहरू प्रायजसो वीरगन्ज तथा छेउछाउका नाकाबाट पक्राउ पर्न थालेका छन्। सुरक्षाकर्मीको आँखा छलेर लागूऔषध ढुवानी गर्नेको संख्या पक्राउ परेकाहरूभन्दा निकै बढी रहेको अनुमान छ। प्रतिबन्धित लागूऔषध नेपालमा नियन्त्रित लागूऔषध भनिन्छ। लागूऔषधको ढुवानीकर्ता प्रायः केही अवधिको जेल सजाय काट्छन्। तैपनि निरुत्साहित हुँदैनन्। कारोबारीहरूले यो नाकाबाट भित्र्याउने लागूऔषध विभिन्न जिल्ला हुँदै काठमाडौंसम्म पुग्छ।

चालु आर्थिक वर्षको जेठसम्ममा प्रहरीले जिल्लाका बिभिन्न स्थानबाट गरी १ सय ५३ जना लागूऔषध तस्कर/कारोबारी पक्राउ गरेको छ। उनीहरूको साथबाट ४ सय ३४ किलो गाँजा, १ सय ५३ किलो चरेस, ६३ ग्राम हेरोइन, ८ किलो अफिम, ६ हजार १ सय २९ थान फेनारगन, ६ हजार ९ सय ३८ थान डाइजिल्याब, ६ हजार ९ सय १७ थान नुर्फिन, ७ हजार ८ सय ८९ थान निट्राभेट ट्याबलेट र १ हजार ९ सय ९९ थान कोरेक्स बोतल बरामद गरेको थियो।

गत आवभन्दा चालु आवमा गाँजाबाहेक अन्य लागूऔषध झन्डै दोब्बर बढी बरामद भएको छ। आव २०७६/२०७७ मा लामो समय लकडाउन हुँदासमेत १ सय ७२ जना लागूऔषध तस्कर/कारोबारी पक्राउ परेका थिए। उनीहरूका साथबाट ६ सय २४ किलो गाँजा, २८ किलो चरेस, ४१ ग्राम हेरोइन, १ किलो अफिम, ३ हजार ५३ थान फेनारगन, ३ हजार ३ सय ६४ थान डाइजिल्याब, ३ हजार १ सय ११ थान नुर्फिन, ६ हजार १२ थान निट्राभेट ट्याबलेट र ८ सय ३४ थान कोरेक्स बोतल बरामद गरेको थियो।

सीमा नाका सामान्य रूपमा खुला भएको अवस्थामा दैनिकजसो वीरगन्जबाट पैदल रक्सौल पुगेर लागूऔषध सेवन गरेर फर्किने दुर्व्यसनी पनि प्रशस्त छन्। उनीहरूले थोरबहुत लागूऔषध बोकेर ल्याउँछन् र बिक्रीसमेत गर्छन्। पक्राउ पर्ने अधिकांशमा १८ देखि २४ वर्ष उमेरका छन्। तीमध्ये पनि अधिकांश पर्साभन्दा बाहिर जिल्लाका हुन्। नेपाल र भारतीय प्रहरीले बेलाबेलामा गर्ने दुई पक्षीय बैठकमा रक्सौलमा खुलेआम पाइने नियन्त्रित लागूऔषधको बारेमा चर्चा हुँदैन। अन्य अपराध तथा अपराधी नियन्त्रणका लागि गरिने साझा प्रयासजस्तै लागूऔषधको हकमा उति सारो प्रयास गरिदैन।

वीरगन्ज कारागारका झन्डै आधा कैदीबन्दी लागूऔषध मुद्दामा सजाय पाएका वा पुर्पक्षमा रहेकाहरू मात्र छन्। लागूऔषध ढुवानी गर्नेमा महिला पनि छन्। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी ओमप्रकाश खनाल प्रहरीले आफ्नो क्षमता र जनशक्तिको अत्यधिक उपयोग गरेर लागूऔषध ढुवानीकर्ता तथा प्रयोगकर्ता पक्राउ गर्न कुनै कसर बाँकी नराखेको दाबी गर्छन्।

तर पेसेवर कारोबारीहरूले जस्तोसुकै परिस्थितिमा पनि आफ्नो सक्रियता नछोड्ने, निषेधाज्ञाको समयमा यस्ता वस्तुको माग झनै बढ्ने र महँगो मूल्यमा बिक्री गर्न पाइने भएकाले कारोबारी सक्रिय हुन सक्ने उनले बताए। 'नेपाल र भारतमा निषेधाज्ञा रहेकाले लागूऔषध कारोबारीले यस्तो समयको लाभ उठाउन खोजेको हुन सक्छ,' उनले भने, 'पर्सामा हाल लागूऔषध गाँजाको खेती नगन्य मात्रामा छ। तर मकवानपुरको विकट पहाडी गाउँहरूमा अझै पनि गाँजा खेती भइरहेकाले कारोबारीले त्यहाँबाट गाँजा ल्याई पर्साको बाटोबाट भारतसम्म लग्ने गरेका छन्।'

पर्साको वीरगन्ज-१८ बाट मंगलबार मकवानपुरका राजकुमार मोक्तान। ६५ किलो गाँजासहित पक्राउ परेका *तस्विर सौजन्य : जिल्ला प्रहरी कार्यालय पर्सा*

'बजेटमा वीरगन्जलाई उपेक्षा'

पर्सा (कास)- प्रदेश २ सरकारले मंगलबार सार्वजनिक गरेको आर्थिक वर्ष २०७८/७९ को बजेटको बारेमा वीरगन्जका सरोकारवालाहरूले मिश्रित प्रतिक्रिया दिएका छन्। धेरैले वीरगन्ज र पर्सा बारा औद्योगिक करिडोरलाई उपेक्षा गरिएको गुनासो गरेका छन्।

विश्लेषक मनोज उपाध्यायले बजेटले प्रदेशवासीलाई उत्साहित पार्न नसकेको बताए। वीरगन्जको पोखरिया अस्पतालको सुदृढीकरणका लागि बजेट विनियोजन गर्नु राम्रो भए पनि कोरोनाले प्रभावित सर्वसाधारण र उद्योग वाणिज्य क्षेत्रलाई तत्काल राहत हुने गरी योजना र कार्यक्रम घोषणा हुन नसकेको उनले भनाइ छ। 'प्रदेश २ का ८ लाख ४० हजार युवा वैदेशिक रोजगारमा छन्। मुलुकको कुल विप्रेषणमा झन्डै १२/१३ प्रतिशतको हिस्सा यस प्रदेशले ओगटेको छ,' उनले भने, 'विप्रेषणलाई कसरी उत्पादनशील बनाउने र सँगसँगै ग्रामीण उद्यमशीलता कसरी प्रवर्द्धन गर्ने भन्नेबारे बजेटले बोल्नुपर्थ्यो।' पर्यटन, सीमावर्ती भारतीय राज्य बिहारबाट लगानी भित्र्याउने कार्यक्रम र निजी क्षेत्र मैत्री लगानी नीति आउन नसकेको उनले बताए।

वीरगन्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपालले उद्योग सञ्चालन गर्ने वातावरण सिर्जना गर्न नसकेको बताए। लगाउने वातावरण मिलाउन सरकारले केही कदम चालेको छैन। कृषिलाई व्यावसायिक रूपमा प्रवर्द्धनमा नारा मात्रै देखिएको उनको भनाइ छ। 'सीपमूलक र पोलिटेक्निकल इन्स्टिच्युटको सोच कहीं देखिएन। धार्मिक पर्यटनको ठूलो सम्भाव्यता हुँदाहुँदै भारत तथा तेस्रो मुलुकसम्मका पर्यटकलाई तान्न पहल देखिएन,' उनले भने।

होटल तथा पर्यटन व्यवसायी संघ पर्साका अध्यक्ष हरि पन्तले पोखरी र मठमन्दिरको सौन्दर्यीकरण गरेर मात्र प्रदेशको पर्यटन क्षेत्रको विकास नहुने बताए। 'प्रदेशकै एक मात्र निकुन्ज पर्सा राष्ट्रिय निकुन्जमा पर्यटकको आगमन बढाउन प्रदेश सरकारले के कस्तो लगानी गर्छ अनि प्रदेश २ कै शक्तिपीठ गढिमाईलाई पनि धार्मिक पर्यटनस्थलका रूपमा विकास गर्न सकिने सम्भावनाबारे पनि बजेट मौन छ। देशकै आर्थिक राजधानी वीरगन्जलाई उपेक्षा गरिएको छ,' उनले भने। उद्योगी मनोज दासले शिक्षा र स्वास्थ्य क्षेत्रमा अत्यन्त न्यून रकम विनियोजन भएको आरोप लगाए।

प्रदेश २ उद्योग वाणिज्य महासंघका अध्यक्ष गणेश लाठले सबैलाई खुसी पार्न अलि अलि बजेट बाँड्ने काम भएको टिप्पणी गरे। गत वर्षकै बजेट खर्च गर्न नसकेको अवस्थामा यस वर्ष फेरि खर्च होला भन्नेमा आशंका रहेको उनको भनाइ छ। 'हामीले भनेको अन्तर्राष्ट्रियस्तरको तरकारी बजार, सौर्य ऊर्जा, पोलिटेक्निकल इन्स्टिच्युट, राज्यस्तरको औद्योगिक क्षेत्र निर्माणमा बजेट बिल्कुल मौन छ। साहित्य क्षेत्रमा शून्य विनियोजन छ। स्वरोजगारमा केही रकम विनियोजन गरिएको छ त्यो सकारात्मक हो,' उनले भने।

सिम्रौनगढमा सुविधायुक्त अस्पताल

लक्ष्मी साह (बारा)

९० वर्षीय बुवा रामाज्ञा साह कानुलाई तीन दिन उपचार गराएर जयनारायण मंगलबार घर फर्किने तरखरमा अस्पताल परिसरमै भेटिए। सातादेखि ज्वरो र खोकीले बिरामी भएका वृद्ध रामाज्ञालाई उनका छोरा जयनारायणले तीन दिन अघि सिम्रौनगढ बजारमा सञ्चालनमा आएको नगरस्तरीय अस्पतालमा भर्ना गराएका थिए। उनी वीरगन्ज गएनन्। नगरले बनाएकै अस्पतालमा उपचार गराएर खुसीसाथ घर फर्किंदै थिए।

'अस्पताल सिम्रौनगढवासीका लागि वरदान भएको छ,' सिम्रौनगढ-२ मौवाहीका जयनारायणले भने, 'वीरगन्ज जाँदाआउँदा एम्बुलेन्स भाडा ४ हजार लाग्थ्यो। २० हजार अरू थप अनुमानित खर्च लाग्ने थियो। तर त्यसको एक चौथाइ खर्चमै उपचार गराएर घर फर्किंदै छौं।' पैसा र समयको बचतसँगै बाहिर हुने थप झन्टबाट जोगिएको उनले कान्तिपुरलाई बताए।

सिम्रौनगढ नजिकैका आदर्शकोतवाल गाउँपालिका-५ टेढाकट्टी रुपौलियाका ८० वर्षीय बादर भगत मालीलाई उनका छोरा भिखारीले त्यही अस्पतालमा दुई दिन भर्ना गरेर उपचार गराए। 'अस्पतालमा खानादेखि समान्य खर्चले बुबालाई उपचार गराउन पाउँदा हामीजस्तो ग्रामीण भेगका बासिन्दालाई राहत भएको छ,' भिखारीले भने, 'भारत र वीरगन्जको विकल्पमा यही उपचार पाएका छौं।' अस्पताल सञ्चालनमा आएको १० दिनयता रामाज्ञा र बादरजस्तै अस्पतालमा १२ जना महिला/पुरुष बिरामी भर्ना भएको भेटिए। अरूले धेरैले उपचार गराएर फर्केका छन्। अस्पतालका सह-इन्चार्ज राजेन्द्र साहका अनुसार १५ बेडको अस्पताल सञ्चालनमा आएकोदेखि १२ सय बिरामीले उचार गराएका छन्। दैनिक सय जनाको हाराहारीमा अस्पतालमा उपचार गराइरहेका छन्। 'अस्पताल सञ्चालनमा आएको १० दिनमै बिरामीले भरिभराउ छ,' उनले भने, 'बिरामीको चाप थेग्न नसक्नु भएको छ।'

> कोरोना महामारीकै बीच अस्पताल सञ्चालनमा आएपछि स्थानीयलाई उपचारमा सहज

दुई करोड खर्चेर २ तल्लाको १२ कोठे नगरस्तरीय अस्पताल सिम्रौनगढ नगरपालिकाले आफ्नै लगानीमा निर्माण गरेको छ। कोभिडको महामारीले सिम्रौनगढवासीलाई अस्पताल जुराइदिएको नगरप्रमुख विजयशंकर यादवले बताए। '४ वर्षमा करोडौंको नाला, सडक, पुल, विद्यालय भवन बनाएर जति सन्तुष्ट भएँ त्योभन्दा बढी सन्तुष्ट मानवीय उपचारका लागि अस्पताल बनाएर भएँ,' नगरप्रमुख यादवले भने, 'महामारीले मानवीय स्वास्थ्य जीवनको महत्व बुझाइदिएपछि एक वर्षभित्रै अस्पताल बनाएँ।'

नगरभित्रका अन्य सरकारी स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रबाहेक एमबीबीएससहित प्राविधिक र स्वास्थ्यकर्मी गरी २२ जना परिचालन गरेर सुविधायुक्त यो अस्पताल सञ्चालन गरिएको उनले बताए। 'केही महिनाभित्रै जटिल प्रसूति र पाठेघरको शल्यक्रियासँगै ब्लड बैंक र भेन्टिलेटरसहितको आईसीयू सञ्चालन गर्ने योजना छ,' उनले भने, '२५ लाख खर्चेर २४ औं घण्टा खुला रहने फार्मेसी सञ्चालनमा आइसकेको छ।'

अस्पतालका मेडिकल सुपरिन्टेन्डेड जितेन्द्र यादवका अनुसार स्तरीय प्रयोगशाला, डिजिटल अल्ट्रासाउन्ड, साधारण एक्सरे, ईसीजी, ५ वटा मोनिट्रिङ मेसिनसहितको कक्ष व्यवस्था गरिएको छ। सर्पदंश र एन्टी रेबिज भ्याक्सिन, प्रसूति सेवा र अक्सिजनको व्यवस्था गरिएको छ।

हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०२७/०८/१० — स्वर्गारोहणः वि.सं. २०७८/०२/२४

स्व. श्री अच्युत सेडाई

नमस्ते इन्फोटेकका प्रबन्ध निर्देशक एकराज सेडाईका दाजु अच्यूत सेडाईको मिति २०७८/०२/२४ गतेका दिन असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

नमस्ते इन्फोटेक प्रा.लि. परिवार

हार्दिक समवेदना



जन्मः २०४१/०७/१५ — स्वर्गारोहणः २०७८/०२/२४

स्व. अनिल थापा

काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं.-७ निवासी तथा यस पूर्ण विनायक युवा क्लबका बर्तमान अध्यक्ष श्री अनिल थापाको अल्यायुमै मिति २०७८/०२/२४ गते असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

पूर्ण विनायक युवा क्लब परिवार
कागेश्वरी मनोहरा न.पा.-७

भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२८/०४/०१ — स्वर्गारोहणः २०७८/०१/२२

स्व. विजया मिश्र भेटवाल

मेरी कान्छी छोरी विजया मिश्र भेटवालको अकल्पनिय एवं असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस विपदको घडीमा हामीलाई सहयोग, सदभाव र समवेदना प्रकट गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

आमाः मन्जरी देवी मिश्र — पतिः वालकृष्ण भेटवाल

छोरा, छोरीः विभुषण राज भेटवाल, प्रज्ञा भेटवाल
जेठाज्यू/जेठानीः गणेश/गीता भेटवाल
देवर/देवरानीहरूः हरी/जानुका भेटवाल, गंगा/धनकुमारी भेटवाल, हेमप्रसाद/नम्रता भेटवाल
आमाज्यू/नन्दहरूः पवित्रा पन्त, नर्वदा संग्रौला, रमा भेटवाल
भतिजा, भतिजीहरूः अमृत, अभिषेक, इच्छा, स्वेक्ष्या, श्रद्धा, स्वागत, दिव्य, सुप्रिया, ग्रिष्मा, गिरीष, भुवन, भावना, अमृत, आराधना, एन्जल, आयुष
दाजु/भाउजुः किर्तिनाथ मिश्र, संगिता मिश्र
दिदी/भिनाजुः साधना मिश्र अधिकारी, सुक्ष्मा के सी, श्याम सुन्दर के सी
तथा समस्त भेटवाल परिवार

Heartfelt Condolence

Late Mrs. Hari Maya Adhikari
Date of Demise: 2078/02/24

We are deeply grieved by the untimely demise of **Mrs. Hari Maya Adhikari,** beloved mother of our colleague Mr. Det Raj Adhikari.

We pray to god for the eternal peace of her departed soul & would like to extend our heartfelt condolence to the bereaved family for their irreplaceable loss.

MERCY CORPS
Mercy Corps Nepal Family

"I don't have all the brains I need, but I have the brain, which can collaborate with all I need" - Rajkumar Maharjan

हार्दिक भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२६ कार्तिक ०२ गते — स्वर्गारोहणः २०७८ जेठ २५ गते

स्व. राजकुमार महर्जन

यस संस्थाका आदरणीय अध्यक्ष तथा वर्ल्ड काउन्सिल फर टोटल क्वालिटी एण्ड एक्सेलेन्स ईन एजुकेशन (WCTQEE) का डाईरेक्टर जनरल, केन्द्रीय प्याब्सनका प्राज्ञिक सल्लाहकार एवं माउण्ट भ्यू इङ्गलिश बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल शिक्षासेवी **राजकुमार महर्जन**को मिति २०७८ साल जेठ २५ गते मंगलबारका दिन ५२ वर्षको अल्पायूमै भएको अत्यन्त अकल्पनीय, हृदयविदारक तथा असामयिक निधनले सिङ्गो क्वेष्ट नेपाल परिवार र देश तथा विदेशमा फैलिएको सम्पूर्ण एस्क्यूसी क्षेत्रलाई स्तब्ध बनाएको छ। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

संस्थाको अध्यक्ष एवं अन्य विभिन्न भूमिकामा रही एस्क्यूसीलाई नेपाल सरकारको पाठ्यक्रममा समाबेश गराउने, एस्क्यूसीको नेपाल मोडललाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने, सहजकर्ता तालिम तथा माष्टरल्याबलाई अन्तर्राष्ट्रियकरण गर्ने, विभिन्न तालिमका कार्यक्रमहरुसहित एस्क्यूसीको अभूतपूर्व विस्तार गर्ने लगायतका तपाईंका अतुलनीय योगदानहरु क्वेष्ट नेपालको इतिहास तथा एस्क्यूसीको क्षेत्रमा युगयुग कोषेढुङ्गाको रुपमा रहिरहनेछ।

QUEST-Nepal
क्वेष्ट नेपाल
तथा सम्पूर्ण एस्क्यूसी परिवार

हार्दिक समवेदना

जन्मः २०२०/३/७ गते — स्वर्गारोहणः २०७८/२/२४ गते

स्व. मैना दोबे

यस कान्तिपुर पब्लिकेसन्सको प्रशासन विभागमा कार्यरत कर्मचारी राजकुमार दोबेकी ममतामयी माता **मैना दोबे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

हार्दिक श्रद्धाञ्जली

स्व. प्रो. ईन्द्रप्रसाद श्रेष्ठ
जन्मः १९९९।०३।२६
स्वर्गारोहणः २०७८।०१।२२

स्व. विमला श्रेष्ठ
जन्मः १९९९।०१।०५
स्वर्गारोहणः २०७८।०१।१३

यस गणेश टाकिज प्रा. लि. धरानका अध्यक्ष **श्री प्रो. इन्द्र प्रसाद श्रेष्ठ** र वहाँकी धर्मपत्नी **श्रीमती विमला श्रेष्ठ**को दुःखद असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथीमा दिवंगत् आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै असामान्य अकल्पनीय यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना सहित **हार्दिक समवेदना** प्रकट गर्दछौं।

गणेश टाकिज प्रा.लि. परिवार
धरान

बाढीले खानेपानी अभाव

बागलुङ (कास)- बाढीपहिरोले मुहान र पाइपलाइन बगाएपछि दुई दिनदेखि सदरमुकाम बागलुङ बजारमा खानेपानी अभाव भएको छ। दैनिक ३५ हजारले प्रयोग गर्दै आएको रेस खोला, भुँदीखोला र रिट्ठेखोला मुहान बाढीले बगाएको हो। सदरमुकामदेखि १३ किमि पश्चिमको काठेखोला गाउँपालिका ६ र ७ वडाबाट पानी ल्याइएको थियो। 'पाइपलाइन पनि ठाउँठाउँमा बगाएको छ, वर्षा र बाढीले मर्मतसमेत गर्न सकिएन,' बागलुङ नगर खानेपानी उपभोक्ता समितिका अध्यक्ष हरिप्रसाद श्रेष्ठले भने।

पहिरोकै कारण बानपा ३ को सुल्डाँडामा पनि ट्यांकी र पाइपलाइनको संरचना बगाएको छ। रिजर्भ तथा वितरण ट्यांकी नजिकैको भूगोल बगेपछि धेरै पानी रिजर्भ गर्न पनि खतरा भएको श्रेष्ठले जानकारी दिए। 'मर्मत गरेर वितरण गरे पनि ट्यांकीमा धेरै पानी जम्मा गर्न नमिल्ने भएको छ,' श्रेष्ठले भने, 'पहिरोले जतासुकै क्षति पुगेकाले चाहेर पनि पानी वितरण गर्न नसकिएको हो।'

हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०२७/०८/१०
स्वर्गारोहणः वि.सं. २०७८/०२/२४

स्व. श्री अच्युत सेडाई

नमस्ते इन्फोटेकका प्रबन्ध निर्देशक एकराज सेडाईका दाजु अच्यूत सेडाईको मिति २०७८/०२/२४ गतेका दिन असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

नमस्ते इन्फोटेक प्रा.लि.
परिवार

हार्दिक समवेदना



जन्मः २०४१/०७/१५
स्वर्गारोहणः २०७८/०२/२४

स्व. अनिल थापा

काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं.-७ निवासी तथा यस **पूर्ण विनायक युवा क्लब**का बर्तमान अध्यक्ष **श्री अनिल थापा**को अल्यायुमै मिति २०७८/०२/२४ गते असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

◆◆◆

पूर्ण विनायक युवा क्लब परिवार
कागेश्वरी मनोहरा न.पा.-७

Heartfelt Condolence

Late Mrs. Hari Maya Adhikari
Date of Demise: 2078/02/24

We are deeply grieved by the untimely demise of **Mrs. Hari Maya Adhikari,** beloved mother of our colleague Mr. Det Raj Adhikari.

We pray to god for the eternal peace of her departed soul & would like to extend our heartfelt condolence to the bereaved family for their irreplaceable loss.

MERCY CORPS
Mercy Corps Nepal Family

हार्दिक समवेदना

जन्मः २०२०/३/७ गते
स्वर्गारोहणः २०७८/२/२४ गते

स्व. मैना दोबे

यस कान्तिपुर पब्लिकेसन्सको प्रशासन विभागमा कार्यरत कर्मचारी राजकुमार दोबेकी ममतामयी माता **मैना दोबे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

बाढीपहिरो पीडित

कोही त्रिपालमा, कोही छिमेकीकामा

● ज्यान बच्यो तर खान, लाउन र बस्नको चिन्ता सुरु ● राहतका लागि पहल गर्दै जनप्रतिनिधि

प्रदेश ब्युरो (पोखरा)

बूढीगण्डकी नदी बस्तीतर्फ सोझिएपछि चुमनुब्री गाउँपालिका-३ सल्लेरिका चार घर बगाएको छ। जोखिम बढेपछि गाउँका सबै जना घर छाडेर पखेरामा त्रिपाल टाँगेर बसेका छन्। विस्थापित बनेकालाई ओतसँगै खानाको चिन्ता छ। 'घरमा बस्ने स्थिति छैन, गण्डकीको छाल आँगनसम्मै आएको छ,' पीडित इन्द्रबहादुर गुरुङले भने, 'गाउँको कुनाको भित्ताको पाखामा टेन्ट टाँगेर बसेका छौं, ठूलो पानी परे त्यहाँ पनि जोखिम छ। खानेकुराको पनि उस्तै समस्या छ।' खाद्य संस्थानबाट खरिद गरेको चामलले अहिले छाक टरेको उनले बताए। सल्लेरीका २५ घरपरिवार अहिले पखेरामा त्रिपाल हालेर बसेको स्थानीयले बताए।

सूर्यबहादुर गुरुङको ६, सुन्दर गुरुङको ७, लक्ष्मण गुरुङको ४ र थरपति गुरुङको १ जनाको परिवार बुधबारबाट आमा समूहको भवनमा छन्। बुधबारका तुलनामा बिहीबार बूढीगण्डकीको बहाव घटे पनि बस्तीका घरमा गएर बस्ने अवस्था नरहेको स्थानीय गणेश कार्कीले बताए। गाउँको बाटोमुनिका ९ घर उच्च जोखिममा छन्। पुरानो घर भत्काएर जस्तापाता सार्ने अवस्था पनि नरहेको उनले बताए। दुवैतर्फ चट्टान रहेको र बीचमा सल्लेरी गाउँ र तल बूढीगण्डकी छ।

बिहीबार हेलिकप्टबारबाट त्रिपाल म्याटलगायत सामग्री पुगेपछि केही राहत भएको कार्कीले बताए। हेलिकप्टर चार्टर गरेर आरुपोखरीका राजेन्द्र पराजुलीले सल्लेरीमा ४० थान त्रिपाल वितरण गरेका हुन्। त्यस्तै २८ बाक्सा चाउचाउ, तीन रोल म्याट्रेस, १ बोरा डोरी पुऱ्याएको पराजुलीले बताए। धार्चे गाउँपालिका-५ सिङ्लाका सुकबहादुर, साइँला गुरुङ, अर्का सुकबहादुर गुरुङको पनि घर बगाएको वडाध्यक्ष तुलबहादुर गुरुङले बताए। पीडित आफन्तको शरणमा पुगेका छन्। माछाखोलामा विस्थापित १० परिवार पनि आफन्तकोमा बसेको धार्चे गाउँपालिका अध्यक्ष सन्तोष गुरुङले बताए।

बूढीगण्डकी उर्लिएपछि घर छाडेर पखेरामा त्रिपाल टाँगेर बसेका चुमनुब्री-३ सल्लेरीका स्थानीय। *तस्विर सौजन्य : राजेन्द्र पराजुली*

छिमेकमा बास, पालिकाको गाँस

वर्षापछिको पहिरोले बुधबार ताराखोला गाउँपालिका-५ सिपका डिलबहादुर सुनारको घर पुरिएको छ। उनको घरका ५ जनाले भागेर ज्यान बचाए। 'ज्यान बच्यो तर खाने, बस्ने केही बाँकी रहेन,' सुनारले भने, 'हारगुहार गर्दागर्दै घरको सबै सामान पुरियो।' उनको परिवार छिमेकीको घरमा आश्रय लिएर बसेको छ।

टीकाराम विक, मिठे विक र कुमार विकको घर पनि पुरिएकाले उनीहरूको परिवारको पनि बिचल्ली भएको छ। के खाने, के लाउने भन्ने चिन्तामा परेका बेला बिहीबार बिहान गाउँपालिका अध्यक्ष प्रकाश घर्तीसहितको टोलीले उनीहरूलाई खाद्यान्नसहित राहत वितरण गरेको छ। चामल, दाल, नुन, तेल र केही लत्ताकपडा वितरण गरेको घर्तीले बताए। 'बस्ने खाने केही पनि बाँकी रहेन, त्यसैले सहयोग लिएर गयौं,' उनले भने, 'बस्नका लागि भने छिमेकीको घरका कोठा खोजेका छौं।' पूर्णरूपमा घर क्षति भएकोले गाउँपालिका र जिल्ला दैवीप्रकोप उद्धार समितिमा सहयोगका लागि लेखी पठाउने तयारी भएको उनले बताए।

'कम्तीमा ३ लाख रुपैयाँ उपलब्ध गराउन सकियो भने सानोतिनो घर बनाएर बस्न सक्छन्,' घर्तीले भने, 'प्रहरीले मुचुल्का बनाइसकेको छ।' जिल्ला प्रहरी प्रमुख कृष्णबहादुर पल्लीमगरका अनुसार जिल्लाका ३० परिवार विस्थापित भए पनि २० घरले मर्मत गरेर बस्न सक्ने अवस्थाका छन्। १० घर पूर्ण क्षतिग्रस्त बनेका छन्। ताराखोलाका ४, बागलुङ नगरपालिका-७ का १ र काठेखोलामा ५ घरमा बढी क्षति भएको हो।

वर्षाको समयमा पाल टाँगेरभन्दा बसिरहेको घरकै कोठा मर्मत गरेर राख्न जनप्रतिनिधिले पहल गरेको बताए। 'तत्कालै घर बनाउने, मर्मत गर्ने अवस्था छैन त्यसैले छिमेकीकै घरमा सुरक्षित राख्ने र राहत स्वरूप खाद्यान्न दिने भएका छौं,' काठेखोला-७ का अध्यक्ष प्रेम लामिछानेले भने, 'मर्मत गरेर बस्न सक्नेलाई मौसम सफा भएपछि सहयोग गर्नेछौं।'

बाढीपीडितलाई राहत बाँड्न सुरु

बाढीपहिरोले घर भत्किएका बाढीपीडितका लागि राहत वितरण सुरु गरिएको छ। अस्थायी बसोबास तथा तत्कालका लागि परिवारको गर्जो टार्न सहजताका लागि जिल्ला प्रशासन र रेडक्रसले राहत वितरण सुरु गरेका हुन्। प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीका अनुसार जलजला गाउँपालिकाको विभिन्न वडामा घर गुमाएका परिवारका लागि नगद, खाद्यान्न, लत्ताकपडा तथा अस्थायी टहरो निर्माणका लागि त्रिपाल वितरण गरिएको छ। 'सबै क्षेत्रको तथ्यांक आइसकेको छैन,' खत्रीले भनिन्, 'जलजलामा १५ घर भत्किएका छन्।' जलजलाको नाङ्लिबाङमा ७ र अन्यत्र ८ घर भत्किएको उनले बताइन्। जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयमा घर पूर्णरूपमा क्षति भएकालाई प्रतिपरिवार १५ हजार, लत्ताकपडा, खाद्यान्न वितरण गरिएको छ। त्यस्तै जिल्ला रेडक्रसले घर भत्किएका परिवारलाई त्रिपाल, लत्ताकपडा तथा भाँडाकुँडा वितरण गरेको छ।

जलजला गाउँपालिकाले पनि बाढीपीडितलाई राहत वितरण सुरु गरेको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माका अनुसार घर पूर्णरूपमा क्षतिग्रस्त भएका १५ सहित पालिकाभर करिब ७० परिवार विस्थापित भएका छन्। 'परिवारको अवस्था हेरेर २ देखि २० हजारसम्म राहत दिने निर्णय भएको छ,' उनले भने, 'वितरण पनि सुरु गरेका छौं।' ७० परिवारलाई सुरक्षित स्थानमा सारिएको छ।

कालीगण्डकीको डेढगाउँ पुल भासियो

पूर्वी नवलपरासीको पहाडी क्षेत्र डेढगाउँ र तनहुँ जोडने कालीगण्डकी नदीमाथिको पक्की पुल जोखिममा परेको छ। बाढीले पुलको उत्तरी किनार खोल्दै लगेर भासिएका कारण पुल बग्ने जोखिम भएको हो।

बौदीकाली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीपचन्द्र सुवेदीका अनुसार पुलको उत्तरतर्फको तटबन्धन भासिएका कारण गाडी खस्ने भएकाले आउजाउ बन्द भएको छ। तटबन्धन भासिएका कारण पुल कति खेर खस्छ भन्ने त्रास बढेको उनले सुनाए। यो जिल्लाको दुर्गम उत्तरी भूभाग र तनहुँ जोडने एकमात्र पक्की पुल हो।

हरिराम उप्रेती (गोरखा) **प्रकाश बराल** (बागलुङ) **अगन्धर तिवारी** (पर्वत) **नारायण शर्मा** (पूर्वी नवलपरासी)

भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२८/०४/०१
स्वर्गारोहणः २०७८/०१/२२

स्व. विजया मिश्र भेटवाल

मेरी कान्छी छोरी **विजया मिश्र भेटवाल**को अकल्पनिय एवं असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस विपदको घडीमा हामीलाई सहयोग, सदभाव र समवेदना प्रकट गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

आमाः मन्जरी देवी मिश्र
पतिः वालकृष्ण भेटवाल

छोरा, छोरीः विभुषण राज भेटवाल, प्रज्ञा भेटवाल
जेठाज्यू/जेठानीः गणेश/गीता भेटवाल
देवर/देवरानीहरूः हरी/जानुका भेटवाल, गंगा/धनकुमारी भेटवाल, हेमप्रसाद/नम्रता भेटवाल
आमाज्यू/नन्दहरूः पवित्रा पन्त, नर्वदा संग्रौला, रमा भेटवाल
भतिजा, भतिजीहरूः अमृत, अभिषेक, इच्छा, स्वेक्ष्या, श्रद्धा, स्वागत, दिव्य, सुप्रिया, ग्रिष्मा, गिरीष, भुवन, भावना, अमृत, आराधना, एन्जल, आयुष
दाजु/भाउजुः किर्तिनाथ मिश्र, संगिता मिश्र
दिदी/भिनाजुः साधना मिश्र अधिकारी, सुक्ष्मा के सी, श्याम सुन्दर के सी
तथा समस्त भेटवाल परिवार

निषेधाज्ञा लम्बियो

गोरखा (कास)- गोरखामा जारी निषेधाज्ञा एक साता लम्बिएको छ। जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको सिफारिसमा प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले शुक्रबार असार १२ सम्मका लागि निषेधाज्ञा जारी गरेका हुन्।

कोरोना संक्रमण तीव्र रूपमा फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि निषेधाज्ञाको अवधि लम्ब्याइएको हो। निषेधाज्ञामा केही संशोधन गरिएको छ। जनस्वास्थ्यको मापदण्ड पालना गर्ने सुनिश्चितता गरी पाठ्यपुस्तक तथा स्टेसनरी बिक्री वितरण गर्ने पसल बिहान ५ बजेबाट ११ बजेसम्म खोल्न दिने निर्णय भएको छ। सामुदायिक विद्यालयमा पुस्तक व्यवसायीले आवश्यक पुस्तक विद्यालयसम्म पुऱ्याइदिने र विद्यालयले आलोपालो समय लिई विद्यार्थीलाई वितरण गर्ने व्यवस्था मिलाउन भनिएको उनले बताए।

लेकमा फसेकाको उद्धार

आश गुरुङ (लमजुङ)

मनाङको लेकमा यार्चागुम्बा टिप्न गएका ८० जना स्थानीयको शुक्रबार हेलिकप्टरमार्फत उद्धार गरिएको छ। फू गाउँबाट २ दिन टाढा समुद्री सतहदेखि ५ हजार मिटर उचाइको लेकबाट उनीहरूको उद्धार गरिएको हो। जबकि फू गाउँ पुग्नै मनाङ सदरमुकाम चामेबाट समेत २ दिन लाग्छ।

उक्त लेकमा यार्चागुम्बा टिप्न जेठको मध्यतिर ८० जनाको टोली पुगेको थियो। नामयुङ, कुलुङ र लघु लेकमा बाँडिएका उनीहरू सोमबारदेखिको अविरल वर्षाले ल्याएको हिमपात र बाढीपहिरोमा अलपत्र परेका थिए। उनीहरू आफैं गएको बाटो फर्किन सकेनन्। मनाङबाट विघटित प्रतिनिधिसभामा सदस्य पोल्देन छोपाङ गुरुङले आफ्नो निजी खर्चमा अल्टिच्युट हेलिकप्टरको प्रयोगमा उद्धार गरेका हुन्। उनीहरूमध्ये ५६ जनाको उद्धार गरेर फू गाउँ ल्याउनुका साथै ३ जनालाई चामे ल्याइएको छ। २४ जनाले भने आफैं आउने र सुरक्षित रहेको बताएपछि लेकमै राखिएको छ।

पोल्देन छोपाङ गुरुङका अनुसार लेकाली कन्दरामा हिमपात भइरहेको र बाढीपहिरोले घेरिएको ठाउँबाट उद्धार गरिएको हो। 'निकै कष्ट गरी आफैं खटिएर उद्धार गरें। माथि उद्धार गरिएका सबै फू गाउँवासी हुनुहुन्छ,' उनले भने, 'आफ्नै दाजुभाइ, दिदीबहिनीको उद्धार गर्न पाउँदा खुसी छु। उद्धार गर्न सकिएन भने उहाँहरूको अवस्था के हुन्थ्यो, यत्तिकै भन्न सकिँदैन।'

शुक्रबार नै मनाङको तल्लो क्षेत्रबाट ८८ जनाको उद्धार गरी सुरक्षितस्थलमा राखिएको छ। यसमा नेपाली सेनाको एम १७ हेलिकप्टर प्रयोग भएको थियो। प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेका अनुसार बाढीपछि अलपत्र परेकामध्ये शुक्रबार १ सय ३९ जनाको उद्धार गरिएको छ। बिहीबार ३५ जनाको उद्धार गरिएको थियो।

शुक्रबार नै नासों गाउँपालिका-८ ताचैबाट ५५ जना उद्धार गरिएको प्रजिअ लामिछानेले बताए। उनका अनुसार १६ जनालाई दानाक्युमा राखिएको छ। अन्यलाई चामेमा पुऱ्याइको छ। ओडारगाउँबाट २८ जना र तालगाउँबाट ५ जनाको उद्धार गरी चामे पुऱ्याइको छ। उद्धार गरिएकामध्ये केही बिरामी, अशक्त, वृद्धवृद्धा, अपांगता भएका गरी २८ जनालाई हेलिकप्टरमार्फत काठमाडौं लगिएको गुरुङले बताए। 'काठमाडौं लगिएकामध्ये केहीको उपचार गर्नुपर्ने पनि हुनसक्छ। कोही आराम गरेपछि ठीक हुनुहोला। सबैलाई आफन्तको जिम्मा लगाइएको छ,' उनले भने।

मनाङमा सोमबार रातिदेखिको अविरल वर्षाका कारण ५५ घरभन्दा बढी रहेको तालगाउँ पूरै डुबानमा परेको छ। चामेको ५ घर डुबानमा परेको छ। धारापानीको १० घर र चामेको ५ घर बाढीले बगाएको छ। बाढीले बेलिब्रिज र झोलुंगे पुल बगाएको छ। कोतोमा मर्स्याङ्दी नदीमाथिको झोलुंगे पुल बगाउँदा नार्पाभूमिसँगको भौगोलिक सम्पर्क टुटेको छ। धारापानीमा बेलिब्रिज र झोलुंगे पुल बगाउँदा नासों गाउँपालिका २, ५, ६, ७ र ८ नम्बर वडासँगको भौतिक सम्पर्क टुटेको छ।

"I don't have all the brains I need, but I have the brain, which can collaborate with all I need" - Rajkumar Maharjan

हार्दिक भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२६ कार्तिक ०२ गते
स्वर्गारोहणः २०७८ जेठ २५ गते

स्व. राजकुमार महर्जन

यस संस्थाका आदरणीय अध्यक्ष तथा वर्ल्ड काउन्सिल फर टोटल क्वालिटी एण्ड एक्सेलेन्स ईन एजुकेशन (WCTQEE) का डाईरेक्टर जनरल, केन्द्रीय प्याब्सनका प्राज्ञिक सल्लाहकार एवं माउण्ट भ्यू इङ्गलिश बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल शिक्षासेवी **राजकुमार महर्जन**को मिति २०७८ साल जेठ २५ गते मंगलबारका दिन ५२ वर्षको अल्पायूमै भएको अत्यन्त अकल्पनीय, हृदयविदारक तथा असामयिक निधनले सिङ्गो क्वेष्ट नेपाल परिवार र देश तथा विदेशमा फैलिएको सम्पूर्ण एस्क्यूसी क्षेत्रलाई स्तब्ध बनाएको छ। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

संस्थाको अध्यक्ष एवं अन्य विभिन्न भूमिकामा रही एस्क्यूसीलाई नेपाल सरकारको पाठ्यक्रममा समाबेश गराउने, एस्क्यूसीको नेपाल मोडललाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने, सहजकर्ता तालिम तथा माष्टरल्याबलाई अन्तर्राष्ट्रियकरण गर्ने, विभिन्न तालिमका कार्यक्रमहरुसहित एस्क्यूसीको अभूतपूर्व विस्तार गर्ने लगायतका तपाईंका अतुलनीय योगदानहरु क्वेष्ट नेपालको इतिहास तथा एस्क्यूसीको क्षेत्रमा युगयुग कोषेढुङ्गाको रुपमा रहिरहनेछ।

◆◆◆

QUEST-Nepal
क्वेष्ट नेपाल
तथा सम्पूर्ण एस्क्यूसी परिवार

हार्दिक श्रद्धाञ्जली

स्व. प्रो. ईन्द्रप्रसाद श्रेष्ठ
जन्मः १९९९।०३।२६
स्वर्गारोहणः २०७८।०१।२२

स्व. विमला श्रेष्ठ
जन्मः १९९९।०१।०५
स्वर्गारोहणः २०७८।०१।१३

यस गणेश टाकिज प्रा. लि. धरानका अध्यक्ष **श्री प्रो. इन्द्र प्रसाद श्रेष्ठ** र वहाँकी धर्मपत्नी **श्रीमती विमला श्रेष्ठ**को दुःखद असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथीमा दिवंगत् आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै असामान्य अकल्पनीय यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना सहित **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

गणेश टाकिज प्रा.लि. परिवार
धरान

सञ्चार विधेयक पुनः लेखनको माग

कान्तिपुर संवाददाता (लुम्बिनी)

प्रदेश सरकारले प्रदेशसभामा दर्ता गरेको विधेयक 'सञ्चारमाध्यम ऐन, २०७७' प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यता प्रतिकूल रहेको भन्दै नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिले फिर्ता गर्न माग गरेको छ।

समितिले शुक्रबार लुम्बिनी प्रदेशका सभामुख पूर्णबहादुर घर्ती र आन्तरिक मामिला तथा कानुनमन्त्री चेतनारायण आचार्यलाई ज्ञापनपत्र बुझाउँदै उक्त विधेयक फिर्ता गर्न माग गरेको हो। सभामुख र कानुनमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा उक्त विधेयक संविधानको मर्म, भावना र व्यवस्थाविरुद्ध रहेको, प्रेस स्वतन्त्रताको आधारभूत मान्यताविरुद्ध रहेको, आम नागरिकको स्वतन्त्र सञ्चारको हक उपभोग गर्ने अधिकारलाई कुण्ठित गर्ने र पत्रकारिताको संरक्षण र प्रवर्द्धन गर्नेभन्दा पनि नियन्त्रण केन्द्रित रहेको उल्लेख गर्दै उक्त विधेयकलाई तत्काल फिर्ता गरी सरोकारवालासँग संवाद तथा परामर्शको वातावरण बनाएर पुनः लेखनको माग गरिएको छ।

'भोका' लाई बेवास्ता

सहरी गतिविधिमा आश्रित मजदुर धेरै मारमा परे पनि स्थानीय तहले राहत र रोजगारीका कार्यक्रम सञ्चालन गरेका छैनन्

सन्जु पौडेल (लुम्बिनी)

रूपन्देहीको सैनामैना नगरपालिका-१ मा कोठा भाडामा बसिरहेका प्यूठानका ४६ वर्षीय फुर्सबहादुर महतराका तीन छोरी र श्रीमती छन्। मजदुरी गरेर परिवार हुर्काउँदै आएका उनले डेढ महिनादेखि मजदुरी पाएका छैनन्। कोरोना संक्रमणले यतिबेला उनको परिवारको गाँस काटिरहेको छ।

भाडामा बसिरहेको खरले छाएको घर मनसुनलगत्तै चुहिन थालेपछि विस्थापित भएका छन्। घर पुनर्निर्माण गर्नुको साटो घरधनीले निस्कन भनेपछि नजिकैको विद्यालयको निर्माणाधीन भवनमा बसिरहेका छन्। 'विद्यालय खुल्नासाथ यहाँबाट पनि निस्किनुपर्छ,' उनले भने, 'त्यसपछि कहाँ जाने, थाहा छैन।' उनले समस्याबारे वडाध्यक्षलाई जानकारी गराएको बताए। तर जनप्रतिनिधिले कुनै सहयोग गरेनन्। बरु अन्य मनकारीले खाद्यान्न सहयोग गरेको उनले बताए। 'गुजारा चलाउन धौधौ भो,' उनले भने, 'काम बन्द भएर बस्नुपर्दा साह्रै दुःख पायौं।' साना छोरीलाई पढाउने जिम्मा एकातिर छ भने बन्दभरि काम गर्न नपाएको पीरैपीरले बिरामी पर्न थालेको उनले बताए। 'मानसिक पीडा उस्तै छ,' उनले भने।

बाँके नेपालगन्जकी उषा गुरुङ काठमाडौं जाने क्रममा एक साताअघि बुटवल आइपुगिन्। दुई वर्षीया छोरी बोकेर आएकी उनी निषेधाज्ञाले यहाँबाट कतै जान पाइनन्। बुटवलको सडक किनारमा अलपत्र अवस्थामा भेटिएकी उनले काम नपाएपछि बेखर्ची भई विरक्तिएर घरबाट निस्किएको बताइन्। उनीसँगै केही साथी पनि थिए। उषासित चारपाङ्ग्रे सवारीसाधनको चालक अनुमतिपत्र छ। त्यसैले गाडी चलाएर भए पनि जीवन निर्वाह गर्ने उद्देश्यले काठमाडौं जान खोजेको उनले बताइन्। 'निषेधाज्ञाले अलपत्र परेपछि घर छाडें,' उनले भनिन्, 'नत्र दुई वर्षकी छोरी बोकेर महामारीका बेला हिँड्न कसलाई मन थियो र ? बाध्यता र भोकले परिस्थिति बर्दलिदिने रहेछ।' उनी अहिले बुटवलमा एउटा संस्थाको सहयोगमा बसिरहेकी छन्।

लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा निषेधाज्ञा जारी छ। जसले गर्दा दैनिक मजदुरी गरेर जीवन निर्वाह गर्ने मारमा परेका छन्। सहरी गतिविधिमा आश्रित मजदुर धेरै मारमा परेका छन्। तर स्थानीय तहले राहत र रोजगारीका कुनै कार्यक्रम सञ्चालन गरेका छैनन्। एक वर्षअघि संक्रमणका बेला स्थानीय तहले राहत वितरणलाई ध्यान दिएका थिए। वडावडाले खाद्यान्न वितरण गरेका थिए। यस वर्ष राहत वितरणमा जोड दिएका छैनन्।

केही स्थानीय तहले यस वर्ष पनि राहतको कार्यक्रम आन्तरिक रूपमा सञ्चालन गरेको दावी गरे। चुलो नबल्ने स्थानीयलाई वडा र सहजीकरण केन्द्रमार्फत उपमहानगरले राहत उपलब्ध गराइरहेको बुटवल उपमहानगरपालिकाका प्रवक्ता रामप्रसाद रेग्मीले बताए। 'वडाध्यक्षले पहिचान गर्ने गरी सिफारिस माग गरिएको छ,' उनले भने, 'त्यसबाहेक चार ठाउँमा सहजीकरण केन्द्र राखेरसमेत सेवा दिन तयार बसेका छौं।' स्थानीय सरकारको सम्पर्कमा आएका समस्यामा परेका नागरिकलाई रित्तो हात नफर्काइएको तिलोत्तमा नगरपालिकाका प्रमुख वासुदेव घिमिरेले बताए। सरकारी योजनामा अहिले पनि १ हजार स्थानीय मजदुरले काम गरिरहेको र पारिश्रमिक पाइरहेको उनले बताए। 'सस्तो लोकप्रियताका लागि राहत वितरण गर्ने काम गरिएन,' उनले भने।

गत वर्ष राहत वितरण विवादित भएपछि यस वर्ष सञ्चालन नगरिएको गैडहवा गाउँपालिकाका अध्यक्ष बच्चुलाल केवटले बताए। 'अति विपन्नलाई थोरैथोरै दिएका छौं,' उनले भने, 'बाहिर मजदुरी गर्नेभन्दा किसान धेरै रहेकाले यस वर्ष अप्ठ्यारो पऱ्यो भन्ने कम आएका छन्।' जिल्लाभर निर्माण र उद्योगसँगै कृषिका काम नरोकिएकाले मजदुर भोको नरहेको प्रमुख जिल्ला अधिकारी अस्मान तामाङले बताए। 'स्थानीय तहले नागरिकलाई गाह्रो परे आन्तरिक सहयोग गरिरहेकै छन्,' उनले भने, 'क्वारेन्टाइनकै व्यवस्था गरी विकासका काममा मजदुर खटिरहेका छन्।' तामाङले ४५ औं दिनसम्म निषेधाज्ञा आइपुगेकाले अब केही खुकुलो बनाई अघि बढ्ने बताए।

रूपन्देहीको सैनामैना-१ स्थित विद्यालयमा आश्रय लिई बसेका फर्सुबहादुर महतराको परिवार।
तस्बिर : कान्तिपुर

राहतको भर

अर्घाखाँची (कास)- भद्रीखोलका विष्णु वादी हातमा बोरा र नाम्लो लिएर झरीमा रुझ्दै राहतका लागि लाइनमा पालो पर्खँदै थिए। घरमा खानेकुरा सकिएपछि कोरोनाभन्दा भोकले मरिन्छ कि भन्ने चिन्ता लागेको उनले बताए। खोलामा बालुवा चालेर जीविका चलाउँदै आएका उनी एक महिनापछि राहतका लागि घरबाहिर निस्किएका हुन्।

कोरोना संक्रमणमा गरिब तथा विपन्न परिवारलाई राहतस्वरूप सन्धिखर्क नगरपालिकाले वितरण गरेको एक बोरा चामल, नुन, तेल लिन झरीमा रुझ्दै उनी घण्टौं लाइनमा उभिएका थिए। भीडभाड भए पनि उनलाई कोरोना संक्रमणको डर थिएन। 'काम गर्न पाइएन, घरमा एक छाक खान पनि मुस्किल भयो,' उनले भने, 'कोरोना होइन, यहाँ भोकले मरिएलाजस्तो भएको छ। घरमा चामल सकिएर एक छाक खाएको एक साता भयो।' बाँगीखोलामा बालुवा चाल्दाचाल्दै निषेधाज्ञा लागू भएको घोषणा भएपछि उनी घरमै बसेका थिए। खोलामा चालेर राखेको बालुवा पनि बाढीले बगाएर लगिदिएको उनले सुनाए। 'सुरुमा त घरभित्रै बस्यौं, कोरोना सर्छ भन्ने डर भयो,' उनले भने, 'जब घरमा चामल सकियो, रोगभन्दा भोकले सताउन थाल्यो।' भोकभोकै घरमा बस्दा मरिन्छ कि भन्ने भएको उनले बताए।

५९ वर्षीय झुमी नेपाली हातमा नाम्लो र बोरा लिएर दिनभर झरीमा रुझ्दै पालो पर्खिन्। 'मीठो भात खान नपाएको धेरै दिन भयो, दाल, चामल, नुन र तेल घरमा लगेर पेटभरि खान पाए बल आउँथ्योजस्तो लाग्छ,' उनले भनिन्, 'घरमा एक मुठी चामल छैन। निषेधाज्ञामा बसेर खाँदा सकियो।' २५ किलो चामल नगरपालिकाबाट पाएपछि उनी खुसी भइन्।

'पहिला रोग लागे मरिन्छ भन्ने डरले घरमा बस्यौं, घरपरिवारबाहेक बाहिरको मान्छेसित सम्पर्कमा नै रहेनौं,' मनबहादुर विकले भने, 'बसेर खाँदा चालम, नुन, तेल सकियो, भीडभाडमा घण्टौं लाइन लागेर भोक टार्न कोरोनाको डर भएन। काम खोज्दै बाहिर हिँडेको छु। कतै काम पाइएन।' सन्धिखर्क नगरपालिकाले कोरोना संक्रमणमा गरिब, मजदुर तथा विपन्न ३ सय ९५ जना परिवारलाई बुधबार राहतस्वरूप चामल, नुन, तेल वितरण गरेको हो। 'मजदुर, गरिब तथा विपन्न परिवारलाई राहत दिइएको छ,' सन्धिखर्क नगरपालिका उपप्रमुख ठाकुरकुमार विकले भने।

जोखिममा रानीमहल

माधव अर्याल (पाल्पा)

कालीगण्डकी नदीको बहाव बढेसँगै पर्यटकीय क्षेत्र रानीमहल परिसर डुबानमा परेको छ। रिसोर्ट पुरिएका छन्। रानीमहल परिसरमा रहेका ६ वटा रिसोर्ट तथा होटलमा क्षति पुगेको छ। डिभिजन वन कार्यालयले दुई वर्ष लगाएर बनाएको पार्क पनि बालुवाले पुरिएको छ।

गत मंगलबार रानीमहल आसपास रिसोर्ट तथा होटलमा कोही थिएनन्। त्यहाँ रहेका सामान निकाल्न खोजे। हवात्तै पानीको बहाव बढेपछि सामग्री निकाल्नै पाएनन्। 'सामान निकाल्ने प्रयास गरेका थियौं,' स्थानीय ७८ वर्षीय ताराचन्द थापाले भने, 'तर सक्दै सकिएन, बाढी यति छिटो भरियो केही काम गर्नै सकिएन।' रानीमहल परिसरमा ६ वटा रिसोर्ट तथा साना होटल थिए। अधिकांश सञ्चालक निषेधाज्ञाका कारण त्यहाँ थिएनन्। भएका पनि वर्षा ठूलो भएपछि भेल आउने डरले यहाँ बसेका थिएनन्। 'हेर्दहिर्दै रिसोर्ट तथा होटल क्षेत्र जलाम्मे भयो,' थापाले भने, 'पानीको तलाउ यति धेरै भयो कि हामी पनि अचम्ममा पऱ्यौं।'

उनका अनुसार कालीगण्डकी नदीको मिर्मीस्थित जलविद्युत् आयोजनाले ढोका खोलेको भएर यस्तो भएको हो। उनको आँखैले देख्ने स्थानमा कालीगण्डकी जलविद्युत्ले साइरन राखेको छ। तर ढोका खोल्दा पनि नबजाएको उनको बुझाइ छ। उनी २०२९ सालदेखि नै सामान हेरालुका रूपमा रानीमहल छेउमा बस्छन्। 'यही ठाउँमा ४९ वर्ष बितेछ,' उनले सम्झिए, 'म पनि बूढो भएँ। कति धेरै परिवर्तन भए। म जहाँको त्यहीं छु।'

'यो पारिबाट खोला बग्थ्यो। अहिले वारिबाट बगेको छ,' थापाले विगत सम्झिए, 'पारि खेत रोप्थे। खोलाले खेत खायो भनेर खोला नै फर्काए।' पहिले खोला रानीमहलको जग साइडबाट बगेको थियो। यस वर्ष फेरि रानीमहलको जगसाइडबाट बराइदी खोला बगेको छ। यस वर्ष बराइदी खहरे खोलाले धार परिवर्तन गरेर रानीमहलतर्फ मोडिएको हो। कालीगण्डकी नदीले पनि हरेक वर्ष रानीमहललाई कटान गर्दै आएको छ।

कालीगण्डकी करिडोर र तानसेनदेखि रानीमहल सडक चौडा गर्दा जथाभावी फालिएका डेबरेजलाई नदीले परिसरमै रोकेपछि डुबानमा परेको स्थानीय व्यवसायी सुरेश पाण्डेयको भनाइ छ। 'माथिल्लो भागबाट बराइदी खहरे खोला बगेको छ,' उनले भने, 'तल्लो भागमा कालीगण्डकी नदी बग्छ। नदी ठूलो भएपछि बराइदी खोलातर्फको पानी रोकिदिन्छ।'

> कालीगण्डकी नदीको बहाव बढेसँगै बराइदी खहरे खोलाले पनि धार परिवर्तन गऱ्यो

कालीगण्डकी नदीको तटमा रानीमहलको विशाल भवन बनेको छ। कालीगण्डकी नदी तटमा रहेको रानीमहल क्षेत्र डुबानमा पर्दा लाखौंको क्षति पुगेको प्रहरी चौकी रानीमहलले जनाएको छ। स्थानीय रिसोर्ट तथा होटल व्यवसायीले ठूलो क्षति बेहोरेका छन्। तानसेन नगरपालिका र बगनासकाली गाउँपालिकाले रानीमहल परिसरमा अघिल्लो वर्षदेखि जथाभावी होटल तथा रिसोर्ट खोल्न दिएका थिए। 'यसरी जथाभावी होटल तथा रिसोर्ट खोल्ने स्वीकृत दिँदा अहिले क्षति बेहोर्नुपरेको हो,' नजिकको गाउँ स्याङ्जा सटुकाका ठाकुर पाण्डेयले भने, 'यसका लागि बेलैमा नसोचे रानीमहललाई पनि खतरा छ।'

डिभिजन वन कार्यालयको ३८ लाख रुपैयाँको लगानीमा बनाएको पार्कमा समेत तटबन्ध नगर्दा बालुवा भरिएको छ। रानीमहल क्षेत्र हरेक वर्ष डुबानमा पर्छ। वर्षायामपछि यहाँ पुनः बगर क्षेत्रमै रिसोर्ट, होटल र पसल सञ्चालन हुन्छन्। अव्यवस्थित रूपमा सञ्चालन हुने होटल, रिसोर्ट र पसल वर्षायाममा भने डुबानमा पर्ने गरेका हुन्।

कालीगण्डकी तटमा निर्माण भएको रानीमहलमा सिजनमा दैनिक ३ हजारसम्म पर्यटक आउने गर्छन्। अन्य समयमा समेत यही महल हेर्नका लागि पर्यटक पुग्छन्। रानीमहल तानसेन नगरपालिका-१३, बौघागुम्हामा पर्छ। तानसेनदेखि १३ किलोमिटर टाढा रहेको रानीमहल क्षेत्रमा नदी गहिरिएको र कटान गर्दै गएकाले खतरा बढेको सशस्त्र प्रहरीको गोताखोर टोलीको रिपोर्टमा उल्लेख छ।

हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०३७/०८/१०
स्वर्गारोहणः वि.सं. २०७८/०२/२४

स्व. श्री अच्युत सेडाई

नमस्ते इन्फोटेकका प्रबन्ध निर्देशक एकराज सेडाईका दाजु अच्यूत सेडाईको मिति २०७८/०२/२४ गतेका दिन असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

नमस्ते इन्फोटेक प्रा.लि.
परिवार

हार्दिक समवेदना



जन्मः २०४१/०७/१५
स्वर्गारोहणः २०७८/०२/२४

स्व. अनिल थापा

काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं.-७ निवासी तथा यस **पूर्ण विनायक युवा क्लब**का बर्तमान अध्यक्ष **श्री अनिल थापा**को अल्यायुमै मिति २०७८/०२/२४ गते असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

पूर्ण विनायक युवा क्लब परिवार
कागेश्वरी मनोहरा न.पा.-७

Heartfelt Condolence

Late Mrs. Hari Maya Adhikari
Date of Demise: 2078/02/24

We are deeply grieved by the untimely demise of **Mrs. Hari Maya Adhikari,** beloved mother of our colleague Mr. Det Raj Adhikari.

We pray to god for the eternal peace of her departed soul & would like to extend our heartfelt condolence to the bereaved family for their irreplaceable loss.

MERCY CORPS
Mercy Corps Nepal Family

हार्दिक समवेदना

जन्मः २०२०/३/७ गते
स्वर्गारोहणः २०७८/२/२४ गते

स्व. मैना दोबे

यस कान्तिपुर पब्लिकेसन्सको प्रशासन विभागमा कार्यरत कर्मचारी राजकुमार दोबेकी ममतामयी माता **मैना दोबे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२८/०४/०१
स्वर्गारोहणः २०७८/०१/२२

स्व. विजया मिश्र भेटवाल

मेरी कान्छी छोरी **विजया मिश्र भेटवाल**को अकल्पनिय एवं असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस विपदको घडीमा हामीलाई सहयोग, सदभाव र समवेदना प्रकट गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

आमाः मन्जरी देवी मिश्र
पतिः वालकृष्ण भेटवाल

छोरा, छोरीः विभुषण राज भेटवाल, प्रज्ञा भेटवाल
जेठाज्यू/जेठानीः गणेश/गीता भेटवाल
देवर/देवरानीहरूः हरी/जानुका भेटवाल, गंगा/धनकुमारी भेटवाल, हेमप्रसाद/नम्रता भेटवाल
आमाज्यू/नन्दहरूः पवित्रा पन्त, नवंदा संग्रौला, रमा भेटवाल
भतिजा, भतिजीहरूः अमृत, अभिषेक, इच्छा, स्वेक्ष्या, श्रद्धा, स्वागत, दिव्य, सुप्रिया, ग्रिष्मा, गिरीष, भुवन, भावना, अमृत, आराधना, एन्जल, आयुष
दाजु/भाउजुः कितिंनाथ मिश्र, संगिता मिश्र
दिदी/भिनाजुः साधना मिश्र अधिकारी, सुक्ष्मा के सी, श्याम सुन्दर के सी
तथा समस्त भेटवाल परिवार

"I don't have all the brains I need, but I have the brain, which can collaborate with all I need" - Rajkumar Maharjan

हार्दिक भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२६ कार्तिक ०२ गते
स्वर्गारोहणः २०७८ जेठ २५ गते

स्व. राजकुमार महर्जन

यस संस्थाका आदरणीय अध्यक्ष तथा वर्ल्ड काउन्सिल फर टोटल क्वालिटी एण्ड एक्सेलेन्स ईन एजुकेशन (WCTQEE) का डाईरेक्टर जनरल, केन्द्रीय प्याब्सनका प्राज्ञिक सल्लाहकार एवं माउण्ट भ्यू इङ्गलिश बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल शिक्षासेवी **राजकुमार महर्जन**को मिति २०७८ साल जेठ २५ गते मंगलबारका दिन ५२ वर्षको अल्पायूमै भएको अत्यन्त अकल्पनीय, हृदयविदारक तथा असामयिक निधनले सिङ्गो क्वेष्ट नेपाल परिवार र देश तथा विदेशमा फैलिएको सम्पूर्ण एस्क्यूसी क्षेत्रलाई स्तब्ध बनाएको छ। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

संस्थाको अध्यक्ष एवं अन्य विभिन्न भूमिकामा रही एस्क्यूसीलाई नेपाल सरकारको पाठ्यक्रममा समाबेश गराउने, एस्क्यूसीको नेपाल मोडललाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने, सहजकर्ता तालिम तथा माष्टरल्याबलाई अन्तर्राष्ट्रियकरण गर्ने, विभिन्न तालिमका कार्यक्रमहरुसहित एस्क्यूसीको अभूतपूर्व विस्तार गर्ने लगायतका तपाईंका अतुलनीय योगदानहरु क्वेष्ट नेपालको इतिहास तथा एस्क्यूसीको क्षेत्रमा युगयुग कोषेढुङ्गाको रुपमा रहिरहनेछ।

QUEST-Nepal
क्वेष्ट नेपाल
तथा सम्पूर्ण एस्क्यूसी परिवार

हार्दिक श्रद्धाञ्जली

स्व. प्रो. ईन्द्रप्रसाद श्रेष्ठ
जन्मः १९९९।०३।२६
स्वर्गारोहणः २०७८।०१।२२

स्व. विमला श्रेष्ठ
जन्मः १९९९।०१।०५
स्वर्गारोहणः २०७८।०१।१३

यस गणेश टाकिज प्रा. लि. धरानका अध्यक्ष **श्री प्रो. इन्द्र प्रसाद श्रेष्ठ** र वहाँकी धर्मपत्नी **श्रीमती विमला श्रेष्ठ**को दुःखद असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथीमा दिवंगत् आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै असामान्य अकल्पनीय यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना सहित **हार्दिक समवेदना** प्रकट गर्दछौं।

गणेश टाकिज प्रा.लि. परिवार
धरान

अँध्यारोमा गमगढी बजार

मुगु (कास)- अविरल वर्षासँगै गमगाढ खोलामा आएको बाढीले गमगाढ साना जलविद्युत् आयोजनामा क्षति पुऱ्याएपछि सदरमुकाम गमगढी बजार अँध्यारो बनेको छ। बिहीबार दिउँसो जलविद्युत्को नहरको मुहानस्थित इन्टेकमा बाढी पसेपछि विद्युत् सेवा अवरुद्ध भएको हो।

आयोजनाले गमगढीसहित श्रीनगर, कार्कीबाडा, भामबाडा, पिना, रुघा, थार्प, ताल्चलगायत एक दर्जन गाउँमा विद्युत् सेवा विस्तार गरेको छ। विद्युत् सेवा अवरुद्ध भएपछि सरकारी र गैरसरकारी संघसंस्थाका कामकाज प्रभावित छन्। खोलामा बाढी नरोकिएकाले अझै क्षति बढ्न सक्ने आयोजनाले जनाएको छ। आयोजना प्रमुख दिनेश पौडलका अनुसार आयोजनाको इन्टेक खोल्न कम्तीमा एक साता लाग्ने देखिएको छ।

उनले निरन्तरको वर्षाले नहरमा पसेको ढुंगामाटो र बालुवा पन्छाउन समस्या भएको बताए। आयोजनाले ४ सय किलोवाट विद्युत् उत्पादन गरिरहेको थियो।

सात बेपत्ताको सकुशल उद्धार

चिसो र चार दिनदेखि खान नपाउँदा उनीहरूको स्वास्थ्य अवस्था नाजुक

भीमबहादुर सिंह (जाजरकोट)

चार दिनदेखि कुशेपाटनमा बेपत्ता भएका सात गोठालाहरूको प्रहरीले सकुशल उद्धार गरेको छ। हावाहुरीमा परेर कुशे पाटनस्थित जलजला क्षेत्रबाट हराइरहेका कुशे गाउँपालिका-८ र ९ का उनीहरूको प्रहरीले शुक्रबार बिहान उद्धार गरेको हो।

बेपत्ताको खोजीका लागि जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक शिवकुमार क्षेत्रीसहित सात जना प्रहरीको टोली दुई दिन पैदल हिँडेर पाटन पुगेको थियो। शुक्रबार बिहान मौसम खुलेपछि सबैलाई सकुशल उद्धार गरिएको जिल्ला प्रहरी प्रमुख डीएसपी मधुकुमार थापाले बताए। उनका अनुसार वर्षा र हावाहुरीका कारण सातै जना जलजलास्थित रित्तो भेडीगोठमा अर्धचेत अवस्थामा फेला परेका थिए। शुक्रबार बिहान २ बजेतिर मात्र प्रहरी घटनास्थल पुगेको थियो।

दिउँसो भारी वर्षासहितको हावाहुरी चलेका कारण जोखिम मोल्दै प्रहरी टोली राति पाटन पुगेको उनको भनाइ छ। उनका अनुसार उद्धार गरिएका व्यक्तिलाई कुशे हिमालको फेदीमा झारिएको थिया। 'चिसो र चार दिनदेखि खान नपाउँदा उनीहरूको स्वास्थ्य अवस्था नाजुक रहेको पाइयो,' उनले भने, 'प्रहरी टोलीले उनीहरूलाई प्राथमिक उपचार गर्दै गाउँमा झारिरहेको छ।'

भेडाबाख्रा र गाईभैंसीलाई पाटन छोड्न गएका कुशे गाउँपालिकाका स्थानीय हावाहुरीमा परेर बुधबारदेखि बेपत्ता भएका थिए। प्रहरीका अनुसार कुशे-८ का ३५ वर्षीय डिलबहादुर खड्का, २५ वर्षीय विक्रम खड्का, २८ वर्षीय चन्द्र खड्का, १८ वर्षीय भविन्द्र खड्का, १२ वर्षीय मिमबहादुर खड्का, १० वर्षीया धनसरा खड्का र कुशे-९ का ४० वर्षीय कृष्ण रोकायाको उद्धार गरिएको हो। हावाहुरीका कारण पाटनमा दर्जनौं पशुचौपाया मरेको डीएसपी थापाले बताए। उनका अनुसार खराब मौसमका कारण मरेका पशुचौपायाको यकिन तथ्यांक आउन सकेको छैन।

पाटनमा हराएकाको हवाई उद्धार गर्न जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयलाई बिहीबार अनुरोध गरेको थियो। तर खराब मौसमका कारण हेलिकप्टरको उडान हुन नसकेपछि जिल्ला प्रहरी कार्यालयले प्रहरी टोली पाटनमा पठाएको हो। कुशे गाउँपालिकाका स्थानीयले जेठदेखि भदौसम्म हजारौं पशुचौपाया चरिचरणका लागि कुशेपाटनमा लैजाने गरेका छन्। कुशेपाटन क्षेत्र ४ हजारदेखि ४ हजार ८ सय मिटरको उचाइमा छ।

सल्यानको शारदा नदीमा बाढी आएपछि फसेका स्थानीयलाई उद्धार गर्दै सुरक्षाकर्मी। *तस्बिर : विप्लव महर्जन/कान्तिपुर*

नदीमा फसेका १२ को उद्धार

सल्यान- शारदा नगरपालिका-६ बरलास्थित शारदा नदीमा फसेका १२ स्थानीयको उद्धार गरिएको छ। शारदा नदी किनारमा रहेको खेलमा रोपाइँ गर्न गएका किसान फसेपछि प्रहरी, सशस्त्र प्रहरी र सेनाले उनीहरूको उद्धार गरेको हो।

नदीमा आएको बाढी किनाराका खेतहरूमा पसेको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार शारदा नगरपालिका-६ का २० वर्षीय हिरालाल विक, ४३ वर्षीया सुशीला गिरी, ४७ वर्षीया काली विक, गीताकुमारी गिरी, ५५ वर्षीय तेजबहादुर बस्नेत र ५६ वर्षीय सुकलाल गिरीको उद्धार गरिएको हो।

त्यस्तै, ४९ वर्षीय देवीलाल विक, १४ वर्षीय मनोज विक, १७ वर्षीय दीपेन्द्र विक, ४० वर्षीय प्रमलाल विक र ४७ वर्षीय कुमार विकको उद्धार गरिएको प्रहरीले जनाएको छ। अहिले सबैको अवस्था सामान्य रहेको सबुज गणका गणपति कञ्चन बस्नेतले बताए। फसेकालाई उद्धार गर्न हेलिकप्टरको माग गरे पनि खराब मौसमका कारण आउन नसकेपछि सुरक्षाकर्मी खटाइएको थियो। बाढीका कारण शारदा नदी र संघार खोला आसपासका बस्ती जोखिममा परेका छन्।

बाढीको जोखिममा रहेका २० परिवारलाई सुरक्षित स्थानमा सारिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी अर्जुन पौडेलले बताए। उनका अनुसार उद्धारका लागि जोखिमयुक्त स्थानमा पर्याप्त मात्रामा सुरक्षाकर्मी खटाइएको छ। उनले सबैको तत्काल उद्धार गर्न सफल भएकाले मानवीय क्षति नभएको बताए।

कर्णाली राजमार्गमा पहिरै पहिरो

वर्षाका कारण जिल्लाका दुई दर्जन बढी ग्रामीण सडकसमेत बन्द

ज्योति कट्टवाल (दैलेख)

एक सातादेखिको अविरल वर्षाका कारण कर्णाली राजमार्गका झन्डै एक दर्जन ठाउँमा पहिरो खसेको छ। पहिरोका कारण राजमार्ग बन्द भएपछि स्थानीय बासिन्दा हिँडेरै गन्तव्यमा जान बाध्य छन्।

दैलेखको सियाला, किटु, घट्टेखोला, दहीखोला कालीकोटको गगनेखोला, हुल्म, सुनारखोला, पिली सेरावाडा, तिलागुफाको भिग्मलगायतका ठाउँमा पहिरो खसेको हो। मंगलबार केही ठाउँको पहिरो हटाए पनि वर्षाले पुनः पहिरो झरेर सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ। राजमार्ग अवरुद्ध हुँदा दैलेखसहित कालीकोट, जुम्ला र मुगुका बासिन्दा सास्ती भोग्न बाध्य छन्।

पहिरोका कारण झन्डै एक सय बढी मालवाहक र यात्रुवाहक गाडीहरू बीचबाटोमै अलपत्र परेका छन्।

पहिरोले अवरुद्ध कर्णाली राजमार्गअन्तर्गत दैलेख-किटु सडकखण्ड। *तस्बिर : कान्तिपुर*

दैनिक वर्षा हुन थालेपछि राजमार्ग छेउछाउका बस्तीहरूको जनजीवन प्रभावित भएको छ।

वर्षाका कारण जिल्लाका दुई दर्जन बढी ग्रामीण सडकसमेत बन्द भएका छन्। वातावरणीय प्रभाव मूल्यांकन नगरेरै सडक खन्दा वर्षायाममा पहिरो जाने समस्या बढेको प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले बताए। उनका अनुसार राजमार्गमा ठूलठूला पहिरो खसेकाले गाडी आउजाउमा समस्या छ। उनले पहिरो हटाउन पहल भइरहेको जानकारी दिए।

२ दिनमा १२ घर भत्किए

अविरल वर्षाका कारण दुई दिनमा दुल्लु नगरपालिका-९ मा १२ घर भत्किएका छन्। गत वर्ष नगरपालिकाले खनेको सडकका कारण घरहरू भत्किएको स्थानीयको आरोप छ।

नगरपालिकाले ९ नम्बर वडामा सडक पुऱ्याउन ४५ लाख रुपैयाँको लगानीमा सडक निर्माण गरेको थियो। वडाध्यक्ष रणबहादुर बोहोराका अनुसार प्यादुरा र धामीगाउँमा बिहीबार ६ र शुक्रबार ६ घर भत्किएका छन्। उनले यो वर्ष वडाका विभिन्न गाउँमा सडक पुऱ्याउन ७ वटा सडक निर्माण गरिएको बताए। 'जथाभावी सडक खन्दा जोखिम बढिरहेको छ,' उनले 'गाउँमुनिबाट सडक खन्दा बस्ती खतरामा परे।'

पहिरोमा एकको मृत्यु

कालीकोट- अविरल वर्षापछि खसेको पहिरोमा परी खाडाचक्र- ६ मोल्फामा एक जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार खाडाचक्र-६ का बल विश्वकर्माको पहिरोमा परी मृत्यु भएको हो। वर्षाले खाडाचक्र, तिलागुफा, शुभकालिका, नरहरिनाथ, पचालझरना र पलाता गाउँपालिकामा २७ घर टहरा भत्किएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक भूपेन्द्र शाहीले बताए। केही स्थानीय तहबाट पहिरोको क्षतिबारे विवरण आउन बाँकी छ। उनले जिल्ला कारागारको ७ मिटर पर्खाल पनि वर्षाले भत्किएको जानकारी दिए। नरहरिनाथ-९ लालुको दलित बस्ती पनि पहिरोको जोखिममा परेको छ। गाउँ जोखिममा परेपछि स्थानीयवासी घर छाडेर लेकतिर बसाइँ सरेका छन्।

हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०३७/०८/१० — स्वर्गारोहणः वि.सं. २०७८/०२/२४

स्व. श्री अच्युत सेडाई

नमस्ते इन्फोटेकका प्रबन्ध निर्देशक एकराज सेडाईका दाजु अच्युत सेडाईको मिति २०७८/०२/२४ गतेका दिन असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

नमस्ते इन्फोटेक प्रा.लि.
परिवार

हार्दिक समवेदना



जन्मः २०४१/०७/१५ — स्वर्गारोहणः २०७८/०२/२४

स्व. अनिल थापा

काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं.-७ निवासी तथा यस **पूर्ण विनायक युवा क्लब**का बर्तमान अध्यक्ष **श्री अनिल थापा**को अल्यायुमै मिति २०७८/०२/२४ गते असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

पूर्ण विनायक युवा क्लब परिवार
कागेश्वरी मनोहरा न.पा.-७

Heartfelt Condolence

Late Mrs. Hari Maya Adhikari
Date of Demise: 2078/02/24

We are deeply grieved by the untimely demise of **Mrs. Hari Maya Adhikari,** beloved mother of our colleague Mr. Det Raj Adhikari.

We pray to god for the eternal peace of her departed soul & would like to extend our heartfelt condolence to the bereaved family for their irreplaceable loss.

MERCY CORPS
Mercy Corps Nepal Family

हार्दिक समवेदना

जन्मः २०२०/३/७ गते — स्वर्गारोहणः २०७८/२/२४ गते

स्व. मैना दोबे

यस कान्तिपुर पब्लिकेसन्सको प्रशासन विभागमा कार्यरत कर्मचारी राजकुमार दोबेकी ममतामयी माता **मैना दोबे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२८/०४/०१ — स्वर्गारोहणः २०७८/०१/२२

स्व. विजया मिश्र भेटवाल

मेरी कान्छी छोरी **विजया मिश्र भेटवाल**को अकल्पनिय एवं असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस विपदको घडीमा हामीलाई सहयोग, सदभाव र समवेदना प्रकट गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

आमाः मन्जरी देवी मिश्र — पतिः वालकृष्ण भेटवाल

छोरा, छोरीः विभुषण राज भेटवाल, प्रज्ञा भेटवाल
जेठाज्यू/जेठानीः गणेश/गीता भेटवाल
देवर/देवरानीहरूः हरी/जानुका भेटवाल, गंगा/धनकुमारी भेटवाल, हेमप्रसाद/नम्रता भेटवाल
आमाज्यू/नन्दहरूः पवित्रा पन्त, नर्वदा संग्रौला, रमा भेटवाल
भतिजा, भतिजीहरूः अमृत, अभिषेक, इच्छा, स्वेक्ष्या, श्रद्धा, स्वागत, दिव्य, सुप्रिया, ग्रिष्मा, गिरीष, भुवन, भावना, अमृत, आराधना, एन्जल, आयुष
दाजु/भाउजुः किर्तिनाथ मिश्र, संगिता मिश्र
दिदी/भिनाजुः साधना मिश्र अधिकारी, सुक्ष्मा के सी, श्याम सुन्दर के सी

तथा समस्त भेटवाल परिवार

"I don't have all the brains I need, but I have the brain, which can collaborate with all I need" - Rajkumar Maharjan

हार्दिक भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२६ कार्तिक ०२ गते — स्वर्गारोहणः २०७८ जेठ २५ गते

स्व. राजकुमार महर्जन

यस संस्थाका आदरणीय अध्यक्ष तथा वर्ल्ड काउन्सिल फर टोटल क्वालिटी एण्ड एक्सेलेन्स ईन एजुकेशन (WCTQEE) का डाईरेक्टर जनरल, केन्द्रीय प्याब्सनका प्राज्ञिक सल्लाहकार एवं माउण्ट भ्यू इङ्गलिश बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल शिक्षासेवी **राजकुमार महर्जन**को मिति २०७८ साल जेठ २५ गते मंगलबारका दिन ५२ वर्षको अल्पायूमै भएको अत्यन्त अकल्पनीय, हृदयविदारक तथा असामयिक निधनले सिङ्गो क्वेष्ट नेपाल परिवार र देश तथा विदेशमा फैलिएको सम्पूर्ण एस्क्यूसी क्षेत्रलाई स्तब्ध बनाएको छ। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

संस्थाको अध्यक्ष एवं अन्य विभिन्न भूमिकामा रही एस्क्यूसीलाई नेपाल सरकारको पाठ्यक्रममा समाबेश गराउने, एस्क्यूसीको नेपाल मोडललाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने, सहजकर्ता तालिम तथा माष्टरल्याबलाई अन्तर्राष्ट्रियकरण गर्ने, विभिन्न तालिमका कार्यक्रमहरुसहित एस्क्यूसीको अभूतपूर्व विस्तार गर्ने लगायतका तपाईंका अतुलनीय योगदानहरु क्वेष्ट नेपालको इतिहास तथा एस्क्यूसीको क्षेत्रमा युगयुग कोषेढुङ्गाको रुपमा रहिरहनेछ।

QUEST-Nepal
क्वेष्ट नेपाल
तथा सम्पूर्ण एस्क्यूसी परिवार

हार्दिक श्रद्धाञ्जली

स्व. प्रो. ईन्द्रप्रसाद श्रेष्ठ
जन्मः १९९९।०३।२६
स्वर्गारोहणः २०७८।०१।२२

स्व. विमला श्रेष्ठ
जन्मः १९९९।०१।०९
स्वर्गारोहणः २०७८।०१।१३

यस गणेश टाकिज प्रा. लि. धरानका अध्यक्ष **श्री प्रो. इन्द्र प्रसाद श्रेष्ठ** र वहाँकी धर्मपत्नी **श्रीमती विमला श्रेष्ठ**को दुःखद असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथीमा दिवंगत् आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै असामान्य अकल्पनीय यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना सहित **हार्दिक समवेदना** प्रकट गर्दछौं।

गणेश टाकिज प्रा.लि. परिवार
धरान

टीकापुरमा कटानको जोखिम

गणेश चौधरी (टीकापुर)

लगातारको वर्षाले कर्णाली नदीको बहाव बढेसँगै टीकापुर आसपासको क्षेत्रमा नदीले कटान गर्न थालेको छ। केही दिनयता नदीको बहाव बढेर नदी किनारको तटबन्ध नभएको ठाउँमा कटान गरिरहेको स्थानीयले बताएका छन्। टीकापुर नगरपालिकासित जोडिएको भुराखनी, दौलतपुर र सत्ती कर्णाली सामुदायिक वनमा नदी कटान भइरहेको छ।

नदी कटानले स्थानीय भयभीत छन्। यसपालि वर्षा धेरै हुने मौसम भनेपछि कर्णाली तटीय क्षेत्रका बासिन्दा बस्तीमा बाढी पस्ने चिन्तामा छन्। स्थानीय निर्मला कडायतका अनुसार टीकापुरको दक्षिणी भागमा पर्ने वडा नं. ७, ८ र ९ मा बढी जोखिम रहेको छ। उनले समयमा रोकथाम भएन भने नदी बस्तीमा पस्ने खतरा रहेको बताइन्। यस्तै सत्ती कर्णाली सामुदायिक वनमा नदीले कटान तीव्र बनाएको सामुदायिक वनका अध्यक्ष धनसिंह साउदले बताए। उनले भने, 'तटबन्ध बनाउने भनेर नदी किनारका रूख काटियो तर तटबन्ध निर्माण नभएपछि कर्णाली नदी गाउँमा पस्ने खतरा बढेको छ।'

महाकालीको बहाव बढ्यो

- तटीय क्षेत्रका स्थानीय चिन्तित
- सतर्कता अपनाउन प्रशासनको आग्रह

मनोज बडू (दार्चुला)

तीन दिनदेखिको लगातारको वर्षाका कारण महाकाली नदीको जलस्तर बढेको छ। महाकालीमा जलस्तर बढ्दै गएपछि तटीय क्षेत्रमा बाढी पस्न सक्ने भन्दै स्थानीय चिन्तित भएका छन्।

२०७० मा महाकालीमा आएको भीषण बाढीपछि तटबन्ध निर्माण भएका कारण अहिलेसम्म सदरमुकाम सुरक्षित रहेको भए पनि सदरमुकामभन्दा माथिल्लो क्षेत्र र दक्षिण क्षेत्रका बस्तीहरू अहिले पनि जोखिममा छन्। महाकालीको सदरमुकाम क्षेत्रमा पक्की तटबन्ध निर्माण भएको भए पनि नदीको तटीय क्षेत्रको ठूलो भूभागमा तटबन्ध नहुँदा बाढीको जोखिम बढेको हो।

महाकाली नदी बढेर सदरमुकाम खलंगाको बंगाबगड क्षेत्रमा निर्माणाधीन तटबन्धमाथि पानी चढेको छ। स्थानीय भोजराज जोशीका अनुसार निर्माणाधीन तटबन्धभन्दा माथि महाकाली पुगेको छ। महाकालीको तल्लो क्षेत्रका स्थानीय बाढी पस्ने चिन्ताले त्रासमै बसिरहेको उनको भनाइ छ।

शुक्रबार राति साढे ७ बजे महाकाली नदीको बहाव ६ मिटर ७० सेन्टिमिटर पुगेको छ। जलस्तर ६ मिटर पुगे खतरा मानिन्छ। प्रहरी- प्रशासनले नदी किनारामा बसोबास गर्ने स्थानीयलाई महत्त्वपूर्ण सामग्री साथमा लिएर सुरक्षित स्थानमा जान माइकिङ गरेका छन्। नदीमा ढुंगा तथा ठूला काठहरू बगिरहेका छन्। 'नदीमा पानीको सतह दिउँसोसम्म घटेको अवस्था छैन,' दत्तुका स्थानीय गजी कार्कीले भने, 'दिनभर पानी रोकिएको छैन, पानीको सतह बढ्दै गएको छ।' केही ठाउँमा नदी अस्थायी तटबन्धमाथि चढेको अवस्था छ। नदी छेउमै बसोबास रहेका स्थानीयमा बाढीको त्रास थपिएको कार्कीले बताए।

लगातार पानी परिरहेको हुनाले जोखिम बढेको भन्दै जिल्ला प्रशासन कार्यालय दार्चुलाले सजकता अपनाउन सबैमा आग्रह गरेको छ। नदीमा पानीको बहाव बढ्दा आसपासका क्षेत्रमा जोखिम बढेको प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले बताए।

महाकाली नदीमा जलसतह बढेसँगै दार्चुला सदरमुकाम खलंगालगायत महाकाली नदीको तटीय क्षेत्र दुम्लिङ, बत्तीबगड, मलघट्या, नाजी, तिग्रम, श्रीबगड, धाप, दत्तु, उकु, लालीलगायत क्षेत्रमा बाढीको जोखिम बढेको छ। महाकाली नदीको बहाव परिवर्तन भई खलंगाको बंगाबगड क्षेत्रमा निर्माणाधीन पक्की तटबन्धमा क्षति पुगेको छ। उक्त ठाउँमा पक्की तटबन्ध निर्माण कार्य पूरा हुन नसक्दा दार्चुला सदरमुकाम खलंगा बाढीको उच्च जोखिममा छ। त्यस्तै, सदरमुकामको बंगाबगड पारिपट्टिको खोतिला पहिरोको कटान पनि शुरु भएको छ।

लगातारको वर्षाले जलस्तर अत्यधिक बढेर उर्लिएको महाकाली नदी। *तस्बिर : मनोज/कान्तिपुर*

महाकाली नदी नियन्त्रण आयोजनाले ८ वर्षदेखि महाकाली तटीय क्षेत्रमा तटबन्ध निर्माणको काम गर्दै आएको भए पनि अहिलेसम्म धेरै ठाउँहरूमा तटबन्ध बनाउन बाँकी रहेकाले बाढीको जोखिम कायमै रहेको छ। आयोजनाले सदरमुकाम क्षेत्रमा पक्की तटबन्ध निर्माणको अन्तिम चरण र श्रीबगड क्षेत्रमा सुरु गरेको जनाएको छ।

त्यस्तै, नदी तटीय क्षेत्रको धेरै ठाउँहरूमा अस्थायी तारजाली तटबन्ध निर्माण गरिएको आयोजना प्रमुख शोभाकर पौडेलले बताए। उनका अनुसार व्यास गाउँपालिका-१ को छाडरु सीतापुल, घाटीबगर, वडा नम्बर २ को तम्बाकु, दुम्लिङ, रिठान, वडा नम्बर ४ को बर्तीबगर र वडा नम्बर ५ तिग्रमलगायत क्षेत्रमा तटबन्ध निर्माणको काम भइरहेको छ।

महाकाली नगरपालिकाको ४.५ किमि क्षेत्रभित्र भने आयोजनाले पक्की तटबन्ध निर्माण गरेको छ। लास्कुदेखि नमस्कार मन्दिरसम्मको क्षेत्रमा पक्की तटबन्ध बनेको छ। यो तटबन्धको बंगाबगड र पुलघाट क्षेत्रमा निर्माण जारी छ। यो क्षेत्रमा अहिले पनि निर्माण कार्य चालु छ।

यस्तै, महाकाली नगरपालिकाको किम्तडी, धाप, दत्तु, सकार, मालिकार्जुन गाउँपालिकाको उकु जौलजीवी हुँदै लेकम गाउँपालिकाको लालीसम्मका विभिन्न जोखिम क्षेत्रमा तारजालीको तटबन्ध लगाउने काम गरिएको आयोजना प्रमुख पौडेलले बताए।

सडक अवरुद्ध

निरन्तरको झरीका कारण ग्रामीण सडक अवरुद्ध भएका छन्। वर्षाले खार-खलंगा सडक, दार्चुला-टिंकर सडक र बिटुले-पारिबगड सडक अवरुद्ध भएका हुन्। यस्तै, बिटुले-पारिबगर सडक खण्डको रिल पहिरो क्षेत्र अवरुद्ध बनेको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ। दार्चुला-टिंकर सडक खण्डको राताकाठा क्षेत्रमा सडक अवरुद्ध भएको छ। राताकाठामा पहिरो आएको छ। चट्टान खसेपछि अहिले प्रहरीले पहिरो क्षेत्रमा परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी नरेन्द्रबहादुर चन्दले बताए।

डोजर प्रयोगले पहिरोको खतरा

मेनुका दुंगाना (अछाम)

मनसुनको पहिलो झरीमै अछामका ग्रामीण सडकहरू अवरुद्ध भएका छन्। स्थानीय तहको प्राथमिकतामा सडक नै परेपछि वातावरणीय प्रभाव अध्ययन नगरी बनाएका सडकले पहिरोको जोखिम निम्त्याएको छ। वर्षात्का कारण कच्ची बाटो भत्किएर हिलाम्मे मात्रै भएका छैनन्, सडकलाई नै पहिरोले बगाएको छ।

गाउँगाउँमा सडक पुऱ्याउने अछामका स्थानीय तहको होडबाजीले आर्थिक वर्ष सकिन केही समय रहँदा पनि जथाभावी डोजर चलाउन छोडेका छैनन्। कतिपय स्थानीय तहले उपभोक्ता समितिमार्फत योजनाबिना नै अनुमानका भरमा सडक निर्माण गरिरहेका छन् भने कतिपय ठाउँमा प्राविधिकबिना नै सडक बनेका छन्। अछामका स्थानीय तहले सडकलाई प्राथमिकतामा राखेर ट्र्याक खोल्न सुरु गरेपछि जथाभावी डोजर चल्न थालेका हुन्।

अछामको लुंग्रामा सडक अवरुद्ध भएपछि गाडी धकेल्दै यात्रु। *तस्बिर : मेनुका/कान्तिपुर*

नयाँ सडक निर्माण मात्रै होइन, पुराना सडकको मर्मतमा पनि डोजरकै प्रयोग भइरहेको छ। तर, कुनै पनि स्थानीय तहले डोजर प्रयोगको मापदण्ड भने बनाएका छैनन्। 'कतिपय जनप्रतिनिधिका आफ्नै डोजर छन्। आफ्नो फाइदाका लागि जथाभावी प्रयोग गरिरहेका छन्। पानीका मुहान सुक्ने, बाढीपहिरो जाने जस्ता वातावरणलाई असर पार्ने कुरामा उनीहरूको ध्यान छैन,' स्थानीय तहका एक कर्मचारीले भने।

पञ्चदेवल विनायक नगरपालिकामा क्षति न्यूनीकरण अध्ययन नगरेरै जथाभावी खन्ने गरेको पाइएको प्रमुख प्रशासकीय अधिकृत पदम माझीले बताए। 'जंगल, बस्ती र पानीका मुहानै सक्ने गरी डोजर प्रयोग गरेको देखियो,' उनले भने, 'प्राविधिकको आकलनबिनै सडक खनिएका छन्। कतिपय ठाउँमा हामीले अध्ययन गरेकोभन्दा अर्कै ठाउँतिर सडक खन्ने काम भएको छ।' यसले बाढीपहिरो निम्त्याउने र दीर्घकालमा पनि ठूलो समस्या हुने उनको भनाइ छ।

जमिन चिरा पार्ने र सडक जथाभावी काट्ने अधिकार केन्द्रले लिएमा धेरै ठाउँमा जथाभावी सडक बनाउने प्रवृत्ति अन्त्य हुने माझीको बुझाइ छ। 'स्थानीय तहले सडक खन्ने जिम्मा लिनुभन्दा केन्द्रले योजना बनाउनुपर्छ। त्यसको अनुगमनको जिम्मा स्थानीय तहलाई दिनुपर्छ,' उनले भने।

मंगलसेन नगरपालिकाभित्र करिब ७२ किमि ग्रामीण सडक रहेको इन्जिनियर खम्म केसीले बताए। उनका अनुसार धेरैजसो सडक वर्षाबाहेकको समयमा सुचारु हुन्छन्। 'ग्रामीण सडकमा नाली छैनन्। नाली भएन भने वर्षामा सडकमा सवारीसाधन चल्न सक्दैन,' उनले भने, 'आगामी आर्थिक वर्षदेखि नगरका सबै ग्रामीण सडकमा नाली बनाउँछौं।'

विस्तृत प्राविधिक अध्ययनबिनै निर्माण भएपछि सदरमुकामबाट ग्रामीण भेगमा पुग्ने अधिकांश सडक कोही पहिरोले भत्किएर त कोही कच्ची बाटोमा हिलाम्मे भएर अवरुद्ध भएका हुन्।

हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २०२७/०८/१०
स्वर्गारोहणः वि.सं. २०७८/०२/२४

स्व. श्री अच्युत सेडाई

नमस्ते इन्फोटेकका प्रबन्ध निर्देशक एकराज सेडाईका दाजु अच्यूत सेडाईको मिति २०७८/०२/२४ गतेका दिन असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

नमस्ते इन्फोटेक प्रा.लि.
परिवार

हार्दिक समवेदना



जन्मः २०४१/०७/१५
स्वर्गारोहणः २०७८/०२/२४

स्व. अनिल थापा

काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं.-७ निवासी तथा यस **पूर्ण विनायक युवा क्लब**का बर्तमान अध्यक्ष **श्री अनिल थापा**को अल्यायुमै मिति २०७८/०२/२४ गते असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

पूर्ण विनायक युवा क्लब परिवार
कागेश्वरी मनोहरा न.पा.-७

Heartfelt Condolence

Late Mrs. Hari Maya Adhikari
Date of Demise: 2078/02/24

We are deeply grieved by the untimely demise of **Mrs. Hari Maya Adhikari,** beloved mother of our colleague Mr. Det Raj Adhikari.

We pray to god for the eternal peace of her departed soul & would like to extend our heartfelt condolence to the bereaved family for their irreplaceable loss.

MERCY CORPS
Mercy Corps Nepal Family

हार्दिक समवेदना

जन्मः २०२०/३/७ गते
स्वर्गारोहणः २०७८/२/२४ गते

स्व. मैना दोबे

यस कान्तिपुर पब्लिकेसन्सको प्रशासन विभागमा कार्यरत कर्मचारी राजकुमार दोबेकी ममतामयी माता **मैना दोबे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. परिवार

भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२८/०४/०१
स्वर्गारोहणः २०७८/०१/२२

स्व. विजया मिश्र भेटवाल

मेरी कान्छी छोरी **विजया मिश्र भेटवाल**को अकल्पनिय एवं असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस विपदको घडीमा हामीलाई सहयोग, सदभाव र समवेदना प्रकट गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

आमाः मन्जरी देवी मिश्र
पतिः वालकृष्ण भेटवाल

छोरा, छोरीः विभुषण राज भेटवाल, प्रज्ञा भेटवाल
जेठाज्यू/जेठानीः गणेश/गीता भेटवाल
देवर/देवरानीहरूः हरी/जानुका भेटवाल, गंगा/धनकुमारी भेटवाल, हेमप्रसाद/नम्रता भेटवाल
आमाज्यू/नन्दहरूः पवित्रा पन्त, नवंदा संग्रौला, रमा भेटवाल
भतिजा, भतिजीहरूः अमृत, अभिषेक, इच्छा, स्वेक्ष्या, श्रद्धा, स्वागत, दिव्य, सुप्रिया, ग्रिष्मा, गिरीष, भुवन, भावना, अमृत, आराधना, एन्जल, आयुष
दाजु/भाउजुः कितिंनाथ मिश्र, संगिता मिश्र
दिदी/भिनाजुः साधना मिश्र अधिकारी, सुक्ष्मा के सी, श्याम सुन्दर के सी

तथा समस्त भेटवाल परिवार

"I don't have all the brains I need, but I have the brain, which can collaborate with all I need" - Rajkumar Maharjan

हार्दिक भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०२६ कार्तिक ०२ गते
स्वर्गारोहणः २०७८ जेठ २५ गते

स्व. राजकुमार महर्जन

यस संस्थाका आदरणीय अध्यक्ष तथा वर्ल्ड काउन्सिल फर टोटल क्वालिटी एण्ड एक्सेलेन्स ईन एजुकेशन (WCTQEE) का डाईरेक्टर जनरल, केन्द्रीय प्याञ्सनका प्राज्ञिक सल्लाहकार एवं माउण्ट भ्यू इङ्गलिश बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल शिक्षासेवी **राजकुमार महर्जन**को मिति २०७८ साल जेठ २५ गते मंगलबारका दिन ५२ वर्षको अल्पायूमै भएको अत्यन्त अकल्पनीय, हृदयविदारक तथा असामयिक निधनले सिङ्गो क्वेष्ट नेपाल परिवार र देश तथा विदेशमा फैलिएको सम्पूर्ण एस्क्यूसी क्षेत्रलाई स्तब्ध बनाएको छ। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

संस्थाको अध्यक्ष एवं अन्य विभिन्न भूमिकामा रही एस्क्यूसीलाई नेपाल सरकारको पाठ्यक्रममा समाबेश गराउने, एस्क्यूसीको नेपाल मोडललाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने, सहजकर्ता तालिम तथा माष्टरल्याबलाई अन्तर्राष्ट्रियकरण गर्ने, विभिन्न तालिमका कार्यक्रमहरुसहित एस्क्यूसीको अभूतपूर्व विस्तार गर्ने लगायतका तपाईंका अतुलनीय योगदानहरु क्वेष्ट नेपालको इतिहास तथा एस्क्यूसीको क्षेत्रमा युगयुग कोषेढुङ्गाको रुपमा रहिरहनेछ।

QUEST-Nepal
क्वेष्ट नेपाल
तथा सम्पूर्ण एस्क्यूसी परिवार

हार्दिक श्रद्धाञ्जली

स्व. प्रो. ईन्द्रप्रसाद श्रेष्ठ
जन्मः १९९९।०३।२६
स्वर्गारोहणः २०७८।०१।२२

स्व. विमला श्रेष्ठ
जन्मः १९९९।०१।०९
स्वर्गारोहणः २०७८।०१।१३

यस गणेश टाकिज प्रा. लि. धरानका अध्यक्ष **श्री प्रो. इन्द्र प्रसाद श्रेष्ठ** र वहाँकी धर्मपत्नी **श्रीमती विमला श्रेष्ठ**को दुःखद असामयिक स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्यतिथीमा दिवंगत् आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै असामान्य अकल्पनीय यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने कामना सहित **हार्दिक समवेदना** प्रकट गर्दछौं।

गणेश टाकिज प्रा.लि. परिवार
धरान